महालेखापरीक्षकको
छैटौं वार्षिक प्रतिवेदन
२०८१

कर्णाली प्रदेश



महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

महालेखापरीक्षकको
छैटौं वार्षिक प्रतिवेदन
२०८१

कर्णाली प्रदेश



महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

महालेखापरीक्षकको
छैटौं वार्षिक प्रतिवेदन
२०८१

कर्णाली प्रदेश



महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)



जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)



राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता (Core Values)



निष्ठा	*(Integrity)*
स्वतन्त्रता	*(Independence)*
व्यावसायिकता	*(Professionalism)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*

नेपालका महालेखापरीक्षक

अनामनगर, काठमाडौं, नेपाल
पोष्ट बक्स नं: १३३२८

पत्र संख्या : २०८०।८१
च.नं. : १४६

मिति : २०८१।२।१३

विषय : वार्षिक प्रतिवेदन ।

माननीय प्रदेश प्रमुखज्यू,
प्रदेश प्रमुखको कार्यालय,
कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत ।

नेपालको संविधानको धारा २४१ बमोजिम कर्णाली प्रदेशको आर्थिक वर्ष २०७९।८० को लेखापरीक्षण सम्पन्न गरी धारा २९४ को उपधारा (३) बमोजिम वार्षिक प्रतिवेदन पेस गरेको छु ।

(तोयम राया)
महालेखापरीक्षक

फोन नम्बर: ५९१९१६३ फ्याक्स: ४२६८३०९ इमेल: oagnep@ntc.net.np/info@oag.gov.np वेब: www.oag.gov.np

विषय-सूची

परिच्छेद	शीर्षक	पृष्ठ
महालेखापरीक्षकको भनाइ		
लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति		
एकीकृत वित्तीय विवरण उपर लेखापरीक्षण प्रतिवेदन		
परिच्छेद १	**लेखापरीक्षण गरिएका निकायको विवरण.....**	१
परिच्छेद २	**लेखापरीक्षणबाट देखिएका बेरुजु स्थिति.....**	५
परिच्छेद ३	**लेखापरीक्षणबाट देखिएको समष्टिगत स्थिति.....**	९
	खण्ड-१: प्रदेश मन्त्रालय र निकाय	
	१. प्रदेश सभा सचिवालय	१५
	२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	१६
	३. आन्तरिक मामिला तथा कानुन मन्त्रलय.....	२२
	४. आर्थिक मामिला तथा योजना मन्त्रालय	२५
	५. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय	३२
	६. जलस्रोत तथा उर्जा विकास मन्त्रालय	३७
	७. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	४५
	८. भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय.....	४९
	९. सामाजिक विकास मन्त्रालय	५९
	१०. कर्णाली प्रदेश योजना आयोग	६९
	११. प्रदेश लोक सेवा आयोग	७२
	१२. मुख्य न्यायाधिवक्ताको कार्यालय	७३
	खण्ड-२: स्थानीय तह	७५
परिच्छेद ४	**लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन स्थिति.....**	८१
परिच्छेद ५	**भविष्यमा गर्नुपर्ने सुधार.....**	८३
	अनुसूचीहरू.....	८७

महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ र लेखापरीक्षण ऐन, २०७५ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय, पूर्ण स्वामित्व भएका संगठित संस्था वा निकायको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । नेपालको संविधानको धारा २९४(३) र लेखापरीक्षण ऐन, २०७५ को दफा १९(४) बमोजिम महालेखापरीक्षकले प्रदेश प्रमुख समक्ष वार्षिक प्रतिवेदन पेस गर्ने व्यवस्था रहेको छ । सोका अतिरिक्त लेखापरीक्षण मानदण्ड, मार्गदर्शन, निर्देशिका, वार्षिक लेखापरीक्षण योजना तथा असल अभ्याससमेतको आधारमा प्रदेश सरकारका निकायको आर्थिक वर्ष २०७९।८० र बक्यौता समेत विनियोजन, राजस्व, धरौटी, र अन्य कोषहरूको लेखापरीक्षण सम्पन्न गरी यो वार्षिक प्रतिवेदन तयार गरिएको छ । प्रदेश सरकारतर्फ यो छैटौं वार्षिक प्रतिवेदन हो । प्रतिवेदनमा लेखापरीक्षण गरिएका निकायको विवरण, लेखापरीक्षणबाट देखिएका बेरुजुको स्थिति, लेखापरीक्षणबाट देखिएका समष्टिगत स्थिति, लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन स्थिति र भविष्यमा गर्नु पर्ने सुधार समावेश गरिएको छ ।

यो वर्ष जोखिम सूचकका आधारमा विश्लेषण गरी सोको आधारमा निकायलाई उच्च र न्यून जोखिममा वर्गीकरण गरिएको छ । उच्च जोखिमयुक्त निकायको विस्तृतरुपमा स्थलगत र न्यून जोखिमयुक्त निकायको प्रमाणित वित्तीय प्रतिवेदन र आन्तरिक लेखापरीक्षण प्रतिवेदनका आधारमा लेखापरीक्षण गरिएको छ । नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (नाम्स) मार्फत लेखापरीक्षणका कार्यहरूको व्यवस्थापन गरिएको छ । लेखापरीक्षणको गुणस्तर कायम गर्न एवं प्रदेशगत रुपमा प्रतिबेदनमा एकरूपता कायम गर्ने प्रयास गरिएकोछ। लेखापरीक्षणको क्रममा लेखा उत्तरदायी अधिकृत लगायत सम्बद्ध पक्षसँग छलफल गरी प्राप्त राय, सल्लाह र सुझाव समेतलाई आधार लिई प्रतिवेदन तयार गरिएको छ ।

यो वर्ष प्रदेश सभा, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित प्रदेश सरकारका मन्त्रालय र मातहतका सरकारी कार्यालय, प्रदेश लोकसेवा आयोग, मुख्य न्यायाधिवक्ताको कार्यालय, कर्णाली प्रदेश योजना आयोगसमेत १५५ निकायको रू.३७ अर्ब ३३ करोड ६८ लाख ९७ हजारको लेखापरीक्षण सम्पन्न भई रू.९६ करोड ७७ लाख ५२ हजार बेरुजु कायम भएको छ । कुल लेखापरीक्षण अङ्कको तुलनामा बेरुजु २.५९ प्रतिशत रहेको छ । गत वर्ष लेखापरीक्षण अङ्कको ४.८५ प्रतिशत बेरुजु कायम भएको थियो । म्याद नाघेको पेश्कीलाई लगती बेरुजु कायम गरिएको छ ।

कानुनको पालना, स्रोत साधन प्राप्ति र परिचालन, सार्वजनिक निर्माण, सेवा प्रवाह, लेखापालन एवं वित्तीय प्रतिवेदन, खरिद तथा आयोजना व्यवस्थापन, जनशक्ति व्यवस्थापन, संगठनात्मक संरचना, जवाफदेहिता, पारदर्शिता र वित्तीय अनुशासन लगायतलाई लेखापरीक्षणको क्षेत्रमा समावेश गरिएको छ । आर्थिक कारोबार गर्दा कानुनको परिपालना नभएको, प्रदेशको आन्तरिक आय कम हुँदा सङ्घीय अनुदानमा निर्भर रहेको, चालु खर्चमा वर्षेनी वृद्धि हुँदै गएको, उत्पदनशिल क्षेत्रमा न्यून बजेट परिचालन भएको, आयोजना बैङ्क कार्यान्वयनमा ल्याई योजना छनौट नहुँदा टुक्रे आयोजनाहरूमा खर्च भईरहेको, जटिल प्रकृतिका तथा प्राविधिक ज्ञान र सीप आवश्यक पर्ने कामहरूसमेत उपभोक्ता समितिबाट गराएको, तीन तहबीच समन्वय नहुँदा सोही प्रकृतिका कार्यहरू सबै तहबाट भईरहेको, सङ्गठन संरचना फेरबदल हुँदा जिम्मेवारी र जवाफदेहिता यकिन गर्न नसकेको अवस्था छ । आवश्यक जनशक्ति व्यवस्थापन गरी सेवा प्रवाहलाई सूचना प्रविधिसँग आवद्ध गर्न नसक्दा सेवा प्रवाह नागरिकमैत्री, छिटो छरितो र चुस्त दुरुस्त हुन नसकेको, आवश्यकताको पहिचान बेगर मालसामान खरिद भएको तर उपयोग हुन नसकेको देखिन्छ ।

लेखापरीक्षणबाट औल्याइएका व्यहोराहरू कार्यान्वयन गर्नु लेखा उत्तरदायी अधिकृत र सम्बन्धित निकाय प्रमुखको जिम्मेवारी हो । कार्यान्वयन पक्ष कमजोर हुँदा सोही प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेका छन्। विगतका वार्षिक प्रतिवेदनहरू कर्णाली प्रदेश सभा अन्तर्गत सार्वजनिक लेखा समितिमा छलफल पश्चात लेखा उत्तरदायी अधिकृतहरूबाट रू.१ अर्ब ११ करोड ४ लाख ९४ हजार सम्परीक्षण अनुरोध भई लगत कट्टा भएपनि प्रदेश लेखा समितिले दिएको अन्य निर्देशन कार्यान्वयन हुन बाँकी रहेको छ । लेखापरीक्षण प्रतिवेदन कार्यान्यवयन गरी वित्तीय अनुशासन कायम गर्न सबै पक्षबीच कार्यगत समन्वय र सहकार्य हुन जरुरी देखिन्छ । यस प्रतिवेदनको कार्यान्वयनबाट सार्वजनिक सदाचारिता, पारदर्शिता र जवाफदेहिताको प्रवर्द्धनमा सहयोग पुग्ने विश्वास लिएको छु ।

अन्त्यमा, लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा अमूल्य सुझाव दिई सहयोग गर्नुहुने माननीय प्रदेश प्रमुखज्यू, माननीय मुख्यमन्त्रीज्यू तथा मन्त्रीज्यूहरू, प्रदेश सभाका माननीय सभामुखज्यू तथा उपसभामुखज्यू, प्रदेश सभाका माननीय सदस्यज्यूहरू, पदाधिकारीहरू, कर्मचारीहरू, नागरिक समाजका प्रतिनिधिहरू र सञ्चारकर्मीहरूप्रति आभारी छु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको उच्च मूल्याङ्कन गर्दै धन्यवाद व्यक्त गर्दछु ।

(तोयम राया)
महालेखापरीक्षक

लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्दति

१. **संवैधानिक तथा कानुनी व्यवस्था -** नेपालको संविधानको धारा २४१ बमोजिम प्रदेश सभा, प्रदेश सरकार र प्रदेश सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । कर्णाली प्रदेश, प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३३ मा प्रत्येक कार्यालयले सबै प्रकारका आय-व्यय तथा कारोबारको तोकिए बमोजिमको लेखा र नेपाल लेखामान अनुसार वित्तीय विवरण पेस गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ ।

२. **उद्देश्य -** सार्वजनिक स्रोतको प्राप्ति र उपयोग तथा सार्वजनिक सेवा प्रवाहको सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा लेखापरीक्षण गरी उचित निष्कर्ष र सुझाव प्रदान गर्न तथा वित्तीय प्रतिवेदनउपर राय प्रदान गर्नु लेखापरीक्षणको प्रमुख उद्देश्य रहेको थियो। देहायका विषयहरू सुनिश्चित गर्नु लेखापरीक्षणको अन्य उद्देश्यहरू रहेका छन्:

- आर्थिक विवरण तोकिएको ढाँचामा तयार गरी यथार्थ स्थिति चित्रण गरेको,
- सञ्चित कोष तथा अन्य सरकारी कोषको हिसाब यथार्थपरक रहेको,
- प्रदेश विनियोजन ऐनबमोजिम स्वीकृत सीमाभित्र रही तोकेको कार्य र प्रयोजनमा खर्च गरेको,
- राजस्वलगायत समस्त आम्दानी र धरौटी असुली एवं दाखिला गरेको,
- सरकारी सम्पत्तिको व्यवस्थापन एवं स्रोतको हानिनोक्सानी र दुरुपयोग हुन नपाउने गरी आन्तरिक नियन्त्रण व्यवस्था गरेको र सोको कार्यान्वयन भएको,
- आर्थिक कारोबार गर्दा प्रचलित कानुनको परिपालना गरेको एवं पुष्टयाई प्रमाण यथेष्ठ राखेको,
- स्वीकृत कार्यक्रमअनुसार निर्धारित समयभित्र लक्ष्य र उपलब्धि हासिल गरेको,
- सार्वजनिक निकायले तोकिएबमोजिम विकास निर्माण र सेवा प्रवाह गरेको,
- आर्थिक कारोवार गर्दा मितव्ययिता, कार्यदक्षता र प्रभावकारितामा पर्याप्त ध्यान दिएको,
- सार्वजनिक निकायले जवाफदेहिता वहन गरेको,

३. **क्षेत्र -** यो वर्ष कर्णाली प्रदेश सभा, संवैधानिक अङ्ग, प्रदेश मन्त्रालय, प्रदेश कार्यालय र समिति तथा अन्य संस्थासमेत १५५ निकायको २०७९।८० को आर्थिक कारोबार र सोको प्रतिवेदन एवं सम्बन्धित कागजातसमेतलाई लेखापरीक्षण क्षेत्रमा समेटिएको छ । लेखापरीक्षणको क्रममा कानुनको परिपालना, विकास निर्माण, सेवा प्रवाहको स्थिति, सार्वजनिक जवाफदेहिता र सुशासनसँग सम्बन्धित विभिन्न पक्षको परीक्षण तथा मूल्याङ्कनलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ ।

४. **पद्धति -** लेखापरीक्षण ऐन, २०७५ मा उल्लेखित व्यवस्था, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय तथा अन्य सान्दर्भिक लेखापरीक्षण निर्देशिका, मार्गदर्शन र असल अभ्यासको अनुसरण गरी लेखापरीक्षण गरिएको छ । समग्र लेखापरीक्षण गर्नुपर्ने निकायहरूलाई जोखिम मूल्याङ्कनको आधारमा न्यून र उच्च जोखिमयुक्त निकायमा वर्गीकरण गरी उच्च जोखिमयुक्त १२१ निकायको विस्तृत लेखापरीक्षण र न्यून जोखिमयुक्त ३४ निकायको दूर लेखापरीक्षण कार्यविधिबाट लेखापरीक्षण गरीएको

छ । न्यून जोखिमयुक्त निकायको आन्तरिक नियन्त्रण मूल्याङ्कन प्रणाली, आन्तरिक लेखापरीक्षण प्रतिवेदनसमेतका आधारमा संक्षिप्त पद्धतिबाट सम्पन्न गरिएको छ । लेखापरीक्षणलाई सहजीकरणका लागि विद्युतीय प्रणालीमा आधारित नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणालीसमेतको प्रयोग गरी लेखापरीक्षण गरिएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराउपर निकायका प्रमुखसँग छलफल गरेपश्चात् लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी गरिएको र प्राप्त जवाफ/प्रतिक्रियासमेतलाई आधार मानी यो प्रतिवेदन तयार गरिएको छ । लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्न उच्च तहबाट सुपरीवेक्षण, स्थलगत निरीक्षण, प्रतिवेदनको पुनरावलोकन र छनोट भएका फाइलको गुणस्तर पुनरावलोकनसमेत गर्ने गरिएको छ ।

५. **वार्षिक प्रतिवेदन -** महालेखापरीक्षकले प्रत्येक प्रदेशमा आफूले गरेको कामको अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेस गर्नसक्ने नेपालको संविधानको धारा २९४ को उपधारा (३) को व्यवस्था अनुसार यो प्रतिवेदन तयार गरिएको छ । यस प्रतिवेदनमा ५ परिच्छेद तथा १५ अनुसूची रहेका छन् । परिच्छेद १ मा लेखापरीक्षण गरिएका निकायको विवरण, परिच्छेद २ मा लेखापरीक्षणबाट देखिएका बेरुजुको स्थिति, परिच्छेद ३ मा लेखापरीक्षणबाट देखिएको समष्टिगत स्थिति, परिच्छेद ४ मा लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन स्थिति र परिच्छेद ५ मा भविष्यमा गर्नुपर्ने सुधार उल्लेख गरिएको छ ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल/अनामनगर, काठमाण्डौं, नेपाल
Babarmahal / Anamnagar, Kathmandu, Nepal
(आर्थिक तथा सामाजिक क्षेत्र लेखापरीक्षण विभाग)

पत्र संख्या: २०८०।८१
चलानी नं. 66८

मिति: २०८१।२।७

श्री सचिव,
आर्थिक मामिला तथा योजना मन्त्रालय,
कर्णाली प्रदेश, सुर्खेत ।

विषय: एकीकृत वित्तीय विवरण उपर लेखापरीक्षण प्रतिवेदन ।

१. **कैफियतसहितको राय** - हामीले कर्णाली प्रदेश सञ्चित कोषको आर्थिक वर्ष २०७९।८० को प्राप्ति भुक्तानीको एकीकृत आर्थिक विवरण, मन्त्रालयगत बजेट तथा खर्च विवरण र त्यससँग सम्बन्धित लेखा नीति तथा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं । हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असरबाहेक, पेस भएका २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९।८० को प्राप्ति भुक्तानीको एकीकृत आर्थिक विवरण, मन्त्रालयगत बजेट तथा खर्च विवरण र त्यससँग सम्बन्धित लेखा नीति तथा टिप्पणीहरू समावेश भएको आर्थिक विवरणले आर्थिक कार्यविधि र वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुन बमोजिम सारभूतरुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

२. **कैफियतसहितको राय व्यक्त गर्ने आधार -**

२.१. कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २५(१) मा प्रदेश लेखा नियन्त्रक कार्यालयले तोकिएको अवधिभित्र प्रदेश सञ्चित कोषको अतिरिक्त विनियोजन, राजस्व, धरौटी, वैदेशिक अनुदान र ऋण सहायता तथा लगानीसमेत समावेश गरी लेखा र आर्थिक वर्षको एकीकृत वित्तीय विवरण तयार गरी सम्बन्धित निकाय तथा महालेखा परीक्षकको कार्यालयमा बुझाउनुपर्ने व्यवस्था छ । प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्रदेशको एकीकृत आर्थिक विवरण २०८० मङ्सिरमा पेस गरेतापनि नेपाल सार्वजनिक क्षेत्र लेखामानमा आधारित वित्तीय विवरण तयार गरेको छैन ।

२.२. प्रदेश सरकारका मन्त्रालय र मातहतको लेखापरीक्षणबाट रू.८६ करोड ७ लाख ८३ हजार बेरुजु देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रू.१८ करोड २६ लाख ६१ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१८ करोड २४ लाख ८ हजार, नियमित गर्नुपर्ने रू.२३ करोड ८६ लाख ८७ हजार र पेश्की बाँकी रू.२५ करोड ७० लाख २७ हजार रहेको छ । यसैगरी अन्य संस्था एवं समितितर्फ रू.१० करोड ६९ लाख ६९ हजार बेरुजु देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रू.८८ लाख ९२ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.२ करोड ३२ लाख ३१ हजार र नियमित गर्नुपर्ने रू.६ करोड ५६ लाख ६० हजार र पेश्की बाँकी रू.९१ लाख ८६ हजार रहेको छ ।

२.३. प्रदेश सरकारले स्थिर सम्पत्तिको अवस्था खुलासा गरेको छैन । सम्पत्तिको विस्तृत विवरण खुलासा नगरेको कारण मूल्याङ्कन गर्न सक्ने अवस्था रहेन ।

२.४. प्रदेश सरकारको स्रोतवाट वित्तीय हस्तान्तरणमार्फत समानीकरण अनुदान, सशर्त अनुदान, विशेष अनुदान र समपुरक अनुदान ७९ स्थानीय तहलाई रू.४ अर्व ३२ करोड ११ लाख ३५ हजार निकासा गरेको छ । उक्त रकममध्ये प्रदेश लेखा नियन्त्रक कार्यालयले २०८० आषाढ मसान्तसम्मको स्थानीयतहवाट खर्च नभई वाँकी रकमको अभिलेख राखेको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्वन्धित अन्य प्रचलित कानुनवमोजिम गरिएको छ । सञ्चित कोषको आर्थिक विवरण तयार गर्ने प्रदेश लेखा नियन्त्रकको कार्यालयसँग हामी स्वतन्त्र छौं । त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं ।

३. **अन्य व्यहोरा** - ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, वजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरणउपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी** - नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) वमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटीका कारणवाट वित्तीय विवरण सारभूतरुपमा गलत आँकडारहित स्वरुपमा वन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी प्रदेश सरकार र मातहतका जिम्मेवार व्यक्तिमा रहेको छ । प्रदेश मन्त्रालयका लेखाउत्तरदायी अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी** - वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूतरुपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यार्थोचित आश्वस्ततालेे उच्चस्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्वन्धित अन्य प्रचलित कानुनवमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामासमेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सवै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्तालेे सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटि एक वा समग्र सूचनालाई सारभूतरुपमा गलत आँकडा मानिएको छ ।

.....
वैकुण्ठ बहादुर अधिकारी
उप-महालेखापरीक्षक

परिच्छेद

९



लेखापरीक्षण गरिएका निकायको विवरण

परिच्छेद - १

लेखापरीक्षण गरिएका निकायको विवरण

१. समष्टिगत लेखापरीक्षण

क्र.सं.	लेखापरीक्षण गरिएका निकाय	संख्या	रकम (रू. हजारमा)
१.	प्रदेश मन्त्रालय तथा निकाय	१४३	३०७३८२११
२.	समिति र अन्य संस्था	१२	६५९८६८६
	जम्मा	**१५५**	**३७३३६८९७**

यो वर्ष प्रदेश मन्त्रालय र मातहतका १४३ निकायको रू.३० अर्ब ७३ करोड ८२ लाख ११ हजार र समिति तथा अन्य संस्थातर्फ १२ निकायको रू.६ अर्ब ५९ करोड ८६ लाख ८६ हजारसमेत १५५ निकायको रू.३७ अर्ब ३३ करोड ६८ लाख ९७ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षण गरिएका कार्यालयहरूको विवरण अनुसूची-१, १क, २ र ३ मा उल्लेख छ।

१.१. **प्रदेश मन्त्रालय तथा निकाय** - यो वर्ष १४३ सरकारी निकायको विनियोजन, राजस्व, धरौटी र अन्यतर्फ निम्नानुसार लेखापरीक्षण सम्पन्न गरिएको छ ।

क्र.सं.	कारोबार	लेखापरीक्षण सम्पन्न (रकम रू. हजारमा)
१.	विनियोजन खर्च	२२२६६८७३
२.	राजस्व	७०९०३८९
३.	धरौटी	११३७४६०
४.	अन्य	२४३४८९
जम्माः		**३०७३८२११**

लेखापरीक्षण सम्पन्न निकाय र लेखापरीक्षण रकमको विवरण **अनुसूची-२** मा उल्लेख छ ।

१.२. **समिति तथा अन्य संस्था** - यो वर्ष १२ समिति र अन्य संस्थाको रू.६ अर्ब ५९ करोड ८६ लाख ८६ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सोको विस्तृत विवरण **अनुसूची-३ र ४** मा समावेश छ । लेखापरीक्षणबाट देखिएका समष्टिगत स्थिति **परिच्छेद-३** को मन्त्रालय तथा निकायगत व्यहोरामा समावेश छ।

२. सरकारी बजेट विनियोजन, खर्च र राजस्व

२.१. **शीर्षकगत खर्च** - प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार २०७७।७८ र २०७८।७९ को यथार्थ खर्च तथा २०७९।८० को बजेट अनुमान र यथार्थ खर्च निम्नानुसार छः

(रकम रू. हजारमा)

क्र.सं.	शीर्षक /क्षेत्र	२०७७।७८ को यथार्थ खर्च	२०७८।७९ को यथार्थ खर्च	२०७९।८० को		
				बजेट अनुमान	यथार्थ खर्च	प्रतिशत
१.	चालु (वित्तीय हस्तान्तरण समेत)	८४७६७०८	९०९३६६६	१३१८५६३९	९४९०३२६	७१.९७
२.	पुँजीगत	१४२७५२७२	१५१८८२०४	१९४३०५२४	१२७७६५४७	६५.७५
	जम्मा	२२७५१९८०	२४२८१८७०	३२६१६१६३	**२२२६६८७३**	**६८.२६**

द्रष्टव्यः उल्लेखित रकममा वैदेशिक सहायता अन्तर्गत सोझै भुक्तानीतर्फको रू.९० लाखसमेत समावेश छ।

२.२. **निकायगत खर्च -** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार यो वर्षको कुल (चालु र पुँजीगत) खर्च गर्ने प्रदेश सरकारका मन्त्रालय तथा निकायको खर्च विवरण निम्नानुसार छः

(रकम रू. हजारमा)

क्र.सं.	निकाय	बजेट			यथार्थ खर्च		जम्मा खर्च	खर्च प्रतिशत
		चालु	पुँजीगत	जम्मा	चालु	पुँजीगत		
१	भौतिक पूर्वाधार विकास मन्त्रालय	२५३२८३	१०८७५६००	१११२८८८३	१७८४३१	५९५१९७२	६१३०४०३	२७.५३
२	सामाजिक विकास मन्त्रालय	३३५९२६६	२७७४९६१	६१३४२२७	२३१३०१५	२०८३७५३	४३९६७६८	१९.७५
३	जलस्रोत तथा उर्जा विकास मन्त्रालय	२५२३७७	३७९५४९५	४०४७८७२	१५३७६८	३२३७११८	३३९०८८६	१५.२३
४	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	१६७४५०६	७३९५८५	२४१४०९१	१११७५४७	५७७५०५	१६९५०५२	७.६१
५	उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय	९३२०४९	१२५५६४०	२१८७६८९	६३०३६८	७९०३६५	१४२०७३३	६.३८
६	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	५०५८६२	१६७७३७	६७३५९९	२४४८०८	६१७४१	३०६५४९	१.३८
७	आन्तरिक मामिला तथा कानुन मन्त्रालय	२५७४८३	४४४१०	३०१८९३	१५६९९३	२४८२९	१८१८२२	०.८२
८	आर्थिक मामिला तथा योजना मन्त्रालय	१६११०६	५६९८५	२१८०९१	१११५८२	२३९३१	१४३५१३	०.६४
९	प्रदेश व्यवस्थापिका	१४०२१४	३१७६५	१७१९७९	८९०९३	१२९८५	१०२०७८	०.४६
१०	प्रदेश लोक सेवा आयोग	१०१६४८	१३८००	११५४४८	७४१०८	९४६९	८३५७७	०.३८
११	कर्णाली प्रदेश योजना आयोग	३२६०५	६९५	३३३००	१७५६६	६१९	१८१८५	०.०८
१२	मुख्य न्यायाधिवक्ताको कार्यालय	१६३३६	२३००	१८६३६	१३५६२	२२६०	१५८२२	०.०७
मन्त्रालयगत जम्मा		**७६८६७३५**	**१९७५८९७३**	**२७४४५७०८**	**५१०८८४१**	**१२७७६५४७**	**१७८८५३८८**	**८०.३२**
१३	अर्थ वित्तीय व्यवस्था	२५००००		२५००००	६०३५०		६०३५०	०.२७
१४	अर्थ विविध	२३७८५३	१०४६४९	३४२५०२	०	०	०	०
१५	स्थानीय तह वित्त हस्तान्तरण	४९३३७२९		४९३३७२९	४३२११३५	०	४३२११३५	१९.४१
अन्य जम्मा		**५४२१५८२**	**१०४६४९**	**५५२६२३१**	**४३८१४८५**	**०**	**४३८१४८५**	**१९.६८**
कुल जम्मा		**१३१०८३१७**	**१९८६३६२२**	**३२९७१९३९**	**९४९०३२६**	**१२७७६५४७**	**२२२६६८७३**	**१००**

प्रदेश सरकारले चालूतर्फ रू.१३ अर्ब १० करोड ८३ लाख १७ हजार र पुँजीगततर्फ रू.१९ अर्ब ८६ करोड ३६ लाख २२ हजारसमेत रू.३२ अर्ब ९७ करोड १९ लाख ३९ हजार बजेट विनियोजन गरेकोमा चालुतर्फ रू.९ अर्ब ४९ करोड ३ लाख २६ हजार र पुँजीगततर्फ रू.१२ अर्ब ७७ करोड ६५ लाख ४७ हजारसमेत रू.२२ अर्ब २६ करोड ६८ लाख ७३ हजार अर्थात् विनियोजित बजेटको ६७.५३ प्रतिशत खर्च गरेको छ । कुल खर्चमा अर्थ वित्तीय व्यवस्था र स्थानीय तह वित्त हस्तान्तरण समेत समावेश रहेको छ । कुल खर्चमध्ये भौतिक पूर्वाधार मन्त्रालयले सबैभन्दा बढी अर्थात् २७.५३ प्रतिशत र मुख्य न्यायाधिवक्ताको कार्यालयले सबैभन्दा घटी अर्थात ०.०७ प्रतिशत खर्च गरेको छ ।

२.३. **स्रोतगत खर्च** - प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार प्रदेश सरकारको २०७७।७८ र २०७८।७९ को यथार्थ खर्च तथा २०७९।८० को अनुमान र यथार्थ खर्चको स्रोतगत विवरण निम्नानुसार छः

(रकम रू. हजारमा)

स्रोत	२०७७।७८ को यथार्थ खर्च	२०७८।७९ को यथार्थ खर्च	२०७९।८० को		गत वर्षको तुलनामा वृद्धि प्रतिशत
			अनुमान	यथार्थ खर्च	
सङ्घीय सरकार तर्फ	**९९६३४७४**	**१०११२७८१**	**१८६५८८७४**	**११७२३९८६**	**१५.९३**
समानीकरण अनुदान	५९२९०८०	५५५०६२५	१०८४४१९९	७५९२६९१	३६.७८
सशर्त(वैदेशिक समेत)	३७४०२२९	४०३१२२८	५९३१६७५	३४०२२३७	-१५.६०
समपूरक अनुदान	९७७५१	१५५४१६	१२१५०००	३२५९६५	१०९.७४
विशेष अनुदान	१९६४१४	३७५५१२	६६८०००	४०३०९३	७.३४
प्रदेश सरकारतर्फ	**१२७८८५०६**	**१४१६९०८८**	**१४२९२०६५**	**१०५३३८८७**	**-२५.९६**
जम्मा	**२२७५१९८०**	**२४२८१८६९**	**३२९५०९३९**	**२२२५७८७३**	**-८.३३**

यो वर्षको कुल खर्चमध्ये सङ्घीय सरकारबाट हस्तान्तरण भई आएको अनुदान ५२.६७ प्रतिशत र प्रदेश सरकारको स्रोत ४७.३३ प्रतिशत रहेको छ ।

२.४. **राजस्व असुली** - प्रदेश लेखा नियन्त्रक कार्याललयबाट प्राप्त विवरण अनुसार २०७७।७८ र २०७८।७९ को यथार्थ असुली तथा २०७९।८० को अनुमान र यथार्थ असुलीको अवस्था निम्नाअनुसार छ । यो वर्षको राजस्व असुली विवरण **अनुसूची-८** मा छ ।

(रकम रू. हजारमा)

क्र.सं.	स्रोत	२०७७।७८ को यथार्थ असुली	२०७८।७९ को यथार्थ असुली	२०७९।८० को		प्रतिशत
				अनुमान	प्राप्ति	
१	कर राजस्व	६२७१३४७	७९७४६१६	९१५०३२९	६७४१४५९	७३.६७
२	अन्य राजस्व	६३९४९२	६६०८२०	५१२१०५	३४८९३१	६८.१३
	जम्मा	**६९१०८३९**	**८६३५४३६**	**९६६२४३४**	**७०९०३९०**	**७३.३८**

गत वर्षको तुलनामा यो वर्ष राजस्व असुली १७.८९ प्रतिशतले घटेको देखिन्छ । आर्थिक वर्ष २०७९।८० को राजस्व असुलीमा गत वर्षको नगद मौज्दात रू.८ अर्ब ६० करोड २६ लाख ८२ हजार र सङ्घीय सरकारबाट प्राप्त अनुदान रू.१३ अर्ब ५२ करोड १ लाख ६८ हजारसमेत रू.२२ अर्ब १२ करोड २८ लाख ५० हजार समावेश छैन ।

३. **वित्तीय हस्तान्तरण** - प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार यो वर्ष प्रदेश सञ्चित कोषबाट स्थानीय तहमा गरेको वित्तीय हस्तान्तरणको विवरण निम्नानुसार छ ।

(रकम रू. हजारमा)

क्र.सं.	स्रोत	वार्षिक बजेट	हस्तान्तरण	प्रतिशत
१	समानीकरण अनुदान	८०००००	७९४४९६	९९.३१
२	शसर्त अनुदान	३३१६६५५	३०४६२११	९१.८५
३	विषेश अनुदान	३०५०३२	२३६८२८	७७.६४
४	समपूरक अनुदान	५१२०४२	२४३६००	४७.५७
	जम्माः	**४९३३७२९**	**४३२११३५**	**८७.५८**

प्रदेश सरकारले वित्तीय हस्तान्तरणमार्फत् यो वर्ष ७९ स्थानीय तहमा रू.४ अर्ब ३२ करोड ११ लाख ३५ हजार उपलव्ध गराएको छ । अनुदानमध्ये वर्षान्तमा खर्च नभई बाँकी रहेको (समानीकरणबाहेक) अनुदान प्रदेश सञ्चित कोषमा फिर्ता गराउने कार्य बाँकी रहेको छ ।

४. **अन्तर सरकारी अख्तियारी** - विनियोजन ऐन, २०७९ को दफा ५ मा प्रदेशको बजेट तथा कार्यक्रममा समावेश भएको पुँजीगततर्फको कुनै योजना तथा कार्यक्रम प्रदेशले नेपाल सरकारको सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन गराउन आवश्यक ठानेमा नेपाल सरकारको सम्बन्धित मन्त्रालय र नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृती लिई त्यस्तो योजना वा कार्यक्रम नेपाल सरकारको सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन गर्न सक्ने व्यवस्था छ । प्रदेश सरकारको नीति कार्यक्रम र बजेटको उद्देश्य परिपूर्तिका लागि प्रदेश कानुनबमोजिम विकास निर्माण र सेवा प्रवाहका कार्य गर्नुपर्नेमा प्रदेशले सङ्घीय सरकारका २० कार्यालयलाई रू.३४ करोड १२ लाख १४ हजार बजेट उपलब्ध गराएको छ । यसको विवरण **अनुसूची-१२** मा समावेश छ ।

परिच्छेद

२



लेखापरीक्षणबाट देखिएका बेरुजु स्थिति

परिच्छेद-२

लेखापरीक्षणबाट देखिएका बेरुजु स्थिति

१. **बेरुजु** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २(त) र प्रदेशको यससम्बन्धी कानुनमा, प्रचलित कानुनबमोजिम पुऱ्याउनुपर्ने रीत नपुऱ्याई कारोबार गरेको, राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औँल्याएको वा ठहऱ्याएको कारोबारलाई बेरुजुको रुपमा परिभाषित गरेको छ ।

यसरी बेरुजुलाई असुल गर्नुपर्ने, नियमित गर्नुपर्ने र पेश्की गरी ३ वर्गमा वर्गीकरण गरेको छ। बेरुजु वर्गीकरण गर्दा असुल गर्नुपर्ने बेरुजुमा हिनामिना र मस्यौट, हानि नोक्सानी र अन्य असुल गर्नुपर्ने बेरुजु समावेश गरेको छ । नियमित गर्नुपर्ने बेरुजुलाई अनियमित भएको, प्रमाण कागजात पेस नभएको, जिम्मेवारी नसारेको र सोधभर्ना नलिएको गरी ४ समुहमा वर्गीकरण गरेको छ । पेश्कीलाई कर्मचारी, मोविलाईजेसन र अन्य पेश्कीमा वर्गीकरण गरिएको छ ।

प्रदेशको सरकारी कार्यालय र समिति तथा अन्य संस्थाको यो वर्ष (२०७९।८०) फर्स्यौट गर्नुपर्ने बेरुजु निम्नानुसार रू.९६ करोड ७७ लाख ५२ हजार रहेको छ ।

(रकम रू. हजारमा)

वर्गीकरण	सरकारी कार्यालय	समिति र अन्य संस्था	जम्मा	कुल बेरुजुको प्रतिशत
जम्मा बेरुजु	**८६०७८३**	**१०६९६९**	**९६७७५२**	**१००.००**
१. असुल गर्नुपर्ने	**१८२६६१**	**८८९२**	**१९१५५३**	**१९.७९**
२. नियमित गर्नुपर्ने	**४२१०९५**	**८८८९१**	**५०९९८६**	**५२.७**
• अनियमित भएको	२३८६८७	६५६६०	३०४३४७	३१.४५
• प्रमाण कागजात पेस नभएको	१८२४०८	२३२३१	२०५६३९	२१.२५
३. पेश्की	**२५७०२७**	**९१८६**	**२६६२१३**	**२७.५१**

द्रष्टव्य: उल्लेखित पेश्की अङ्कमा म्याद ननाघेको पेश्की समावेश छैन ।

बेरुजु वर्गीकरणको विवरण **अनुसूची-९ र १०** मा उल्लेख छ ।

२. **लेखापरीक्षण अङ्कमा बेरुजु** - यो वर्ष प्रदेश मन्त्रालय र समिति तथा अन्य संस्थासमेत १५५ निकायको रू.३७ अर्ब ३३ करोड ६८ लाख ९७ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । जसमा रू.९६ करोड ७७ लाख ५२ हजार बेरुजु कायम भएको छ, जुन लेखापरीक्षण अङ्कको २.५९ प्रतिशत हुन आउछ ।

(रकम रू. हजारमा)

क्र.सं.	लेखापरीक्षण गरिएका निकाय	संख्या	लेखापरीक्षण अङ्क	बेरुजु अङ्क	बेरुजु प्रतिशत
१.	प्रदेश मन्त्रालय तथा निकाय	१४३	३०७३८२११	८६०७८३	२.८०
२.	समिति र अन्य संस्था	१२	६५९८६८६	१०६९६९	१.६२
	जम्मा	**१५५**	**३७३३६८९७**	**९६७७५२**	**२.५९**

३. **हालसम्मको बाँकी बेरुजु** - प्रदेश सरकारी कार्यालय र समिति तथा अन्य संस्थातर्फ गत वर्षसम्मको रू.४ अर्ब ३४ करोड १५ लाख ८५ हजारमध्ये रू.१ अर्ब ३७ करोड ९० लाख ४९ हजार सम्परीक्षणबाट लगत कट्टा हुँदा रू.१ करोड ७९ लाख ६६ हजार बेरुजु थप भई रू.२ अर्ब ९८ करोड ५ लाख २ हजार र यो वर्षको रू.९६ करोड ७७ लाख ५२ हजार समेत अद्यावधिक बेरुजु रू.३ अर्ब ९४ करोड ८२ लाख ५४ हजार रहेको छ । यस सम्बन्धी विवरण **अनुसूची-११** मा रहेको छ ।

(रकम रू. हजारमा)

क्र.सं.	विवरण	विगतको बेरुजु	फर्स्यौट तथा सम्परीक्षण	सम्परीक्षणबाट थप	विगतको खुद बाँकी	चालु वर्षको थप बेरुजु	अद्यावधिक बाँकी बेरुजु
१	प्रदेश सरकारी कार्यालय	३९३११११३	१३७६९११	१७९६६	२५७२१६८	८६०७८३	३४३२९५१
२	अन्य संस्था तथा समिति	४१०४७२	२१३८	०	४०८३३४	१०६९६९	५१५३०३
	जम्मा	**४३४१५८५**	**१३७९०४९**	**१७९६६**	**२९८०५०२**	**९६७७५२**	**३९४८२५४**

४. **बेरुजु विश्लेषण** - प्रदेश सरकारी कार्यालय र समिति तथा अन्य संस्थाको बेरुजुको अवस्था निम्नानुसार रहेको छः

४.१ प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३७ मा लेखापरीक्षणबाट औंल्याएको बेरुजु प्रमाण पेस गरी वा नियमित गरी गराई वा असुलउपर गरी फर्स्यौट गर्ने दायित्व कार्यालय प्रमुख र आर्थिक प्रशासन प्रमुखको हुने व्यवस्था छ । सोही ऐनको दफा ३५ मा औंल्याएको बेरुजुको ३५ दिन वा म्याद थप भएकोमा सो म्यादभित्र फर्स्यौट गर्ने र फर्स्यौट नगरेमा प्रदेशका लेखाउत्तरदायी अधिकृत र विभागीय मन्त्री वा राज्यमन्त्रीलाई जानकारी दिने उल्लेख छ । सोही व्यवस्था बमोजिमको प्रक्रिया पूरा गरी २०७९।८० को बेरुजु रू.९६ करोड ७७ लाख ५२ हजार फर्स्यौट नभएकाले जवाफदेहिता र जिम्मेवारीको पूर्ण परिपालना भएको छैन । तसर्थ सो अवधिमा कार्यरत लेखाउत्तरदायी अधिकृतहरूको नामावली र बेरुजु रकम **अनुसूची -१५** मा समावेश गरिएको छ ।

४.२ सरकारी कार्यालय र अन्य संस्था तथा समितितर्फ यो वर्ष रकमगत आधारमा बढी बेरुजु हुने निकाय निम्नानुसार छन्:

(रकम रू. हजारमा)

क्र. स.	मन्त्रालय	लेखापरीक्षण अङ्क	बेरुजु अङ्क				कुल बेरुजुको प्रतिशत	ले.प.अङ्कको तुलनामा बेरुजु प्रतिशत
			असूल गर्नुपर्ने	नियमित गर्नुपर्ने	पेश्की बाँकी	जम्मा		
१	भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय	६९२०२९१	९३११६	२९४३३७	२२२१७५	६०९६२८	६३	८.८१
२	उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय	१६६७४४३	५३८५४	२८१६८	२५२२८	१०७२५०	११.०८	६.४३
३	आन्तरिक मामिला तथा कानुन मन्त्रालय	२७९५०८	०	१७१४५	०	१७१४५	१.७७	६.१३
४	जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय	३८२९४२६	२७४९४	५३३४०	०	८०८३४	८.३५	२.११
५	मुख्य न्यायाधिवक्ताको कार्यालय	१६०४३	०	२२५	०	२२५	०.०२	१.४
६	अन्य	२४६२४१८६	१७०८९	११६७७१	१८८१०	१५२६७०	१५.७८	०.६२
	जम्मा	**३७३३६८९७**	**१९१५५३**	**५०९९८६**	**२६६२१३**	**९६७७५२**	**१००**	**२.५९**

सरकारी कार्यालयतर्फ भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालयमा बढी बेरुजु रहेको छ।

४.३ यो वर्ष १४३ प्रदेश कार्यालय र १२ अन्य संस्था तथा समितिको लेखापरीक्षण गरेकोमा १२ कार्यालय (८.३९ प्रतिशत) मा बेरुजु देखिएन ।

४.४ यो वर्ष प्रदेश मातहतका सरकारी कार्यालय १४३ को लेखापरीक्षण गरेकोमा ६३ कार्यालयमा लगती बेरुजु देखिएको छैन । समिति तथा अन्य संस्था १ मा लगती बेरुजु देखिएको छैन ।

४.५ यो वर्ष १५५ कार्यालयको २ हजार ९९३ दफा बेरुजु देखिएकोमा १ हजार ६५२ दफा सैद्धान्तिक र १ हजार ३४१ दफा लगती बेरुजु कायम भएको छ ।

४.६ प्रदेश सरकारी कार्यालयतर्फ गत वर्षसम्मको पेश्की रू.७७ करोड ६ लाख ९८ हजारमध्ये यो वर्ष रू.२४ करोड ५० लाख ९१ हजार फर्स्यौट भई रू.५२ करोड ५६ लाख ७ हजार बाँकी रहेकोमा यस वर्ष रू.२६ करोड ६२ लाख १३ हजार थप भई रू.७९ करोड १८ लाख २० हजार बाँकी रहेको छ । पेश्की बाँकीको अद्यावधिक विवरण **अनुसूची- ५** मा रहेको छ ।

४.७ सरकारी कार्यालय तथा समिति एवं अन्य संस्थाबाट लेखापरीक्षण क्रममा असुली गर्नुपर्ने देखिएकोमध्ये लेखापरीक्षणको दौरानमा रू.५० लाख ५२ हजार, प्रारम्भिक प्रतिवेदन पठाएपछि रू.३० लाख ५५ हजार र सम्परीक्षणको क्रममा रू.६ लाख ३२ हजार समेत रू.८७ लाख ३९ हजार असुल भएको छ । यस सम्बन्धी विवरण **अनुसूची- ६** मा उल्लेख छ ।

४.८ सरकारी कार्यालय, अन्य संस्था तथा समितितर्फ ५ निकायको रू.१५ लाख ७१ हजार अग्रिम कर कट्टी नगरेको ब्यहोरा औल्याएकोमा असुल गर्न बाँकी छ । यस सम्बन्धी विवरण **अनुसूची-७** मा उल्लेख छ।

४.९ प्रदेशमा पहिलो प्रतिवेदन २०७५ सालमा बुझाएको थियो । प्रदेश सरकारी कार्यालय र समिति तथा अन्य संस्थाको ६ वर्षको लेखापरीक्षण र बेरुजु अङ्कको तुलनात्मक स्थिति निम्नानुसार छः

(रकम रू. हजारमा)

प्रतिवेदन	आर्थिक वर्ष	लेखापरीक्षण अङ्क	बेरुजु अङ्क	प्रतिशत	पेश्की बाहेकको बेरुजु	पेश्की बाहेकको बेरुजु प्रतिशत
पहिलो २०७५	२०७४।७५	२३७८५२	१७७	०.०७	१७७	०.०७
दोस्रो २०७७	२०७५।७६	१९००४९४४	५१६९९३	२.७२	२८७६५०	१.५१
तेस्रो २०७८	२०७६।७७	२३४३९५६०	८३४७८१	३.५६	६८६६३८	२.९३
चौथो २०७९	२०७७।७८	३०७०९०८०	१६०१८०७	५.२२	१४१५३८०	४.६१
पाचौं २०७९	२०७८।७९	३८१४९२०४	१६८८४०२	४.४३	१४४०९२७	३.७८
छैटौं २०८१	२०७९।८०	३७३३६८९७	९६७७५२	२.५९	७०१५३९	१.८८

परिच्छेद

३



लेखापरीक्षणबाट देखिएका समष्टिगत स्थिति

परिच्छेद-३

लेखापरीक्षणबाट देखिएको समष्टिगत स्थिति

प्रदेश मन्त्रालय तथा निकाय

१. **कानुन निर्माण -** प्रदेश सरकारले संविधानको अनुसूची-६, ७ र ९ मा उल्लेख भएका एकल र साझा अधिकारका विषयमा ऐन, कानुन बनाई कार्यान्वयन गर्नुपर्दछ । कर्णाली प्रदेश सभा सचिवालय गठन पश्चात् सभामा २०८०।०३।३१ सम्म ९१ विधेयक दर्ता भएकोमा ५६ विधेयक प्रमाणीकरण भएको छ । यसवर्ष दर्ता भएको ८ विधेयकमध्ये ३ प्रमाणीकरण भएको छ ।

२. **सङ्गठन र कर्मचारी व्यवस्थापन -** सरकारी निकायको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा दरबन्दी कायम गर्ने व्यवस्था छ । प्रदेश सरकारबाट प्रदेश सभा सचिवालय, आयोग तथा प्रदेश मन्त्रालय १२ समेतको मातहत १५५ कार्यालयमा २ हजार ९२९ दरबन्दी कायम भएकोमा समायोजनबाट १ हजार १३१, संघका कामकाजमा खटाएको २०९, प्रदेश लोकसेवाबाट सिफारिस २०५ र करारमा ५४० समेत २ हजार ८५ पदपूर्ति भई ८४४ पद रिक्त रहेको छ । कर्णाली प्रदेशमा कार्यरत १ हजार ५४५ कर्मचारीहरूको तलवी प्रतिवेदन पारित नगरी पारिश्रमिकमा रू.१ अर्ब २२ करोड १६ लाख ६५ हजार खर्च लेखेकोले ग्रेड भिडान हुन सकेन । प्रदेश सरकारको निर्णय अनुसार सङ्गठन संरचना थप/घट भई रहेकोमा कार्य प्रकृति अनुसार पद मिलान गरेको छैन । यथार्थ कार्य विवरण अनुसार सङ्गठन तथा व्यवस्थापन सर्भेक्षणबाट यसको यकीन गर्नुपर्दछ।

३. **आन्तरिक नियन्त्रण -** कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३० मा प्रदेश तहका लेखा उत्तरदायी अधिकृतले आफ्नो र मातहतका कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी र दक्षतापूर्ण ढङ्गबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणाली विश्वसनीय बनाउन आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गर्नुपर्ने व्यवस्था छ । प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालय बाहेकका ११ निकायका १५२ कार्यालयले आफ्नो कार्य प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार नगर्दा निकायगत केन्द्रीय आर्थिक विवरण तयार नगरेको, सार्वजनिक लेखामानमा आधारित प्रतिवेदन ढाँचा प्रयोग नगरेको, महालेखापरीक्षकले तोकेका फारमहरू प्रयोग नगरेको, घरजग्गाको लगत नराखेको, वार्षिक कार्यसम्पादन प्रतिवेदन तयार नगरेको, जिन्सी निरीक्षण नभएको, जिन्सी निरीक्षण भएकोमा प्रतिवेदन कार्यान्वयन नगरेको, वित्तीय जिम्मेवारी र जवाफदेहीता कमजोर रहेको, सेवा प्रवाह गुणस्तर सुधार नभएको, बेरूजु फर्स्यौट प्रभावकारी नभएको लगायत समस्या देखिएको छ । आन्तरिक नियन्त्रण प्रणाली तयार गर्नुपर्दछ ।

४. **कानुनको परिपालना -** सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ मा सार्वजनिक खरिद कार्यविधि, प्रक्रिया तथा निर्णयलाई अझ बढी खुला, पारदर्शी, वस्तुनिष्ठ र विश्वसनीय बनाउने व्यवस्था छ । प्रदेश कार्यालयहरूले तोकिए बमोजिम खरिद योजना र गुरुयोजना नबनाएको, खरिद आवश्यकता पहिचान र खरिद प्याकेज प्रतिस्पर्धात्मक नभएको, खरिद प्रक्रियामा प्रतिस्पर्धा र पारदर्शी नभएको. निर्माण स्थलको तयारी नगरी खरिद सम्झौता गरेको, खरिद सम्झौता गर्न नआउने, सम्झौता अनुसार कार्य सम्पन्न नगर्ने तथा निर्माण कार्य अधुरो राख्ने व्यवसायीलाई कालोसूचीमा राख्न सिफारिस नगर्ने, योजनाको आवश्यकता र उपलब्ध जनशक्ति यकिन नगरी परामर्श सेवा खरिद गर्ने, बढी पेश्की खर्च गर्ने, भेरिएसन आदेश स्वीकृत नगराई काम गराउने, व्यवसायीको कारण ढिलाइ भएकोमा पूर्व

निर्धारित क्षतिपूर्ति नलिइ म्याद थप गर्ने लगायतका अवस्था देखिएको छ । कानुनी व्यवस्थाको पालना गर्नुपर्दछ ।

५. **वित्तीय जिम्मेवारी र जवाफदेहिता -** कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४१ देखि ४५ सम्म विभिन्न पदाधिकारीको काम, कर्तव्य, अधिकार र जिम्मेवारी तोकिएबमोजिम हुने, सरकारी नगदी, जिन्सी दुरूपयोग एवं मस्यौंट भए कारवाही गरिने, जवाफदेहीता वहन गर्नुपर्ने र वित्तीय प्रतिवेदन सार्वजनिक गर्नुपर्ने, वित्तीय जिम्मेवारी र जवाफदेहिता उल्लेख गरिएको छ । प्रदेशले यो वर्ष रू.२२ अर्ब २६ करोड ६८ लाख ७३ हजार खर्च गरेकोमा तोकिएका फारामहरू प्रयोग गरी वित्तीय प्रतिवेदन तयार नगरेको, लक्ष्य अनुसार प्रगति हासिल नगरेको, पुँजीगत बजेट खर्च न्यून रहेको, सम्पत्तिहरूको उचित उपयोग नगरेको अवस्था छ । प्रदेशका कार्यालयहरूलाई वित्तीय जिम्मेवारी र जवाफदेहिताको पालना गराई आर्थिक अनुशासन कायम गराउनु पर्दछ ।

६. **नीति तथा कार्यक्रम** - कर्णाली प्रदेशको आवधिक योजनाले समृद्ध कर्णाली बनाउने नीति अवलम्वन गरेको छ ।उक्त योजनाले यातायात, कृषि, ऊर्जा, सिंचाइ, खानेपानी, जडिबुटी, खानी, वन पैदावार, पानी, पर्यटन, वातावरण, शिक्षा, रोजगार लगायतलाई प्राथमिकतामा राखेको छ । प्राथमिकता अनुरूपको क्षेत्रहरूको नीति तयार गरी कार्यान्वयनमा ल्याएको छैन । भौगोलिक विकटता अनुसार यातायात सञ्जाल विकास, स्थानीय स्याउ, ओखर, सुन्तला, मार्सी, चीनो, कागुनो लगायत स्थानीय उपजको प्रचार प्रसार तथा बजारीकरण हुन सकेको छैन । भौगोलिक विविधता अनुसारका यार्सागुम्बा, शिलाजित, केशर जस्ता जडिबुटी सङ्कलन, उत्पादन र बजारीकरण र हिमाली भेगमा हुने चौरी, भेडा, च्याङ्ग्रा जस्ता पशुपालनको क्षेत्रगत नीति तयार गरेको छैन । कार्केबिहार, देउतीबज्यै, महावु, चन्दननाथ, खार्पुनाथ, दैलेखको पञ्चकोशी लगायत धार्मिक एवं पर्यटकीय क्षेत्रहरूको पूर्वाधार तयार गरी पर्यटन विकास गर्ने नीति अवलम्वन गरेको छैन । भौगोलिक अवस्था र उपलव्ध प्राकृतिक स्रोतको परिचालन एवं उपयोगमार्फत् प्रदेशको पर्यटन विकासमा योगदान हुनेगरी क्षेत्रगत नीतिहरू तयार गरी लागू गर्नुपर्दछ ।

७. **बजेट तथा योजना निर्माण -** दिगो विकास लक्ष्य, सङ्घीय सरकारले अवलम्वन गरेको नीति तथा कार्यक्रम, प्रदेश सरकारको क्षेत्रगत नीति, आवधिक योजना र कार्यक्रमबीच सामञ्जस्यता हुने गरी बजेट व्यवस्था एवं कार्यान्वयन गर्नुपर्नेमा सङ्घीय सरकारको आवधिक योजना, क्षेत्रगत नीति अनुसार सामञ्जस्यता हुनेगरी प्रदेशको नीति कार्यक्रम तयार भएको छैन । प्रदेशको एकीकृत लक्ष्यका लागि स्थानीय तहबाट सञ्चालन हुने योजनाहरूमा समन्वय भएको छैन । प्रदेशको नीति तथा कार्यक्रम अनुसार समग्र बजेट, नीति कार्यक्रम र बजेटमा तालमेल देखिएको छैन । स्वीकृत बजेट अनुसार कार्य प्रगति नहुनु, योजनाहरूको प्राथमिकीकरण नगरी साना योजनाहरूमा बजेट खर्च हुनु, मागका आधारमा योजना छनोट नगरी कार्यान्वयन गराइनु लगायत कारणले प्रदेश योजनाको उपलव्धी प्राप्त गरेको देखिएन । राष्ट्रिय लक्ष्यसँग सामञ्जस्यता कायम गरी नीति तथा कार्यक्रम र बजेट व्यवस्था एवं लक्ष्य अनुसार प्रगति हासिल हुने योजना निर्माणमा सुधार गर्नुपर्दछ ।

८. **खर्च व्यवस्थापन -** प्रदेश सञ्चित कोषमा गत वर्षको बचतसमेत रू.२९ अर्ब २१ करोड, ३२ लाख ४० हजार आम्दानी भएकोमा रू.२२ अर्ब २५ करोड ७८ लाख ७३ हजार खर्च भई रू.६ अर्ब ९५ करोड ५३ लाख ६७ हजार बचत रहेको छ । यस वर्ष रू.३२ अर्ब ६१ करोड ६१ लाख ६३ हजार बजेट अनुमान गरेकोमा रू.२२ अर्ब २५ करोड ७८ लाख ७३ हजार खर्च गरेको छ । चालुतर्फ सञ्चित कोषमा व्ययभार पर्नेसमेत रू.९ अर्ब ४८ करोड १३ लाख २५ हजार र पुँजीगत खर्च रू.१२ अर्ब ७७ करोड ६५ लाख ४८ हजार खर्च गरेको छ । सङ्घीय सरकारतर्फ समानीकरण अनुदान रू.७ अर्ब ५९ करोड २६ लाख ९१ हजार, सशर्त अनुदानतर्फ रू.३ अर्ब ४० करोड २२

लाख ३७ हजार, समपुरक अनुदानतर्फ रू.३२ करोड ५९ लाख ६५ हजार र विशेष अनुदानतर्फ रू.४० करोड ३० लाख ९३ हजार खर्च भएको छ । बजेटको तुलनामा ६८.२४ प्रतिशत खर्च भएपनि चालु खर्चतर्फ ४२.६ प्रतिशत र पुँजीगत खर्चतर्फ ५७.४ प्रतिशत खर्च भएको छ ।

९. **राजस्व प्रक्षेपण तथा असुली -** प्रदेशको आय तथा व्ययको अनुमान आधार स्पष्ट हुनुपर्दछ । प्रदेशले खर्च व्यहोर्ने स्रोतमध्ये आन्तरिक स्रोतबाट रू.७१ करोड २९ लाख ७४ हजार राजस्व प्राप्त गर्ने लक्ष्य रहेकोमा रू.५७ करोड १७ लाख १० हजार प्राप्त भएको छ । राजस्व बाँडफाँटमार्फत सङ्घबाट प्राप्त मूल्य अभिवृद्धि कर र अन्तःशुल्कको योगदान रू.६ अर्ब ५१ करोड ८६ लाख ७९ हजार रहेको छ । आन्तरिक आयको प्रक्षेपण तथा प्राप्ति प्रभावकारी देखिएन । तथ्यपरक राजस्वको प्रक्षेपण, प्राप्ति एवं परिचालन गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

१०. **चौमासिक खर्च -** कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ नियम २६ मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले तोकिएको बमोजिम चौमासिक प्रगति पेस गर्नुपर्ने व्यवस्था छ । कर्णाली प्रदेश सरकारले यो वर्ष खर्च गरेको पुँजीगत रू.१२ अर्ब ७७ करोड ६५ लाख ४८ हजारमध्ये पहिलो चौमासिकमा रू.१ अर्ब ३ करोड ६५ लाख ३८ हजार (८.११ प्रतिशत), दोस्रो चौमासिकमा रू.२ अर्ब २५ करोड १७ लाख ४८ हजार (१७.६२ प्रतिशत), अन्तिम चौमासिकमा रू.९ अर्ब ४८ करोड ८२ लाख ६२ हजार (७४.२६ प्रतिशत) र असार महिनामा रू.५ अर्ब ९७ करोड ४८ लाख ५६ हजार (६२.७९ प्रतिशत) खर्चको गरेको छ । चौमासिक खर्च विवरण अनुसार आषाढ महिनामा बढी खर्च भएको देखिँदा कामको गुणस्तरमा आश्वस्त हुने अवस्था छैन । नगद प्रवाह सन्तुलन एवं निर्माण गुणस्तरलाई ध्यान दिई बजेट खर्च गर्नुपर्दछ ।

११. **रकमान्तर -** कर्णाली प्रदेश विनियोजन ऐन, २०७९ को दफा ४(२) मा रकमान्तर सम्बन्धी व्यवस्था रहेको छ । यो वर्ष रू.३२ अर्ब ६१ करोड ६१ लाख ६३ हजार बजेट पेश भएकोमा अर्थ विविध र स्थानीय तहसमेत १५ निकायको रू.१३ अर्ब २५ करोड ३७ लाख ४३ हजार (४०.६३ प्रतिशत) रकमान्तर गरेकोमध्ये असार महिनामा रू.६२ करोड ९१ लाख ११ हजार रहेको छ । संसदबाट अनुमोदित बजेटलाई विनियोजन ऐनले तोकेको सीमा भन्दा बढी हुनेगरी वर्षान्तमा रकमान्तर गर्ने पद्दतिमा सुधार ल्याउनुपर्दछ।

१२. **स्थानीय तह अनुदान -** स्थानीय तहलाई दिइने अनुदानमध्ये कार्यविधि बमोजिम समपुरक र विशेष अनुदान सशर्त हस्तान्तरण हुने र समानीकरण अनुदान राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले निर्धारण गरे अनुसारको सुत्रबमोजिम हस्तान्तरण हुने गरेको छ । यो वर्ष प्रदेशस्थित ७९ स्थानीय तहलाई वित्तीय समानीकरण अनुदानतर्फ रू.७९ करोड ४४ लाख ९६ हजार, समपुरक अनुदानतर्फ रू.२४ करोड ३६ लाख, सशर्त अनुदानतर्फ रू.३ अर्ब ४ करोड ६२ लाख ११ हजार र विशेष अनुदानतर्फ रू.२३ करोड ६८ लाख २८ हजार समेत रू.४ अर्ब ३२ करोड ११ लाख ३५ हजार वित्तीय हस्तान्तरण गरेको छ । कार्यक्रमको अनुगमन प्रणालीलाई प्रभावकारी बनाउनु पर्दछ ।

१३. **बजेट व्यवस्था -** कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ नियम २३ मा प्रस्तावित आयोजनाको सम्भाव्यता अध्ययन र आर्थिक, प्राविधिक, वातावरणीय र प्रशासकीय उपयुक्तताको आधारमा प्रतिफलको विचार गरी प्रदेश सरकारबाट स्वीकृत गर्नुपर्ने व्यवस्था छ । प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयले यो वर्ष १० बहुवर्षीय योजनाका लागि रू.२ अर्ब ५५ करोड ५४ लाख ५१ हजारको स्रोत सुनिश्चितता दिएकोमा आम्दानीको स्रोत स्पष्ट गरेको छैन । बजेट तथा योजना तर्जुमा गर्दा स्रोत सुनिश्चितता दिएको कार्यक्रमलाई योजनामा समावेश गरी कार्यान्वयन गर्नुपर्दछ ।

१४. **वैदेशिक लगानी -** "समृद्ध कर्णाली, सुखारी कर्णालीबासी" को दीर्घकालीन लक्ष्य हासिल गर्न प्राथमिकताका ठूला योजनाहरूमा आधुनिक प्रविधिसहित वैदेशिक लगानी परिचालन गर्न कर्णाली प्रदेशको प्रथम पञ्चवर्षीय योजना अवधिभर रू.२० करोड लगानी हुने उल्लेख भएकोमा हालसम्म भएको लगानीको अभिलेख पेस भएन । दीर्घकालीन लक्ष्य प्राप्तिका लागि वैदेशिक स्रोतको खोजी र लगानीको उचित वातावरण बनाउने गरी नीति तथा कार्यक्रममा सुधार गर्नुपर्दछ ।

१५. **मानव संशाधन योजना -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ को नियम ५ मा प्रदेशस्तरको मानव संशाधनको आवश्यकता प्रक्षेपण तथा शैक्षिक योजना निर्माण र कार्यान्वयन गर्ने कर्तव्य सामाजिक विकास मन्त्रालयको हुने उल्लेख छ । मन्त्रालयले प्रदेशका निकायको लागि मानव संशाधनको आवश्यकता प्रक्षेपण तथा शैक्षिक योजना निर्माण गरेको छैन । स्वास्थ्यतर्फ सङ्घीय सेवाबाट आएका रेडियोलोजिष्ट, अफ्थाल्मोलोजिष्ट जस्ता विशेषज्ञ कर्मचारीहरू व्यवस्थापकीय पदमा कामकाजमा कार्यरत रहेको अवस्था छ । मन्त्रालयले कार्य प्रकृति अनुसार मानव संशाधन योजना योजना बनाई सेवा प्रवाह गर्नुपर्दछ ।

१६. **परामर्श सेवा खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा सार्वजनिक निकायमा उपलव्ध जनशक्तिबाट काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सकिने व्यवस्था छ । प्रदेशको २ मन्त्रालयले १२९ आयोजनाको विस्तृत आयोजना प्रतिवेदनमा रू.७ करोड ६७ लाख १ हजार खर्च गरेको छ । अध्ययन भएका योजनाहरू कार्यान्वयन गर्न कार्यक्रममा समावेश गरेको छैन । परामर्श सेवा खरिद गर्दा जनशक्तिको क्षमता बिश्लेषण तथा वजेट व्यवस्था गरेको देखिदैन । विस्तृत आयोजना प्रतिवेदनहरू कार्यान्वयन गरिनु पर्दछ ।

१७. **तालिम कार्यक्रम** - कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ मा प्रदेश सरकारले कर्मचारीको क्षमता विकास, तालिम, गोष्ठी, सेमिनार लगायत कार्यक्रममा निर्देशिका पालना गर्नुपर्दछ । यस वर्ष कर्मचारी तालिममा रू.४ करोड १६ लाख २५ हजार खर्च गरेकोमा तालिम, गोष्ठी, सेमिनारमा निकायहरूले गरेको खर्चमा एकरूपता देखिएन । स्वास्थ्य निर्देशनालय, जिल्ला स्वास्थ्य कार्यालय, मानव संशाधन केन्द्र, वन, कृषि, पशु तालिम केन्द्र र कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठानले सञ्चालन गरेको तालिमको नर्म्स अलग देखिएको छ । कार्यक्षेत्र तथा विशेषज्ञताका आधारमा तालिम कार्यक्रमको एकीकृत मापदण्ड बनाउन नसक्दा नर्म्सको एकरुपता देखिएन । तालिम, गोष्ठी, सेमिनार आदि कार्यक्रमका लागि एकीकृत मापदण्ड तयार गरी खर्चमा एकरुपता कायम गर्नुपर्दछ ।

१८. **उपभोक्ता समिति -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ तथा नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट काम गराउने व्यवस्था छ । उपभोक्ता समितिले रकम प्राप्त गर्ने र जनसहभागिताबाट गर्ने काम सम्झौतामा अलग गरी कामको नापजाँच गर्नु पर्नेमा सो अनुसार नगरी कामको एकमुष्ट मूल्याङ्कन गरी जनसहभागिताको रकम घटाएर भुक्तानी दिएको कारण जनसहभागिता सुनिश्चित गर्न सकिएन । सम्पन्न योजना मर्मत सम्भार र सञ्चालनका लागि उपभोक्ता समितिलाई हस्तान्तरण गरेको पाइएन । सम्पन्न भएका सिंचाइ, खानेपानी लगायत आयोजना उपभोक्तालाई हस्तान्तरण गर्नुपर्दछ ।

१९. **गुणस्तर परीक्षण तथा नियन्त्रण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ को उपनियम १ को खण्ड (ङ) अनुसार सम्झौता कार्यान्वयन गर्दा गुणस्तर निरीक्षण तथा परीक्षण गर्नुपर्ने व्यवस्था छ । निर्माण व्यवसायीलाई स्पेसिफिकेसन अनुसारको गुणस्तर आश्वस्तता योजना पेस गर्न लगाई त्यस अनुसार गुणस्तर परीक्षण गराउने, गिट्टी, ढुंगा, बालुवा जस्ता स्थानीय निर्माण सामग्री उत्खनन् गर्ने स्थान तोकी गुणस्तरीय निर्माण सामग्री प्रयोग गर्ने व्यवस्था मिलाउनु पर्नेमा लागत

अनुमान तथा सम्झौता गर्दा उत्खनन् स्थान तोक्ने गरेको छैन । गुणस्तर परीक्षण नभएका निर्माण संरचनाको गुणस्तर आश्वस्त हुने अवस्था छैन। गुणस्तर आश्वस्तता योजना तयार गरी कार्यान्वयन गर्नुपर्दछ ।

२०. **फारम प्रयोग तथा प्रतिवेदन -** कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम २७(१) मा नियम २६ को अनुसूची-३ बमोजिम प्रतिवेदन तयार गरी भौतिक र वित्तीय पक्षको समीक्षा गर्नुपर्ने र प्रगति कम हुनुका प्रमुख कारणहरू एवं जिम्मेवार व्यक्ति पहिचान गरी जिम्मेवार बनाउनु पर्ने व्यवस्था छ । मन्त्रालयहरूले बजेट नियन्त्रण सम्बन्धी तोकिएको ढाँचामा अभिलेख राखी नेपाल सार्वजनिक लेखामानमा आधारित फारम नम्बर २७१ को ढाँचामा वित्तीय प्रतिवेदन तयार गरेको छैन । प्रदेशको कुल बजेट रू.३२ अर्ब ६१ करोड ६१ लाख ६३ हजारको तुलनामा पुँजीगत खर्च ५७.४ प्रतिशत भएकोमा तोकिएबमोजिम प्रगति प्रतिवेदन तयार गरी समीक्षा भएको छैन। तोकिएको ढाँचामा प्रतिवेदन तयार गरी कार्यक्रमको समीक्षा गर्नुपर्दछ ।

२१. **अन्तर सरकारी अख्तियारी -** विनियोजन ऐन, २०७९ को दफा ५ मा प्रदेशको बजेट तथा कार्यक्रममा समावेश भएको पुँजीगत तर्फको कुनै योजना तथा कार्यक्रम प्रदेशले नेपाल सरकारको सम्बन्धित कार्यालय मार्फत कार्यान्वयन गराउन आवश्यक ठानेमा नेपाल सरकारको सम्बन्धित मन्त्रालय र नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृती लिई त्यस्तो योजना वा कार्यक्रम नेपाल सरकार सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन गर्न सक्ने व्यवस्था छ । यस वर्ष प्रदेश सरकारबाट आर्थिक मामिला तथा योजना मन्त्रालयमार्फत १० जिल्ला समन्वय समिति, आन्तरिक मामिला तथा कानुन मन्त्रालयमार्फत ३ प्रहरी कार्यालय र १ जिल्ला प्रशासन कार्यालय र सामाजिक विकास मन्त्रालयमार्फत ६ प्राविधिक शिक्षालयसमेत २० कार्यालयलाई रू.३४ करोड १२ लाख १४ हजार (अनुसूची- १२) बजेट उपलव्ध गराएकोमा सम्बन्धित मन्त्रालयको स्वीकृति लिएको छैन । बजेट कार्यान्वयन गर्दा उल्लेखित कानुनको परिपालना गरिनु पर्दछ ।

२२. **सेवा प्रवाह** - प्रदेश सरकारको (कार्य विभाजन) नियमावली, २०७४ अनुसार प्रदेशस्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण र सेवा सन्तुष्टि सर्वेक्षण तथा सेवा प्रवाहको अनुगमन गर्ने व्यवस्था छ । मन्त्रालयहरूको कार्यक्रम कार्यान्वयन अवस्था कमजोर हुनु, सार्वजनिक सेवाको न्यूनतम मापदण्ड निर्धारण नहुनु, सेवा प्रवाहको नीति मापदण्ड एवं कार्यविधि पर्याप्त नहुनु एवं सेवाग्राही सन्तुष्टि मापन तथा सेवा प्रवाहको अनुगमन लगायतको कार्य हुन बाँकी रहेको कारण सेवा प्रवाह चुस्त दुरुस्त हुन सकेको छैन । प्रदेश सरकारको संस्थागत, प्राविधिक र स्रोत परिचालन क्षमता वृद्धि गरी सेवा प्रवाहलाई चुस्त र प्रभावकारी बनाउनुपर्दछ ।

२३. **योजना छनोट** - कर्णाली प्रदेश, आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम २३ मा विकास आयोजनाको बजेट तर्जुमा गर्दा आयोजनाको सम्भाव्यता अध्ययन र आर्थिक प्राविधिक वातावरणीय तथा प्रशासकीय उपयुक्तताका आधारमा प्रतिफलसमेतको बिचार गरी स्वीकृत गर्ने व्यवस्था छ । प्रदेशको यसवर्ष स्वीकृत ३ हजार ७९४ योजनामध्ये रू.१० लाखसम्मका योजना ९५१, रू.१० लाख भन्दामाथि रू.२० लाखसम्मका १ हजार ६७५, रू.२० लाख भन्दा माथि रू.५० लाखसम्मको ७४४, रू.५० लाख भन्दामाथि १ करोडसम्मका २०६ र रू.१ करोड भन्दामाथिका २१८ योजना रहेका छन् । प्रदेशको रू.२० लाखसम्मका योजनाको संख्या ४४.१५ प्रतिशत रहेको छ भने रू.१ करोड भन्दा माथिको योजनामा रू.९ अर्ब ९३ करोड ४२ लाख ६५ हजार विनियोजन गरेको छ । स्थानीय तहबाट सञ्चालन हुन सक्ने साना प्रकृतिका योजनामा प्रदेश सरकारले खर्च गरेको देखिन्छ । तुलनात्मकरुपमा उच्च प्रतिफलयुक्त योजना छनोट गर्नुपर्दछ ।

२४. **अनुगमन** - प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम प्रदेश सरकारको नीति कार्यान्वयन, अनुगमन गर्ने काम मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयलाई तोकिएको छ । त्यस्तै कर्णाली प्रदेश योजना आयोग, प्रदेश सभा सचिवालय, विषयगत मन्त्रालयलाई अनुगमन मूल्याङ्कनको जिम्मेवारी तोकिएको छ । बहुनिकायबाट अनुगमन मूल्याङ्कन व्यवस्था गरिएपनि बजेट कार्यान्वयन अवस्था कमजोर देखिएको छ । विषयगत मन्त्रालयहरूले सञ्चालित योजनाहरूको अनुगमन गर्दा योजनाको अवस्था खुल्ने गरी प्रतिवेदन तयार गरेको छैन । प्रदेशको समग्र नीति र कार्यक्रम कार्यान्वयनको पर्याप्त अनुगमन गरेको छैन । प्रादेशिक नीति र कार्यक्रम कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन, तथ्याङ्क र प्रतिवेदन प्रणाली स्थापना गरी अनुगमन तथा मूल्याङ्कनलाई स्वचालित र नियमित बनाउनुपर्दछ ।

२५. **आन्तरिक लेखापरीक्षण -** कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन,२०७४ को दफा ३२(१) मा प्रदेश लेखा नियन्त्रक कार्यालयले प्रदेश अन्तर्गतका कार्यालयको कम्तीमा प्रत्येक दुई महिनामा आन्तरिक लेखापरीक्षण गर्नुपर्ने र कार्यालय प्रमुखलाई प्रतिवेदन दिनुपर्ने व्यवस्था छ । द्वैमासिक अवधिमा लेखापरीक्षण नभएको संस्थागत सुझावसहितको टिप्पणी नगरेको, आन्तरिक लेखापरीक्षणको वार्षिक प्रतिवेदन आश्विन मसान्तभित्र तयार गरी आर्थिक मामिला तथा योजना मन्त्रालयमा नपठाएकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिएको छैन । प्रदेशका कार्यालयको आन्तरिक लेखापरीक्षणबाट रू.४४ करोड ३६ लाख ४४ हजार लगती बेरूजु भएकोमा अन्तिम लेखापरीक्षणको अवधिसम्म आन्तरिक लेखापरीक्षण बेरूजु असुल तथा फस्यौंट भएको छैन।

२६. **घर जग्गाको लगत** - कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ५४ मा कार्यालयले घर जग्गाको लगत राख्नुपर्ने व्यवस्था छ । प्रदेशको सरकारी घर जग्गाको लगत तयार गरेको छैन । प्रदेश अर्न्तगत कार्यालयका भवन र पूर्वाधारको लगत अद्यावधिक नभएको कारण व्यवस्थित उपयोग भएको छैन । घर जग्गाको लगत व्यवस्थापन गरी सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा अभिलेख अद्यावधिक गरी उपयोग गर्नुपर्दछ ।

२७. **जिन्सी व्यवस्थापन** - कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ४७ बमोजिम जिन्सी मालसामानको लगत तयार गर्ने र नियम ५० बमोजिम जिन्सी निरीक्षण गर्ने व्यवस्था रहेको छ। आंशिक कार्यालयले जिन्सी निरीक्षण नगराएको, निरीक्षण प्रतिवेदन प्राप्त गर्नेले कार्यान्वयन नगरेको, सार्वजनिक सम्पति व्यवस्थापन प्रणालीमा अभिलेख नराखेको, मेहलकुना अस्पताल लगायतले क्षमता भन्दा बढी स्वास्थ्य उपकरणहरू खरिद गरी मौज्दात राखेको जस्ता कारण जिन्सी व्यवस्थापन प्रभावकारी देखिएको छैन । सरकारी सामानको हानी नहुने गरी संरक्षण गरी उपयोग गर्नुपर्दछ ।

२८. **प्रदेश र स्थानीय तहबीचको सम्बन्ध -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०५ मा प्रदेश तथा स्थानीय तहले गर्ने काम कारबाहीमा नीतिगत सामञ्जस्यता, योजना व्यवस्थापनमा रणनीतिक साझेदारी, साझा अधिकार क्षेत्रको प्रयोग, प्राकृतिक स्रोत साधनको उपयोग र बाँडफाँट लगायतका अन्तर सम्बन्धित विषयहरूमा समन्वय कायम गर्न प्रदेश समन्वय परिषद् रहने व्यवस्था छ। प्रदेशले प्रदेश समन्वय परिषद्को बैठक सम्पन्न गरे पनि प्रदेश सरकारले स्थानीय तहमा हस्तान्तरण गर्नुपर्ने साना योजनाहरू आफैंले सञ्चालन गरेको, स्थानीय तहले गर्ने कार्यको लागि समेत प्रदेशस्तरका कार्यालय स्थापना गरेको, स्थानीय तहले राजस्व बाँडफाँट गरी पठाउनुपर्ने सबै रकम प्रदेश सरकारलाई नपठाएको लगायतको स्थिति देखिएको छ। साझा अधिकार सूचीमा रहेका कार्यको कार्यसम्पादनमा प्रभावकारिता ल्याउन र विकास निर्माणमा सन्तुलन कायम गर्न नियमित रूपमा प्रदेश समन्वय परिषद्को बैठकबाट निर्णय गराई आफ्नो कार्यसम्पादनमा सहजता आउने गरी प्रदेश सरकार र स्थानीय तहबीच समन्वय कायम गर्नुपर्दछ।

खण्ड

१

प्रदेश मन्त्रालय तथा निकाय

प्रदेश सभा सचिवालय

नेपालको संविधानको धारा १७६ बमोजिम पहिलो हुने निर्वाचनबाट २४ र समानुपातिकबाट १६ गरी जम्मा ४० सदस्य भएको प्रदेश सभा गठन भएको छ । प्रदेश सभाको कार्य सञ्चालन र व्यवस्थापन गर्न संविधानको धारा १९५ बमोजिम प्रदेश सभा सचिवालय स्थापना भई सञ्चालनमा रहेको छ ।

१. **सरकारी कार्यालय** - प्रदेश सभा सचिवालयको निम्नानुसार रू.१० करोड ३० लाख ८४ हजारको लेखापरीक्षण सम्पन्न भएको छ ।

(रकम रू. हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
१०२०७८	३६९	६३७	०	१०३०८४

२. **विधेयक दर्ता तथा पारित** - सभाको प्रमुख कार्य सरकार निर्माणको अतिरिक्त प्रादेशिक कानुन बनाउने, सरकारको कामको निगरानी गर्ने र प्रादेशिक जनसरोकारका विषयमा प्रदेश सभामा छलफल गर्ने रहेको छ। प्रदेश सभाले संविधानको अनुसूची ६, ७ र ९ मा उल्लेख भएका एकल र साझा अधिकारका विषयमा कानुन बनाउनु पर्दछ । प्रदेश सभा गठन पश्चात् सभामा २०८०।०३।३१ सम्म ९१ विधेयक दर्ता गरी ५६ विधेयक प्रमाणीकरण भएको छ । यस वर्ष दर्ता भएका ८ विधेयक मध्ये ३ प्रमाणीकरण, २ फिर्ता पठाएको र ३ निस्क्रिय भएका छन् ।

३. **निर्णय कार्यान्वयन** - प्रदेश सभा नियमावली, २०७४ को नियम १४५ मा ५ संसदीय समिति रहेका छन्। यो वर्ष कार्य व्यवस्था परामर्श समितिको १८, सामाजिक विकास समितिको ७, अर्थ तथा प्राकृतिक स्रोत समितिको ९ र सार्वजनिक लेखा समितिको ४ समेत ३८ पटक बैठक बसी सरकारका गतिविधिमा निगरानी एवं निर्देशन दिएकोमा सोको कार्यान्वयन अवस्थाको अभिलेखीकरण गरी प्रतिवेदन प्रकाशन गरेको छैन । समितिले दिएका निर्देशनको कार्यान्वयन अवस्थाको अनुगमन गर्नुपर्दछ ।

४. **वार्षिक नीति तथा कार्यक्रम** - प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रममा समावेश भएका विषयलाई बजेटमा समावेश गर्नुपर्नेमा समावेश गरेको छैन । प्रदेश सरकारले सञ्चालन गरेका योजनाको अनुगमन प्रदेश सभाको योजना अनुगमन समितिबाट गर्ने र प्राप्त सुझाव तथा निर्देशनलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने उल्लेख भएकोमा, सोको लागि प्रदेश सभाको समितिबाट अनुगमन भएको छैन ।

५. **वार्षिक प्रतिवेदन** - प्रदेश सभा नियमावली, २०७४ को नियम १४५ मा सार्वजनिक लेखा समितिले महालेखापरीक्षकको प्रतिवेदनमा छलफल गरी कार्यान्वयन गराउने कार्य तोकिएको छ । महालेखापरीक्षकले प्रदेश प्रमुख समक्ष पेश गर्नुभएको ५ आर्थिक वर्षको लेखापरीक्षणउपर छलफल भई २०८०।१२।१३ मा सभाबाट स्वीकृत भएको छ । लेखापरीक्षण प्रतिवेदनउपर छलफल गरी लेखा समितिको निर्णय कार्यान्वयन गर्नुपर्दछ ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा कानुन निर्माण, नीति तथा कार्यक्रम कार्यान्वयन, समितिको निर्देशन कार्यान्वयन अवस्थाको अनुगमन लगायतमा सुझाव दिइएकोमा अपेक्षित सुधार भएको छैन । विगतको व्यहोरा पुनरावृत्ति नहुने गरी कार्य सम्पादन गर्नुपर्दछ ।
- **बेरूजु**– सचिवालयको यो वर्ष लगती बेरूजु रहेको छैन ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम कार्यालयको कार्य क्षेत्रमा प्रदेशको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने, प्रदेश मन्त्रिपरिषद्मा पेस हुने ऐन, नियम र आदेशको तर्जुमा, स्वीकृति तथा प्रमाणीकरण गर्ने र प्रदेश प्रमुखको निर्देशन कार्यान्वयन र प्रतिवेदन गर्ने कार्य रहेका छन्।

१. **सरकारी कार्यालयः** मन्त्रालय र मातहत २ कार्यालयको निम्नानुसार रू.३६ करोड ८४ लाख ६६ हजारको लेखापरीक्षण सम्पन्न भएको छ ।

(रकम रू. हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
३०६५४९	५७४	१३४३	६००००	३६८४६६

२. **समिति र अन्य संस्थाः** यो वर्ष कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठानको रू.८ करोड ४१ लाख ४० हजारको लेखापरीक्षण सम्पन्न भएको छ ।

३. **कार्य जिम्मेवारी -** कर्णाली प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम प्रदेश भित्रको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन, सञ्चार, अनियमितता नियन्त्रण, संघ र स्थानीय तहसँगको सम्पर्क र समन्वय लगायतका २३ कार्य जिम्मेवारी कार्यालयलाई तोकिएको छ । जिम्मेवारीसँग सम्बन्धित प्रदेश मन्त्रिपरिषद्को निर्णय कार्यान्वयन र अनुगमन, प्रदेश प्रमुखको निर्देशन कार्यान्वयन र प्रतिवेदन, प्रदेशस्तरीय मानव संशाधन विकास र प्रदेश सरकारी सेवा सञ्चालन सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा एवं कार्यान्वयन लगायतका कार्य हुन सकेको छैन ।

यो वर्ष मन्त्रिपरिषद्ले ३० बैठकबाट ७४ निर्णय गरेको छ । मन्त्रिपरिषद्ले ५ विधेयकमा सैद्धान्तिक सहमति दिएको, ४ नियमावली, ५ निर्देशिका र ११ कार्यविधि स्वीकृत गरेको छ । प्रदेश सरकारको दीर्घकालीन र रणनीतिक विषय मन्त्रिपरिषद्मा छलफल गरी महत्वपूर्ण निर्णयहरू हुन सकेको छैन । सरकारको प्रभावकारिताका लागि ६१ बुँदे निर्देशन जारी भएतापनि सोको पूर्ण कार्यान्वयनको समीक्षा गरेको छैन । प्रदेशको दीर्घकालीन नीति, कार्यक्रम र प्राथमिकतालाई ध्यानमा राखी कार्य सम्पादन गर्नुपर्दछ।

४. **संगठन तथा कर्मचारी व्यवस्थापन -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार प्रदेशको सामान्य प्रशासन तथा जनशक्ति व्यवस्थापन सम्बन्धी जिम्मेवारी मुख्यमन्त्री तथा मन्त्रपरिषद्को कार्यालयलाई तोकिएको छ । प्रदेश सरकारबाट प्रदेश सभा सचिवालय, आयोग तथा प्रदेश मन्त्रालयसमेत १२ निकाय मातहत १५३ कार्यालयमा २ हजार ९२९ दरबन्दी कायम भएको छ । स्वीकृत दरबन्दीमध्ये समायोजनबाट १ हजार १३१, कामकाजमा खटाएको २०९, प्रदेश लोकसेवाबाट सिफारिस २०५ र करारमा ५४० समेत २ हजार ८५ पदपूर्ति भई ८४४ रिक्त रहेको छ ।

प्रदेशको सामाजिक विकास र भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय अन्तर्गत कार्यालय थप/घट भएको तथा कार्य प्रकृति अनुसार पद मिलान गर्नका लागि सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरेको छैन । जिम्मेवारी अनुसार प्रदेशस्तरीय मानव संशाधन विकास योजना बनाई सेवा प्रवाहको अनुगमन लगायतका कार्य हुन सकेको छैन । स्वास्थ्य निर्देशनालयमा रेडियोलोजिष्ट, स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रमा नेत्र विषेशज्ञ (अफ्थाल्मोलोजिष्टले) नेतृत्व गरेको अवस्था छ । प्रदेश लेखा इकाई, सामाजिक विकास कार्यालय र पूर्वाधार विकास कार्यालयहरूमा जनशक्ति न्यून छ । मानव संशाधन विकास तथा परिचालन कार्ययोजना बनाई सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

५. **व्यवस्थापन परीक्षण -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ मा प्रदेश अन्तर्गतका निकायहरूको व्यवस्थापन परीक्षण गर्ने जिम्मेवारी मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयलाई तोकिएको छ । यो वर्ष रुकुम पश्चिमका ३, सल्यानका ६ र जाजरकोटका ६ समेत १५ कार्यालयको व्यवस्थापन परीक्षण भएको छ । परीक्षणबाट तलवी प्रतिवेदन पारित नभएको, कार्य विवरण लागु हुन नसकेको, कतिपय कार्यालयहरूको कार्यक्षेत्र पुनरावलोकन हुन नसकेको, सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचनामा पुनरावलोकन हुन नसकेको, अभिलेख व्यवस्थापन प्रभावकारी नरहेको, सरकारी निकायहरूको भौतिक संरचना सेवाग्राहीमैत्री नरहेको, सेवाग्राही तथा सरोकारवालाहरूबाट पृष्ठपोषण लिन नसकेको, पेश्की तथा बेरुजु फस्यौंट, जिन्सी, सूचना प्रविधिको न्यून उपयोग जस्ता विषयमा सुधार गर्नुपर्ने सुझाव दिएकोमा उक्त सुझाव कार्यान्वयनको अनुगमन गरेको छैन । व्यवस्थापन परीक्षणको सुझाव कार्यान्वयनको अनुगमन गर्नुपर्दछ ।

६. **वित्तीय जिम्मेवारी र जवाफदेहिता** - कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४१ देखि ४५ सम्म विभिन्न पदाधिकारीको काम, कर्तव्य, अधिकार र जिम्मेवारी तोकिए बमोजिम हुने, सरकारी नगदी, जिन्सी दुरूपयोग एवं मस्यौंट भएमा जवाफदेही वहन गर्नुपर्ने र वित्तीय प्रतिवेदन सार्वजनिक गर्नुपर्ने लगायतका वित्तीय जिम्मेवारी र जवाफदेहिता उल्लेख गरिएको छ । प्रदेशले यो वर्ष रू.२२ अर्ब २६ करोड ६८ लाख ७३ हजार खर्च गरेकोमा तोकिएका फारामहरू प्रयोग गरी वित्तीय प्रतिवेदन तयार नगरेको, लक्ष्य अनुसार प्रगति हासिल नगरेको, पुँजीगत खर्च न्यून रहेको, सम्पतिहरूको उचित उपयोग नगरेको अवस्था देखिएको छ । प्रदेशका कार्यालयहरूलाई वित्तीय जिम्मेवारी र जवाफदेहिताको पालना गराई आर्थिक अनुशासन कायम गराउनुपर्दछ ।

७. **बजेट वक्तव्य कार्यान्वयन -** प्रदेश सरकारको बजेट वक्तव्यमा कर्णाली प्रदेश र स्थानीय तहबाट तर्जुमा गरी कार्यान्वयनमा रहेका कानुनहरूलाई एकीकृत विद्युतीय पोर्टलमा अभिलेखीकरण गर्ने, विपद् संवेदनशील क्षेत्रमा विपद् सूचना प्रणाली जडान गर्ने, कर्णाली प्रदेशका आमनागरिक, राष्ट्रसेवक र संघसंस्थामा कार्यरत कर्मचारीको सामुहिक दुर्घटना बिमा गर्ने, प्रदेश सरकारको कार्य सम्पादन प्रणालीलाई नतिजामुखी बनाउन मुख्यमन्त्री र मन्त्री, मन्त्री र सचिव, सचिव र कार्यालय प्रमुख, कार्यालय प्रमुख र महाशाखा प्रमुखबीच सूचकमा आधारित कार्यसम्पादन सम्झौता गर्ने, प्रदेश सरकारको स्रोतबाट हुन नसक्ने ठुला आयोजनाका लागि कर्णाली लगानी सम्मेलन गर्ने लगायतका व्यहोरा बजेटमा समावेश गरेतापनि कार्यान्वयन भएको पाइएन ।

गतविगतमा सञ्चालित प्रदेश सरकारले व्याज अनुदान दिने गरी गरिब, बिपन्न, तथा दलित समुदाय, भूमिहीन तथा बेरोजगार परिवारलाई परम्परागत र आधुनिक सीपमा आधारित रोजगारी सिर्जना गर्न

सहुलियतपूर्ण विशेष कर्जा उपलव्ध गराउने लगायतका दीर्घकालीन कार्यक्रमलाई यो वर्ष निरन्तरता दिएको छैन । नीति तथा कार्यक्रममा उल्लेख भएका व्यहोरालाई बजेट तथा कार्यक्रममा समावेश गरी लक्ष्य हासिल गर्नुपर्दछ ।

८. **आयोजना बैङ्क एवं गुरूयोजना -** प्रदेश सरकारको बजेट वक्तव्यमा आवधिक र वार्षिक योजनाबीचको तादात्म्यता मिलाउन मध्यकालीन खर्च संरचनाका आधारमा उपलव्ध स्रोतको अधिकतम उपयोग हुनेगरी आयोजना बैङ्कमा अभिलेखीकरण गर्ने र आयोजनाको वस्तुगत सूचक र लाभ-लागत बिश्लेषणका आधारमा कार्यान्वयन गरिने उल्लेख छ । सङ्घीय सरकारको समन्वयमा प्रदेश राजधानी तथा जिल्लाको लागि अवश्यक जग्गा तथा पूर्वाधारको आँकलन गरी निर्माणको लागि आयोजान बैङ्कमा राखी सो कार्यान्वयन गर्नुपर्नेमा आयोजना बैङ्क स्थापना तथा प्रदेश विकास गुरूयोजना बनाएको छैन । आयोजनाको गुरुयोजना नबनाई प्रदेश सरकारको निर्णयको आधारमा योजना कार्यान्वयन गर्दा विकासमा अपेक्षित उपलव्धी देखिएको छैन । प्रदेश सरकारको स्रोत परिचालन, जग्गा व्यवस्था एवं पूर्वाधारको गुरूयोजना तयार गरी कार्यसम्पादन अघि बढाउनुपर्दछ ।

९. **तालिम कार्यक्रम** - प्रदेश सरकारले कर्मचारीको क्षमता विकास, तालिम, गोष्ठी, सेमिनार लगायत कार्यक्रम सञ्चालन गर्दा कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ पालना गर्नुपर्दछ । प्रदेश सरकारले यो वर्ष तालिममा रू.४ करोड १६ लाख २५ हजार खर्च गरेकोमा प्रदेश अन्तर्गतका निकायहरूको तालिम, गोष्ठी, सेमिनार खर्चमा एकरूपता छैन । स्वास्थ्य निर्देशनालय, जिल्ला स्वास्थ्य कार्यालय, मानव संशाधन केन्द्र, वन, कृषि, पशु तालिम केन्द्र र कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठानले गरेको तालिमको नर्म्समा एकरुपता छैन । कार्यक्षेत्र र विशेषज्ञताका आधारमा तालिम खर्चको मापदण्ड बनाई एकीकृत तालिम केन्द्र स्थापना गर्न प्रदेश तालिम प्रतिष्ठान गठन भएतापनि केन्द्रहरूलाई एकीकृत गरेको छैन । तालिमको आवश्यकता औचित्यता पहिचानदेखि सीप परीक्षणसमेतका लागि एकद्वार प्रणाली अवलम्बन गरी स्वीकृत नर्म्स अनुसार तालिम सञ्चालन गर्नुपर्दछ।

१०. **सेवा प्रवाह -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार प्रदेशस्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण र सेवा सन्तुष्टि सर्वेक्षण तथा सेवा प्रवाहको अनुगमन गर्ने उल्लेख छ । सेवा मापदण्ड र अनुगमन कार्यविधि तयार भएको देखिएन । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय तथा अन्य मन्त्रालयहरूले सार्वजनिक सेवाको न्यूनतम मापदण्ड निर्धारण गरी सेवा प्रवाहलाई नियमित तथा व्यवस्थित नगरेको, वार्षिक नीति तथा कार्यक्रम कार्यान्वयन अवस्था कमजोर देखिएको, नीति मापदण्ड एवं कार्यविधि तर्जुमा नभएको एवं सेवाग्राही सन्तुष्टि मापन तथा सेवा प्रवाहको अनुगमन लगायतको कार्य हुन सकेको देखिएन । प्रदेश सरकारको संस्थागत, प्राविधिक र स्रोत परिचालन क्षमता वृद्धि गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ ।

११. **अनुगमन** - प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम प्रदेश सरकारको नीति कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्ने काम मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयलाई तोकिएको छ। यो वर्ष अनुगमन मूल्याङ्कनका लागि रू.१३ लाख २० हजार बजेट व्यवस्था गरी रू.१ लाख ४३ हजार खर्च गरेको छ । कार्यालयले सञ्चालित योजनाहरूको अनुगमन गरेकोमा अवस्था खुल्ने गरी प्रतिवेदन तयार गरेको छैन । समग्र नीति तथा कार्यक्रम कार्यान्वनयको अनुगमन र मूल्याङ्कन

गरेको छैन । प्रादेशिक नीति तथा कार्यक्रम कार्यान्वनयको अनुगमन र मूल्याङ्कन, तथ्याङ्क व्यवस्थापन र प्रतिवेदन गरी अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई स्वचालित, व्यवस्थित र नियमित बनाउनुपर्दछ।

१२. **सल्लाहकार सुविधा** - कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री तथा मन्त्रीहरूको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७५ को दफा १३ मा मुख्यमन्त्री र मन्त्रीको काममा सहयोग गर्न प्रदेश सरकारले विज्ञ नियुक्ति संख्या र सुविधा प्रदेश सरकारले तोकेबमोजिम हुने व्यवस्था छ । प्रदेश सरकार फेरबदल भएपछि प्रशासनिक सल्लाहकार, समन्वय विज्ञ र प्रेस सल्लाहकारलाई यो वर्ष रू.७ लाख ७६ हजार खर्च लेखेकोमा शैक्षिक योग्यता लगायतको मापदण्ड तयार गरेको देखिएन । सल्लाहकार एवं विज्ञको सुविधा खर्च लेख्दा पदको आवश्यकता, विशेषज्ञता, शैक्षिक योग्यता मापदण्ड तयार गरी खर्च गर्नुपर्दछ ।

१३. **मुख्यमन्त्री रोजगार कार्यक्रम** - मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७८ अनुसार मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । कार्यक्रमका लागि यो वर्ष रू.९२ करोड ७९ लाख ३ हजार खर्च भएको छ । यस सम्बन्धमा देखिएका प्रमुख व्यहोरा निम्नअनुसार छन् ।

१३.१ कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १६(२) मा विनियोजन ऐनले छुट्याएको रकम एकभन्दा बढी निकायलाई बाँडफाँट गरी सम्बन्धित कार्यालयलाई जानकारी दिनुपर्ने, एकपटक बाँडफाँट गरिसकेपछि पटक पटक बाँडफाँट गर्न नपाईने व्यवस्था छ । यो वर्ष सुरू विनियोजित रू.१ अर्ब २ करोड १४ लाख ३० हजार मध्ये रू.९ करोड ४१ लाख ५० हजार अवण्डा छुट्याई रकमान्तरबाट थपघट गरी रू.२ करोड ८१ लाख १० हजार कायम गरेतापनि लक्ष्य अनुसार खर्च भएको छैन । कानुनबमोजिम बाहेक अबण्डा राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

१३.२ कार्यक्रमका लागि यो वर्ष विनियोजित रू.१ अर्ब २ करोड १४ लाख ३० हजारमध्ये रू.९२ करोड ७९ लाख ३ हजार स्थानीय तहमार्फत् खर्च गरेको छ । कर्णाली समृद्धि कार्यक्रमअन्तर्गत रोजगारी कार्यक्रमलाई एकीकृत र समन्वयात्मक रुपमा प्रदेशका ७९ पालिकामा ६१८ कार्यक्रममा ८ हजार ६३२ महिला र ८ हजार ७४० पुरुष गरी कुल १७ हजार ३७२ श्रमिकलाई ८ लाख ४६ हजार १९२ कार्य दिन रोजगारी सृजना भएको रोजगार सूचना प्रणालीबाट देखिएको छ । प्रदेश सरकारले सूचीकृत बेरोजगारहरूलाई कम्तीमा सय दिन रोजगार दिने कार्यक्रम रहेतापनि औषतमा ४९ दिन रोजगारी उपलव्ध भएको देखिन्छ । यस प्रकारको खर्चले पुँजी निर्माणमा टेवा पुगेको सुनिश्चित हुने अवस्था छैन । स्थानीय तहका सूचीकृत वेरोजगारलाई न्यूनतम रोजगारी एवं सामुदायिक पूर्वाधारको विकासमार्फत् नागरिकको जीवनस्तरमा सुधार ल्याउन सङ्घीय सरकारले प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन गरेको छ । प्रदेश अन्तर्गतका बेरोजगारको तथ्याङ्क अद्यावधिक नगरी समान प्रकृतिका कार्यक्रमहरू सञ्चालन भएतापनि मापनयोग्य उपलब्धी देखिएको छैन । सङ्घीय कार्यक्रमसँग समानान्तर कार्यक्रमबाट प्राप्त उपलब्धी र दीर्घकालीन व्ययभार विचार गरी कार्यक्रम सञ्चालन ढाँचा तथा कृयाकलापमा पुनरावलोकन हुनु पर्दछ ।

१४. **हाम्रा कुरा हाम्रा मुख्यमन्त्री -** प्रदेश सरकारको गुनासोहरूलाई तत्काल व्यवस्थापन गरी सेवा प्रवाह तथा विकास निर्माणका सम्बन्धमा जनताको गुनासो तथा सुझावका लागि हाम्रा कुरा हाम्रा मुख्यमन्त्री कार्यक्रम सञ्चालनमा रहेको छ । निःशुल्क हटलाईन १ हजार ९६, वेव पोर्टल, इमेल, मोबाइल एप्लिकेशन लगायतका माध्यमबाट यो वर्ष ६६१ गुनासो प्राप्त भएकोमा १३७ फर्स्यौट भएको, २५

असान्दर्भिक रहेको र ४९९ बाँकी रहेको उल्लेख छ । प्राप्त गुनासाहरूको समयमा उपयुक्त निर्णय गरी गुनासो व्यवस्थापन प्रभावकारी बनाउनु पर्दछ ।

१५. **समन्वय परिषद्** - संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा २४(१) मा प्रदेश र स्थानीय तहबीच वा प्रदेशभित्रका एकभन्दा बढी जिल्लाभित्रका स्थानीय तहबीचको समन्वय वा अन्तरसम्बन्धलाई व्यवस्थित गर्न मुख्यमन्त्रीको संयोजकत्वमा समन्वय परिषद् रहने व्यवस्था छ । परिषद्को दुई बैठकले प्रदेश तथा स्थानीय तहका योजना छनौट, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन कार्यमा सामाञ्जस्यता गरी योजना छनौटमा सुधार गर्ने, प्रदेशले प्रदेश परियोजना बैङ्क र स्थानीय तहले स्थानीय परियोजना बैङ्कमा समावेश भएका योजनामात्र छनौट गर्ने, एकीकृत कानुनी पोर्टल तयार गरी लागु गर्ने, गरिवी निवारणका लागि वार्षिक न्यूनतम दश हजार रोजगारीका लागि कर्णाली समृद्धि अभियान सञ्चालन गर्ने, लघु वित्तीय संस्था स्थापना गर्ने लगायत दीर्घकालीन असर देखिने नीतिगत सुधारका १७ निर्णयहरू गरेको छ । प्रदेशको बजेट निर्माण, योजना बाँडफाँट लगायतका कार्यक्रममा परिषद्को निर्णयानुसार सुधार भएको देखिएन । समन्वय परिषद्बाट गरेका निर्णयहरू कार्यान्वयन गर्नुपर्दछ ।

प्रादेशिक कार्यक्रम कार्यान्वयन इकाई

स्थानीय तहको असल र सफल अभ्यासहरूलाई विस्तार गरी प्रदेश तथा सङ्घीय तहमा स्तरोन्नती गर्ने र असफलताका पाठहरू बारे अन्य निकायलाई सूचीत गर्नुका साथै स्थानीय तहको स्वामित्व बढाउन प्रोत्साहित गरी नव प्रवर्तनलाई स्थानीय, प्रदेश तथा सङ्घीय एवं निजी क्षेत्रबीच सहकार्य र लागत साझेदारी प्रवर्द्धन गर्ने उद्देश्यले २०७६।०७।१५ मा कार्यालयको स्थापना भएको हो । हाल नवप्रवर्तन साझेदारी कोष कार्यान्वयन निर्देशिका, २०७८ स्वीकृत गरी स्थानीय शासन सहयोग कार्यक्रम सञ्चालनमा रहेको छ ।

१६. **जनशक्ति व्यवस्था -** सार्वजनिक निकायले कार्यालयको प्रकृति अनुरुप सङ्गठन संरचना एवं कर्मचारी दरवन्दी स्वीकृत गर्नुपर्दछ । इकाईमा कानुनी शासन, अनुगमन तथा मूल्याङ्कन, सूचना प्रविधि, वित्त व्यवस्थापन, नवप्रवर्तन साझेदारी कोष लगायतका विज्ञ जनशक्तिको अस्थायी दरबन्दीमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्रदेश कार्यक्रम निर्देशकसहितका कर्मचारीलाई थप जिम्मेवारी तोकेको छ । दरबन्दी अनुसार विज्ञ जनशक्ति हुन पर्नेमा मन्त्रालयमा कार्यरत कर्मचारीहरूलाई दोहोरो जिम्मेवारी दिएकोले लक्ष्यअनुरुप प्रगति हुन सकेको छैन । कर्मचारी व्यवस्थापनमा सुधार गर्नुपर्दछ ।

१७. **कार्य प्रगति -** कर्णाली प्रदेश आर्थिक कायविधि नियमावली, २०७५ को नियम २७ मा नियम २६ अनुसारको अनुसूची-३ बमोजिमको ढाँचामा प्राप्त प्रतिवेदन उपर भौतिक र वित्तीय पक्षको समीक्षा गर्नुपर्ने व्यवस्था छ । यो वर्ष रू.१ करोड ३३ लाख ३६ हजार बजेटमध्ये रू.७५ लाख ८६ हजार खर्च गरी भौतिक प्रगति ८८.६४ प्रतिशत र वित्तीय प्रगति ६२.४४ प्रतिशत भएको देखियो । स्वीकृत कार्यक्रममध्ये वित्तीय जोखिम प्रणालीलाई आन्तरिकीकरण तथा अभिमुखीकरण, नवप्रवर्तन सिकाई कार्यशाला, वित्तीय सुशासन जोखिम न्यूनिकरण कार्य योजना लगायत १० कार्यक्रम सञ्चालन भएको छैन । वार्षिक कार्यक्रमको लक्ष्य बमोजिम कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

१८. **नवप्रवर्तनमा दिगोपना -** नवप्रवर्तन साझेदारी कोष सञ्चालन निर्देशिका, २०७८ को नियम १९ मा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन प्रदेश तथा स्थानीय तहसँग प्रचलित कानुन र प्रदेश तथा स्थानीय

शासन सहयोग कार्यक्रमको दस्तावेजले निर्दिष्ट गरे बमोजिम हुने उल्लेख छ । यो वर्षको रू.१ करोड ४१ लाख ३३ हजारसमेत १२ नवप्रवर्तन आयोजनामा हालसम्म रू.२२ करोड ६५ लाख ३७ हजार खर्च भएकोमा आयोजनाहरूको उपलब्धि मापन गरेको छैन । भेरी कर्णाली जल पर्यटन आयोजनाको सञ्चालन कार्यविधि तयार नहुँदा ऱ्याफ्टिङ्ग सञ्चालनमा नआई रू.२९ लाख १८ हजार मूल्यका खरिद सामान मौज्दातमा रहेको छ । छायाँनाथ रारा नगरपालिकामा सूचना प्रविधि प्रणाली जडान भएतापनि नयाँ प्रशासकीय भवनमा पुनःस्थापना भए पछिमात्र पूर्णरूपमा सञ्चालन हुने अवस्था देखिएको छ । यसरी लगानी भएका परियोजनाहरूको दीर्घकालीन व्यवस्थापन सुनिश्चित गरी हालसम्म भएको लगानी र उपलब्धि विश्लेषणका आधारमा आयोजनामा लगानी गर्नुपर्ने देखिन्छ ।

कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान

नेपालको प्रशासनिक पुनर्संचरनाको क्रममा नेपाल सरकारको २०७६।०६।०९ को निर्णय अनुसार कर्णाली प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत रहने गरी प्रदेश सुशासन केन्द्रको स्थापना भएकोमा मन्त्रिपरिषद्को २०८०।०४।११ को निर्णयले कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान भएको छ । कर्मचारी तथा जनप्रतिनिधिका लागि तालिमको आवश्यकता पहिचान देखि तालिमका ढाँचा तयारी, सिफारिस, कार्यान्वयन, अनुगमन, अनुसन्धान र प्रगतिको अभिलेखीकरण गर्नु प्रतिष्ठानको प्रमुख उद्देश्य रहेको छ ।

१९. **जनशक्ति व्यवस्था -** सार्वजनिक निकायले कार्यालयको प्रकृति अनुरुप संगठन संरचना एवं दरवन्दी स्वीकृत गर्नुपर्दछ । कर्णाली प्रदेशको शासन व्यवस्थालाई जवाफदेही, जनमुखी र जिम्मेवार बनाउन कर्मचारी संयन्त्र एवं जनप्रतिनिधिसमेतलाई शासन व्यवस्थाबारे दीक्षित गरी सुशासन कायम गर्ने उद्देश्यले स्थापित प्रतिष्ठान पाँच वर्षसम्म दरवन्दी स्वीकृत भएको छैन । शासन व्यवस्था प्रभावकारी बनाउन जनशक्तिको कार्यदक्षता अभिवृद्धिका लागि तालिमको आवश्यकता पहिचान गर्ने, प्रशिक्षण ढाँचा तोक्ने, तालिमको पृष्ठपोषण लिने लगायतका जिम्मेवारी रहेकोमा आवश्यक दरबन्दी स्वीकृत नहुनु उपयुक्त देखिएन । कार्य प्रकृति अनुसार संगठन संरचना निर्माण गरी कर्मचारीको व्यवस्थापन गर्नुपर्दछ ।

२०. **तालिम कार्यक्रम -** केन्द्रले वार्षिक रुपमा सञ्चालन गर्ने तालिमहरूको वार्षिक कार्य तालिका बमोजिम सञ्चालन गर्नुपर्दछ । प्रतिष्ठानले यो वर्ष तालिम कार्यक्रम सञ्चालन गर्न रू.९ करोड ८४ लाख ५० हजार बजेटमध्ये रू.३ करोड २ लाख ७७ हजार खर्च गरेको छ । प्रतिष्ठानले जनशक्ति व्यवस्थान, तालिममा सहभागीको पहिचान पूर्व तयारी, स्रोत व्यवस्थापन जस्ता विषय समावेश गरी वार्षिक कार्यतालिका बनाएको छैन । तालिम सञ्चालनका लागि विषय विज्ञताका आधारमा योग्यता निर्धारण गरी प्रशिक्षकको सूची तयार गरेको छैन । तालिम सञ्चालनका लागि कार्य तालिका निर्माण एवं प्रशिक्षकको सूची व्यवस्थित गर्नुपर्दछ ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा कार्य जिम्मेवारी, संगठन र कर्मचारी व्यवस्थापन, सेवा प्रवाह, नीति तथा कार्यक्रम कार्यान्वयन, मानव संशाधन कार्य योजना, अबन्डा बजेट लगायतमा सुझाव दिइएकोमा अपेक्षित सुधार भएको छैन । विगतको व्यहोरा पुनरावृत्ति नहुने गरी कार्य सम्पादन गर्नु पर्दछ ।
- **बेरूजु –** कार्यालयको यो वर्ष लगती बेरूजु रहेको छैन ।

आन्तरिक मामिला तथा कानुन मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा प्रदेशमा शान्ति सुरक्षा, सुव्यवस्था सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा तथा कार्यान्वयन, नियमन, सूचना संकलन, मूल्याङ्कन र प्रतिवेदन तथा संघ संस्थाको समन्वय र सहकार्य गर्ने लगायतका कार्य रहेका छन् ।

१. **सरकारी कार्यालय -** मन्त्रालय र मातहतसमेत ६ सरकारी कार्यालयको निम्नानुसार रू.२७ करोड ९५ लाख ८ हजारको लेखापरीक्षण सम्पन्न भएको छः

(रकम रू. हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
१८१८२२	२४८२	६५५७	८८६४७	२७९५०८

२. **कार्य जिम्मेवारी** - कर्णाली प्रदेश (कार्य विभाजन) नियमावली २०७४ को अनुसूची-२ अनुसार मन्त्रालयले पूरा गर्नुपर्ने ४३ कार्य जिम्मेवारीमध्ये ७ ऐन, २ नियमावली, २ निर्देशिका र २२ कार्यविधि निर्माण भएको छ । मन्त्रालयको कार्य जिम्मेवारीमा रहेको प्रदेशस्तर सामुदायिक प्रहरी, साइबर सुरक्षा, प्रदेशभित्रका गैर-सरकारी संघ संस्थाको दर्ता, नविकरण तथा नियमनका ऐन तर्जुमा भएको छैन। जग्गा अधिग्रहण तथा सम्पत्तिको प्रादेशिक नीति तथा कानुन तर्जुमा, प्रदेशस्तरको विद्युतीय सञ्चार सम्बन्धी नीति, कानुन र मापदण्ड बनाएको छैन । मन्त्रालयको कार्य क्षेत्र भित्रका नीति, कानुन र मापदण्ड तर्जुमा भन्दा कार्यालय भवन निर्माण जस्ता कार्यमा व्यस्त रहँदा कार्यसम्पादन प्रभावकारी देखिएको छैन । तोकिएको कार्य जिम्मेवारी पूरा गर्न मन्त्रालयले ध्यान दिनुपर्दछ ।

३. **आवधिक योजना** - कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम २० (३) मा बजेट तर्जुमा गर्दा आवधिक योजनाको लक्ष्य तथा नीतिलाई सामञ्जस्यता गर्नु पर्ने उल्लेख छ । कर्णाली प्रदेशको प्रथम आवधिक योजनाले प्रदेश प्रहरी कानुन निर्माण, शान्ति सुरक्षा तथा संगठित अपराध सूचना सङ्कलन, विश्लेषण र सम्प्रेषणका लागि प्रदेश अनुसन्धान ब्यूरो गठन, प्रहरी तालिम केन्द्र स्थापना, सामाजिक द्वन्द्वको पहिचान, विश्लेषण र निराकरण, १८ देखि २० वर्षका प्रत्येक युवायुवतीलाई जीवन तथा समुदाय सुरक्षा तालिम, हटलाईन सेवा सञ्चालन गर्ने जस्ता रणनीति तथा कार्यनीति तयार गरेकोमा वार्षिक नीति तथा कार्यक्रममा सो विषय समेटेको देखिएन । आवधिक योजनाको रणनीति अनुसार कार्यक्रमहरू सञ्चालन गर्नुपर्दछ ।

४. **नीति तथा कार्यक्रम** - प्रदेशको २०७९।८० को नीति तथा कार्यक्रममा प्रदेश तथा स्थानीय तहका लागि आवश्यक कानुन तर्जुमा गरिने, स्थानीय तह र सरोकारवालासँगको सहकार्यमा कानुनी सहायता तथा साक्षरता कार्यक्रम र शान्ति सुरक्षा तथा अमन चयन कायम गर्न कानुनी, संस्थागत र पूर्वाधारको विकास गरिने, प्रदेश र स्थानीय तहका कानुनको एकीकृत विद्युतीय पोर्टलमार्फत अभिलेखीकरण तथा व्यवस्थापन गर्ने, प्रदेश प्रहरी सम्बन्धी कानुन तर्जुमा गर्ने, मानव बेचविखन, घरेलु हिंसा, लागु औषध दुर्व्यसनजस्ता अपराधको मूल कारण पहिचान गरी निदानका लागि अध्ययन अनुसन्धान गर्ने, वडा तहसम्मको विपद् जोखिम नक्साङ्कन तथा प्रतिकार्य योजना तयार गर्ने, विपद् व्यवस्थापन कोषलाई

आत्मनिर्भर र दिगो बनाउने लगायतका कार्यक्रम कार्यान्वयन भएको देखिएन । वार्षिक नीति तथा कार्यक्रमहरूको कार्यान्वयन गर्नुपर्दछ ।

५. **सहिद स्मृति तथा जीवन निर्वाह भत्ता** - सहिद स्मृति भत्ता वितरण निर्देशिका, २०७९ र घाइते अपाङ्ग भएका व्यक्तिलाई जीवन निर्वाह भत्ता वितरण निर्देशिका, २०७९ मा भत्ता वितरण कार्य प्रभावकारिताको सम्बन्धमा आवश्यकता अनुसार मन्त्रालय वा स्थानीय तहको अनुगमन समितिले अनुगमन गर्ने व्यवस्था छ । यो वर्ष जनयुद्ध, जनआन्दोलन र प्रदेश स्थापना आन्दोलनका सहिद तथा वेपत्ता परिवारका हकवालालाई सहिद स्मृति भत्ता र घाइते, अपाङ्ग भएका व्यक्तिलाई जीवन निर्वाह भत्ता मासिक रू.२ हजार दिने गरी रू.१० करोड ५ लाख विनियोजन भएकोमा १ सहायकस्तर कर्मचारीको तलब लगायतका खर्च रू.१० लाखसमेत ६६ स्थानीय तहका २ हजार ८३ वेपत्ता तथा सहिद परिवार र १ हजार ४२९ घाइते अपाङ्गलाई रू.८ करोड ५२ लाख ८८ हजार खर्च गरेकोमा अनुगमन भएको देखिएन । सहिद तथा घाइते अपाङ्गलाई दिएको भत्ताको उपयोगिता अनुगमन गरी समीक्षा गर्नुपर्दछ ।

६. **विपद् राहत** - विपद् पीडित उद्धार तथा राहत वितरण सम्बन्धी कार्यविधि, २०७९ बमोजिम विपद पीडितलाई राहत वितरण प्रयोजनका लागि जिल्ला प्रशासन कार्यालयलाई निकासा गरी वितरण गरेको अनुसूची-३ को ढाँचामा मन्त्रालयमा पठाउनु पर्ने व्यवस्था छ । मन्त्रालयले यस वर्ष जिल्ला प्रशासन कार्यालय हुम्लालाई रू.१५ लाख, जुम्ला, मुगु र कालिकोटलाई रू.३५ लाखका दरले सल्यान, जाजरकोट र दैलेखलाई रू.१० लाखका दरले यो वर्ष रू.१ करोड ५० लाखको अख्तियारी पठाएकोमा वितरणको विवरण पेस गरेको छैन । वितरण गरेको विवरण पेस गरी बाँकी मौज्दात फिर्ता गर्नु पर्दछ ।

७. **विपद् बीमा** - कर्णाली प्रदेश विपद् जोखिम बीमा सम्बन्धी कार्यविधि, २०७६ स्वीकृत गरी कर्णाली प्रदेशको भौगोलिक जटिलता र विपद्बाट हुने दुर्घटनाका लागि प्रतिव्यक्ति रू.२ लाख बीमा व्यवस्था गरेको छ । यो वर्ष १७ लाख ७० हजार व्यक्तिको रू.९ पैसा ३३ का दरले रू.१ करोड ६५ लाख बीमा शुल्क राष्ट्रिय बीमा कम्पनीलाई भुक्तानी गरेको छ । प्राकृतिक जोखिम र दुर्घटनाबाट मृत्यु भएका ६४ बिमितको बिमा सिफारिस भएकोमा १२ को बिमा भुक्तानी प्रक्रियामा रहेको विवरण पेस भएको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार कर्णाली प्रदेशको कूल जनसङ्ख्या १६ लाख ८८ हजार ४१२ रहेकोमा ८१ हजार ५८० व्यक्तिको रू.७ लाख ६१ हजार बढी शुल्क भुक्तानी गरेको छ । बसाई सराई, वैदेशिक रोजगारी लगायतका कारण जनसङ्ख्यामा आएको कमी, सुर्खेतको बीरेन्द्रनगर तथा डोल्पाको तिन्जे, द्यो, जस्ता भौगोलिक अवस्थितिमा रहेको जनसङ्ख्यालाई ध्यान नदिई विगत देखि समानरुपमा १७ लाख ७० हजार कर्णाली बासीको बीमा शुल्क भुक्तानी गर्दै आएको छ । वास्तविक जनसङ्ख्या यकिन गरी खर्चको उपलब्धि र प्रभावकारिता मूल्याङ्कन एवं अभिलेख व्यवस्थित गर्नुपर्दछ ।

८. **निर्माण कार्य** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२ बमोजिम खरिद सम्झौताको पालना गर्न दुवै पक्ष जिम्मेवार हुनुपर्दछ । यो वर्ष सशस्त्र प्रहरी कार्यालय-१, प्रहरी चौकी-१, ईलाका प्रहरी कार्यालय-३ गरी ५ भवन, जिल्ला प्रहरी कार्यालयको संरचना सुधार-२ र पत्रकार महासंघको २ भवन निर्माणसमेत रू.१ करोड ४० लाख निकासा दिएको छ । पर्याप्त बजेट अभावका कारण २०७५/७६

देखि निर्माणाधीन १ प्रहरी चौकी र ३ इलाका प्रहरी कार्यालयको भवन निर्माण कार्य अधुरो रहेका छन् । अधुरो निर्माण कार्यका लागि पर्याप्त बजेट व्यवस्था गरी नयाँ भवन निर्माण सम्पन्न गर्नुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा विनियोजन दक्षता प्रभावकारी नभएको, वार्षिक कार्यक्रम अनुसार प्रगति हासिल नभएको, बिमा कार्यक्रमबाट प्राप्त उपलब्धि र खर्चको प्रभावकारिता मूल्याङ्कन नभएको, विपद् राहत रकम वितरणको अद्यावधिक अभिलेख नराखेको, निर्माण कार्य समयमा सम्पन्न नगरेको लगायतका व्यहोरा औल्याइएकोमा स्थिति सुधार भएको छैन । विगतको व्यहोरा पुनरावृत्ति नहुने गरी कार्य सम्पादन गर्नु पर्दछ ।
- **बेरूजु –** सरकारी कार्यालयतर्फ १ निकायमा यो वर्ष रू.१ करोड ७१ लाख ४५ हजार बेरूजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन सम्बन्धमा प्रतिक्रिया प्राप्त भएको छैन । यस सम्बन्धी विवरण **अनुसूची-९** मा छ ।

आर्थिक मामिला तथा योजना मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन, नियमन लगायत प्रदेशस्तरको आर्थिक स्रोतको बाँडफाँट, लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन, आर्थिक विकासमा सार्वजनिक, निजी, सहकारी तथा गैर सरकारी क्षेत्रसँग लागत साझेदारी एवं समन्वय र सहकार्य सम्बन्धी नीति, मापदण्ड बनाउने लगायतका कार्य रहेका छन् ।

१. **सरकारी कार्यालयः** मन्त्रालय र मातहतसमेत ११ कार्यालयको निम्नानुसार रू.६ अर्ब ८० करोड १९ लाख ६६ हजारको लेखापरीक्षण सम्पन्न भएको छ ।

(रकम रू. हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
१४३५१३	६६१६१९१	१९५९८	२२६६४	६८०१९६६

उक्त रकममा वित्तीय व्यवस्थातर्फ रू.६ करोड ३ लाख ५० हजार र स्थानीय तह वित्तीय हस्तान्तरणतर्फ रू.४ अर्ब ३२ करोड ११ लाख ३५ हजारसमेत रू.४ अर्ब ३८ करोड १४ लाख ८५ हजार समावेश छैन ।

२. **कार्य जिम्मेवारी -** कर्णाली प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ को अनुसूची-२ मा मन्त्रालयले गर्ने कार्यहरू उल्लेख छ । मन्त्रालयले प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन र नियमन, प्रदेश सरकारको लगानी र लाभको लेखा व्यवस्थापन, बीमा र बीमा व्यवसायको सञ्चालन, व्यवस्थापन, प्रवर्द्धन तथा विस्तार र नियमन, प्रदेशस्तरका सार्वजनिक संस्थान, वित्तीय संस्था, समिति, प्रतिष्ठान तथा कम्पनी आदिको सञ्चालन, व्यवस्थापन, सुधार र नियमन लगायतका काम सुरु गरेको छैन । आर्थिक विकासमा निजी, सहकारी तथा गैरसरकारी क्षेत्रसँगको समन्वय र सहकार्य गर्न सार्वजनिक निजी साझेदारी ऐन अनुरुप काम हुन सकेको छैन । मन्त्रालयले कार्य प्रकृति अनुसार कार्य प्राथमिकीकरण गरी जिम्मेवारी पूरा गर्न कार्ययोजना बनाउनु पर्दछ ।

३. **कानुन निर्माण -** कर्णाली प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ को अनुसूची-२ मा प्रदेशको अर्थ एवं वित्तीय व्यवस्था विधेयकको मस्यौदा निर्माण गरी पेस गर्ने काम मन्त्रालयलाई तोकिएको छ । मन्त्रालयले हालसम्म १७ ऐन, ७ नियम, २१ निर्देशिका तथा कार्यविधिसमेत ४५ कानुन निर्माण गरेको छ । मन्त्रालयले आर्थिक कार्यविधि ऐन, २०७४ अनुसार आर्थिक कारोबार गरेपनि वित्तीय हस्तान्तरणलाई सम्बोधन गर्ने गरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन नियम तर्जुमा गरेको छैन ।

४. **बजेट निर्माण -** कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम २०(२) मा प्रदेश योजना आयोगको सिफारिसमा बहुवर्षीय योजना तोक्न सक्ने र बहुवर्षीय योजनाबाहेकका योजनाका लागि मन्त्रालयले आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रमको प्राथमिकता र लक्ष्य निर्धारण गरी

मन्त्रालयलाई आवश्यक मार्गदर्शन उपलव्ध गराउने व्यवस्था छ । कर्णाली प्रदेश योजना आयोगको भूमिका प्रभावकारी नरहेको कारण गत दुई वर्ष देखि मन्त्रालयले एकल जिम्मेवारीमा बजेट निर्माण गर्दै आएको छ । आवधिक योजनासँग सामञ्जस्यता हुनेगरी बजेट निर्माण भएको छैन । प्रदेश सरकारले योजना आयोगलाई सक्रिय बनाई उपलब्ध विज्ञताको उपयोग गर्नुपर्दछ ।

५. **योजना स्वीकृत -** कर्णाली प्रदेश, आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम २३ मा विकास आयोजनाको बजेट तर्जुमा गर्दा आयोजनाको सम्भाव्यता अध्ययन र आर्थिक, प्राविधिक, वातावरणीय तथा प्रशासकीय उपयुक्तताका आधारमा प्रतिफलसमेतको विचार गरी आयोजना स्वीकृत हुनुपर्ने व्यवस्था छ । यसवर्ष रू.१० लाखसम्मको ९५१, रू.२० लाखसम्मको १ हजार ६७५, रू.५० लाख सम्मको ७४४, रू.१ करोडसम्मको २०६ र रू.१ करोड भन्दामाथिको २१८ योजना स्वीकृत गरी कार्यान्वयन गरेको छ । स्वीकृत योजनाहरूको संभाव्यता अध्ययन प्रक्रिया पूरा हुने गरेको छैन। विवरण अनुसार ४४.१५ प्रतिशत योजना रू.२० लाखभन्दा कमका रहेका छन् । पालिकास्तरबाटै सञ्चालन हुनसक्ने योजनाहरू सम्बन्धित पालिकामार्फत् कार्यान्वयन नगरी प्रदेशले सञ्चालन गर्दा योजना दोहोरो पर्न सक्ने अवस्था छ । कुल ३ हजार ७९४ योजनामा रू.१ करोड माथिको योजनामा रू.९ अर्ब ९३ करोड ४२ लाख ६५ हजार बजेट व्यवस्था गरेकाले प्रदेशले रुपान्तरणकारी योजनाको पहिचान गरेको देखिएन । स-साना योजनाहरूमा खर्च गर्दा योजना प्रभावकारी देखिएको छैन । स्थानीय तह र प्रदेश सरकारको कार्य क्षेत्र स्पष्ट गरी योजना तथा कार्यक्रम स्वीकृत गर्ने कार्यमा सुधार गर्नुपर्दछ ।

६. **आय व्यय -** प्रदेश सरकारको बजेट वक्तव्य २०७९।८० मा रू.३२ अर्ब ६१ करोड ६१ लाख ६३ हजार आय-व्यय अनुमान रहेकोमा प्रदेश लेखा नियन्त्रक कार्यालयबाट पेस भएको विवरण अनुसार प्रदेश अन्तर्गत सङ्घीय सरकारको अनुदान, राजस्व बाँडफाँट, प्रदेश राजस्व र गत वर्षको बचत रू.८ अर्ब ६० करोड २६ लाख ८२ हजारसमेत रू.२९ अर्ब २१ करोड ३२ लाख ४० हजार आय र रू.२२ अर्ब २५ करोड ७८ लाख ७३ हजार खर्च गरी सङ्घीय सरकारलाई फिर्ता गर्नुपर्ने रू.३२ लाख ७२ हजारसमेत रू.६ अर्ब ९५ करोड ५३ लाख ६७ हजार बचत भएको छ । प्रदेश सरकारको बजेट सङ्घीय अनुदानमा बढी निर्भर रहेकोले आन्तरिक स्रोत पहिचान गरी आत्मनिर्भरमा प्रयत्नशील रहनुपर्छ ।

७. **रकमान्तर -** कर्णाली प्रदेश विनियोजन ऐन, २०७९ को दफा ४(२) मा रकमान्तर सम्बन्धी व्यवस्था रहेको छ । यो वर्ष रू.३२ अर्ब ६१ करोड ६१ लाख ६३ हजार बजेट पेस भएकोमा अर्थ विविध र स्थानीय तहसमेत १५ निकायको रू.१३ अर्ब २५ करोड ३७ लाख ४३ हजार (४०.६३ प्रतिशत) रकमान्तर गरेकोमध्ये असार महिनामा रू.६२ करोड ९१ लाख ११ हजार रहेको छ । संसदबाट अनुमोदित बजेटलाई विनियोजन ऐनले तोकेको बजेट सीमाभन्दा बढी हुनेगरी वर्षान्तमा रकमान्तर गर्ने कार्यमा सुधार ल्याउनुपर्दछ।

८. **अर्थ/विविधबाट खर्च -** कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम २०(३)मा आवधिक योजनाको लक्ष्य, नीति र प्रदेश योजना आयोग र आर्थिक मामिला तथा योजना मन्त्रालयको मार्गदर्शनलाई ध्यानमा राखी प्रदेश सरकारले गर्नुपर्ने काम, हासिल गर्ने लक्ष्य, कार्यक्रम र आर्थिक स्रोतसमेतलाई ध्यानदिई बजेट तथा कार्यक्रम स्वीकृत गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले अर्थ विविध शीर्षकमा चालु खर्च रू.१ अर्ब र पुँजीगत रू.५० करोडसमेत रू.१ अर्ब ५० करोड एकमुष्ठ बजेट

विनियोजन गरेकोमा विभिन्न मन्त्रालय अन्तर्गत चालु शीर्षकमा रू.९२ करोड २१ लाख ४७ हजार र पुँजीगत शीर्षकमा रू.३९ करोड ५३ लाख ५० हजारसमेत रू.१ अर्ब ३१ करोड ७४ लाख ९७ हजार रकमान्तर गरेको छ । अर्थ विविध शीर्षकबाट असारमा रू.८९ करोड ५८ लाख निकासा गरेको छ । अर्थ/विविधमा अवण्डा बजेट राखी वर्षान्तमा रकमान्तरबाट थप गर्ने प्रवृत्तिमा सुधार गर्नुपर्दछ ।

९. **स्थानीय तह अनुदान** - स्थानीय तहलाई दिइने अनुदानमध्ये कार्यविधि बमोजिम समपुरक, सशर्त र विशेष अनुदान हस्तान्तरण हुने तथा समानीकरण अनुदान राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले निर्धारण गरेको मानक बमोजिम हस्तान्तरण हुने गरेको छ । यो वर्ष प्रदेशस्थित ७९ स्थानीय तहहरूलाई वित्तीय समानीकरण अनुदानतर्फ रू.७९ करोड ४४ लाख ९६ हजार, समपुरक अनुदानतर्फ रू.२४ करोड ३५ लाख ९९ हजार, सर्शत अनुदानतर्फ रू.३ अर्ब ४ करोड ६२ लाख ११ हजार र विशेष अनुदानतर्फ रू.२३ करोड ६८ लाख २८ हजारसमेत रू.४ अर्ब ३२ करोड ११ लाख ३५ हजार वित्तीय हस्तान्तरण गरेको छ । अनुदानमध्ये हुम्लाको अदानचुली र चंखेली गाउँपालिकाको रू.६ करोड ८४ लाख ८७ हजारको लेखापरीक्षण भएको छैन । मन्त्रालयले प्रदेश सरकारबाट हस्तान्तरित अनुदानबाट सञ्चालित कार्यक्रमको प्रगति विवरणको अनुगमन गरेको छैन । स्थानीय तहलाई हस्तान्तरण गरेको अनुदान कार्यक्रमको अनुगमन गरी स्रोत परिचालन व्यवस्थित बनाउनु पर्दछ ।

१०. **बजेट व्यवस्था** - कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ नियम २३ विकास आयोजनाको बजेट तर्जुमा गर्दा प्रस्तावित आयोजनाको सम्भाव्यता अध्ययन र आर्थिक, प्राविधिक, वातावरणीय तथा प्रशासकीय उपयुक्तताको आधारमा प्रतिफलसमेतको विचार गरी प्रदेश सरकारबाट आयोजना स्वीकृत हुनु पर्ने व्यवस्था छ । आयोजना स्वीकृत गर्दा आम्दानीको स्रोत निश्चित नगरी बहुवर्षीय योजनामा स्रोत सुनिश्चितता स्वीकृत दिने गरेको छ । मन्त्रालयले यसवर्ष १० बहुवर्षीय योजनाका लागि रू.२ अर्ब ५५ करोड ५४ लाख ५१ हजारको स्रोत सुनिश्चितता दिएको छ । यो वर्ष आन्तरिक आम्दानी रू.५७ करोड १७ लाख १० हजार प्राप्त भएको र अन्य आम्दानीको स्रोत पहिचान नभएकोले पछिल्ला वर्षको कार्यक्रमलाई असर पर्ने एवं दायित्व सिर्जना हुनेगरी दीर्घकालीन महत्वका योजनामा दिएको स्रोत सुनिश्चितता प्रभावकारी हुन सक्ने देखिएन । बजेट तर्जुमा गर्दा स्रोत सुनिश्चितता भएको कार्यक्रमलाई योजनामा समावेश गरी कार्यान्वयन गर्नुपर्दछ ।

११. **वैदेशिक लगानी** - "समृद्ध कर्णाली, सुखारी कर्णालीबासी" को दीर्घकालीन लक्ष्य हासिल गर्न प्राथमिकताका ठूला योजनाहरू आधुनिक प्रविधिसहित लगानी भित्र्याउनका लागि वैदेशिक लगानी परिचालन गर्न कर्णाली प्रदेशको प्रथम पञ्चवर्षीय योजना अवधिभर रू.२० करोड लगानी हुने उल्लेख छ । योजनाले उल्लेख गरेको विषय नीति तथा कार्यक्रम एवं बजेटले अवलम्वन गरेको लगानी प्रोत्साहनलाई प्राथमिकतामा राखेको देखिएन । दीर्घकालीन लक्ष्य प्राप्तिका लागि वैदेशिक स्रोतको खोजी र लगानीको उचित वातावरण बनाउने गरी नीति तथा कार्यक्रममा सुधार गर्नुपर्दछ ।

१२. **कार्यक्रमको दोहोरोपना** - स्थानीय तह र प्रदेश सरकारको कार्य क्षेत्र स्पष्ट गरी राष्ट्रिय योजना आयोगले आयोजना मापदण्ड तोकेको छ । यो वर्षको सिंचाइ आयोजना निर्माण तथा मर्मत गर्न जलस्रोत तथा ऊर्जा विकास मन्त्रालयबाट रू.१ अर्ब २१ करोड ६४ लाख ४७ हजार तथा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट रू.५२ करोड ६९ लाख ५३ हजार खर्च गरेको

देखिन्छ। साथै दातृ निकायहरूले सिंचाइ, तटबन्ध र कृषि प्रविधिमा लगानी गर्दै आएका छन् । मन्त्रालयले स्वीकृत गरेका अधिकांश योजनाहरू रू.१५ लाखभन्दा घटीका देखिन्छन् । एउटै प्रकृतिको योजनामा सिंचाइ, कृषि र पूर्वाधारसँग सम्बन्धित कार्यालयहरूको समन्वय हुन सकेको छैन। योजना कार्यान्वयन गर्ने निकायहरूले कतिपय योजना कार्यान्वयनका लागि निर्माण स्थलको पहिचान नभएका कारण योजना सञ्चालन भएको देखिएन । एकभन्दा बढी निकायबाट बजेट विनियोजन हुने र स-साना योजनामा खर्च गर्ने प्रवृतिले उपलब्धि दिने देखिदैन । मन्त्रालय र कार्यालयको जनशक्ति र कामको प्रकृतिमा तालमेल हुने गरी मागका आधारमा कार्यक्रम छनोट गरी कार्यान्वयन गर्नु पर्दछ ।

१३. **राजस्व प्रक्षेपण तथा असुली -** प्रदेशको आय व्ययको अनुमान आधार स्पष्ट हुनुपर्दछ । प्रदेश विनियोजन ऐन, २०७९ अनुसार यो वर्ष आन्तरिक स्रोतबाट रू.७१ करोड २९ लाख ७४ हजार राजस्व सङ्कलन हुने उल्लेख गरेकोमा रू.५७ करोड १७ लाख १० हजार अर्थात् ८०.१८ प्रतिशत सङ्कलन भएको छ । राजस्व बाँडफाँटमार्फत सङ्घबाट प्राप्त हुने मूल्य अभिवृद्धि कर र अन्तःशुल्कको योगदान रू.६ अर्ब ५१ करोड ८६ लाख ७९ हजार रहेको छ । आयको प्रक्षेपण भन्दा न्यून असुली भएकोमा आवधिक समीक्षा गरी सुधारको उपाय अवलम्बन गरेको देखिएन । तथ्यपरक ढङ्गले राजस्व प्रक्षेपण गरी सङ्कलन एवं परिचालन गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

मन्त्रालयले आन्तरिक राजस्व संकलन गर्न अपनाउनु पर्ने नीति तथा करका क्षेत्रको पहिचान गरेको देखिदैन । आन्तरिक राजस्वमा सुधार ल्याउन र करको दायरा पहिचान र प्रक्षेपण गर्न नीतिगत व्यवस्था नगरेकोले प्रदेश सरकार सङ्घीय अनुदानमा निर्भर रहनु परेको स्थिति छ । राजस्व नीति, करको दायरा एवं क्षेत्र स्पष्ट गरी राजस्वमा वृद्धि गरिनु पर्दछ ।

१४. **अन्तर सरकारी अख्तियारी** - विनियोजन ऐन, २०७९ को दफा ५ मा प्रदेशको बजेट तथा कार्यक्रममा समावेश भएको पुँजीगततर्फको कुनै योजना तथा कार्यक्रम प्रदेशले नेपाल सरकारको सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन गराउन आवश्यक ठानेमा नेपाल सरकारको सम्बन्धित मन्त्रालय र नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृती लिई त्यस्तो योजना वा कार्यक्रम नेपाल सरकार सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन गर्न सक्ने व्यवस्था छ । प्रदेश सरकारको नीति कार्यक्रम र बजेटको उद्देश्य परिपूर्तिका लागि प्रदेश कानुनबमोजिम विकास निर्माण र सेवा प्रवाहका कार्य गर्नुपर्नेमा प्रदेशले सङ्घीय सरकारका २० कार्यालयलाई रू.३४ करोड १२ लाख १४ हजार बजेट उपलब्ध गराएको छ । यसको विवरण अनुसूची-१२ मा समावेश छ ।

प्रदेश लेखा नियन्त्रक कार्यालय

१५. **प्रदेश सञ्चित कोष -** कार्यालयले तयार गरेको कोष हिसाब विवरण अनुसार प्रदेशको सञ्चित कोषको अवस्था निम्नानुसार रहेको छ ।

(रकम रू. हजारमा)

क्र.सं.	प्राप्ति	गत वर्ष	यस वर्ष
१	गत वर्षको मौज्दात जिम्मेवारी	९,५४,४८,५८	८६०२६८२
२	राजस्व तथा अनुदान	२५,१२,७४,१८	२०६१०५५८
२.१	कर राजस्व	७९७४६१६	६७४१४६०
२.२	अन्य राजस्व	६६०८२०	३४८९३०

क्र.सं.	प्राप्ति	गत वर्ष	यस वर्ष
२.३	गत वर्षको नगद मौज्दात तथा बेरूजु	०	०
२.४	समानीकरण अनुदान	१०१४२१००	९३८५६००
२.५	समपुरक अनुदान	८१३५००	३३८४९१
२.६	सशर्त अनुदान	४९२३३८२	३३९१३१६
२.७	विशेष अनुदान	६१३०००	४०४७६१
३	वित्तीय व्यवस्था	११७५००	
३.१	सोधभर्ना हुने गरी भएको खर्च	०	०
३.२	ऋण लगानी फिर्ता	०	०
३.३	शेयर विक्री	०	०
३.४	वैदेशिक ऋण प्राप्ति	०	०
४	अनुदान मध्ये खर्च नभई फिर्ता गर्नुपर्ने रकम	(२१२०८५१)	०
५	चालु आर्थिक वर्षको सञ्चित कोषको खुद मौज्दात	८६०२६८२	०
	जम्मा प्राप्ति	**३२५५१४२६**	**२९२१३२४०**
	भुक्तानी		
१	चालु वर्षको भुक्तानी		२२२५७८७३
१.१	सञ्चित कोषमाथि व्ययभार हुने रकममा खर्च	१०२३५	०
१.२	विनियोजन ऐनद्वारा भएको खर्च (चालु)	९०७४५०५	९४८१३२५
१.३	विनियोजन ऐनद्वारा भएको खर्च (पुँजीगत)	१४७४६८५४	१२७७६५४८
२	वित्तीय व्यवस्था भुक्तानी		
२.१	आन्तरिक ऋणको सावा भुक्तानी	०	०
२.२	बाह्य ऋणको साँवा भुक्तानी	०	०
२.३	ऋण लगानी तथा शेयर लगानी	०	०
	जम्मा भुक्तानी	**२३,८३,१५,९४**	**२२२५७८७३**
	मौज्दात		**६९५५३६७**

कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २५(१) मा प्रदेश लेखा नियन्त्रक कार्यालयले तोकिएको अवधिभित्र प्रदेश सञ्चित कोषको अतिरिक्त विनियोजन, राजस्व, धरौटी, वैदेशिक अनुदान र ऋण सहायता तथा लगानीसमेत समावेश गरी लेखा र आर्थिक वर्षको एकीकृत वित्तीय विवरण तयार गरी सम्वन्धित निकाय तथा महालेखा परीक्षकको कार्यालयमा बुझाउनुपर्ने व्यवस्था छ। प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्रदेशको एकीकृत आर्थिक विवरण २०८० मङ्सिरमा पेस गरेतापनि नेपाल सार्वजनिक क्षेत्र लेखामानमा आधारित वित्तीय विवरण तयार गरेको छैन । गत वर्ष रू.११ करोड ७१ लाख ५० हजार र यसवर्ष रू.६ करोड ३ लाख ५० हजार समेत रू.१७ करोड ७५ लाख जगदुल्ला हाइड्रोपावर कम्पनी लिमिटेडमा शेयर लगानी गरेकोमा ऋण तथा शेयर लगानी हिसावमा समावेश गरेको छैन । नेपाल सार्वजनिक क्षेत्र लेखामानमा आधारित वित्तीय विवरण तयार गरी लेखापरीक्षणमा पेस गर्नुपदर्छ ।

१६. **खर्चको स्रोतगत अवस्था -** स्रोतगत विवरणमा प्रदेश सरकारको रू.१० अर्ब ५३ करोड ३८ लाख ८९ हजार र सङ्घीय सरकारको रू.११ अर्ब ७२ करोड ३९ लाख ८४ हजारसमेत २२ अर्ब २५ करोड ७८ लाख ७३ हजार खर्च रहेको छ । सङ्घीय सरकार समानीकरण अनुदानतर्फ रू.७ अर्ब ५९ करोड २६ लाख ९० हजार, सशर्त अनुदानतर्फ रू.३ अर्ब ४० करोड २२ लाख ३६ हजार, समपुरक अनुदानतर्फ ३२ करोड ५९ लाख ६५ हजार र विशेष अनुदानतर्फ ४० करोड ३० लाख

९३ हजार खर्च भएको छ । कुल खर्चमध्येको सङ्घीय अनुदानको ५२.६७ प्रतिशत देखिएकोले प्रदेशको आन्तरिक आम्दानी बढाउनु पर्ने देखिन्छ ।

१७. **प्रदेश विभाज्य कोष -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्रदेश विभाज्य कोषको आम्दानीमध्ये ६० प्रतिशत प्रदेश सञ्चित कोषमा र ४० प्रतिशत स्थानीय सञ्चित कोषमा बाँडफाँट गर्ने व्यवस्था छ । यो वर्ष प्रदेश विभाज्य कोषमा रू.१९ करोड ५५ लाख राजस्व असुल भएकोमा प्रदेश विभाज्यकोषमा रू.११ करोड ७३ लाख सारेको र बाँकी ४० प्रतिशतले हुने रकम रू.७ करोड ८२ लाख स्थानीय सञ्चित कोषमा सारेको छ ।

१८. **धरौटी तथा विविध कोष -** प्रदेश कोष हिसाव विवरण अनुसार गत वर्षको धरौटी जिम्मेवारी रू.८६ करोड ३३ हजारमा यस वर्ष रू.४२ करोड ६१ लाख ७० हजारसमेत रू.१ अर्ब २८ करोड ६२ लाख ३ हजार आय प्राप्त भएकोमा रू.२९ करोड ९ लाख १६ हजार सदरस्याहा र फिर्ता खर्च भई वर्षान्तमा रू.९९ करोड ५२ लाख ८७ हजार मौज्दात देखिन्छ । विविध कोषतर्फ वर्षान्तमा १० जिल्लाको मौज्दात रू.१९ करोड २३ लाख ४ हजार रहेको छ ।

१९. **प्रदेश विनियोजन -** प्रदेश सरकारको कुल बजेट ३२ अर्ब ९७ करोड १९ लाख ३९ हजार रहेकोमा रू.२२ अर्ब २५ करोड ७८ लाख ७३ हजार खर्च गरेको छ । कुल खर्चमध्ये चालुतर्फ सञ्चित कोष माथि व्ययभार पर्ने रू.८९ लाख ३६ हजारसमेत रू.९ अर्ब ४८ करोड १३ लाख २५ हजार र पुँजीगततर्फ रू.१२ अर्ब ७७ करोड ६५ लाख ४८ हजार खर्च गरेको छ । कुल बजेटको तुलनामा ६७.५३ प्रतिशत खर्च भएकोमा चालुतर्फ ४२.६ प्रतिशत र पुँजीगततर्फ ५७.४ प्रतिशत खर्च भएको छ । अख्तियारी, बजेट तथा कार्यक्रमको ढिलाईको कारण पुँजीगत खर्च न्यून देखिएको छ ।

२०. **आन्तरिक लेखापरीक्षण -** कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३२(१) मा प्रदेश लेखा नियन्त्रक कार्यालयले प्रदेश अन्तर्गतका कार्यालयहरूको आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका आधारमा प्रत्येक दुई महिनामा आन्तरिक लेखापरीक्षण गर्नुपर्ने र १५ दिनभित्र कार्यालय प्रमुखलाई प्रतिवेदन दिनुपर्ने व्यवस्था छ । तोकिएको समयमा लेखापरीक्षण गरी सुझावसहितको टिप्पणी नगरेको, वार्षिक प्रतिवेदन आश्विन मसान्तभित्र तयार गरी आर्थिक मामिला तथा योजना मन्त्रालयमा नपठाएको. प्रतिवेदनउपर भएको कार्यान्वयन सम्बन्धित मन्त्री समक्ष पेस नगरेको कारण आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिएन । यो वर्ष १० जिल्लाको आन्तरिक लेखापरीक्षणबाट असुल गर्नुपर्ने रू.७५ लाख १७ हजार, अनियमित रू.१ करोड ५६ लाख ८४ हजार र म्याद नाघेको पेश्की रू.४२ करोड ४ लाख ४२ हजारसमेत रू.४ करोड ४३ लाख ४२ हजार लगती बेरुजु भएकोमा असुल फर्स्यौंट भएको देखिएन । कानुनबमोजिम आन्तरिक लेखापरीक्षणबाट देखिएको बेरुजु समयमा फर्स्यौंट गर्नुपर्दछ ।

२१. **घर जग्गाको लगत -** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ५४ मा प्रदेशभित्रको सरकारी घर जग्गाको लगत प्रदेश लेखा नियन्त्रक कार्यालय र आर्थिक मामिला तथा योजना मन्त्रालयले विद्युतीय प्रणालीमा अद्यावधिक गर्नुपर्ने व्यवस्था छ । कार्यालयले प्रदेशभित्रको सरकारी घर जग्गाको लगत राखेको छैन । प्रदेश सरकारको भवन लगायत पूर्वाधारको लगत व्यवस्थित नभएको कारण कार्यालयको भौतिक पूर्वाधार संरचनाहरूको आवश्यकता विश्लेषण गर्न सकिने अवस्था छैन । घर जग्गाको लगत राखी सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा अभिलेख अद्यावधिक गर्नुपर्दछ ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा आवधिक योजनासँग समन्वय हुने गरी नीति तथा कार्यक्रम तर्जुमा नगरेको, वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने गरेको, तथ्यपरक ढङ्गले राजस्वको प्रक्षेपण गरी संकलन एवं परिचालन नगरेको, एकीकृत वित्तीय विवरण समयमा तयार नगरेको, अर्थ/विविधमा अवण्डा बजेट राखी रकमान्तर गर्ने गरेको, स्रोत प्राप्तिको आधार बेगर बहुवर्षीय आयोजनाहरूलाई स्रोत सुनिश्चितता दिने गरेको, आन्तरिक लेखापरीक्षण प्रतिवेदन तथा सोको कारबाहीको प्रतिवेदन सम्बन्धित मन्त्रीसमक्ष पेस नगरेको लगायतका व्यहोरा औल्याइएकोमा स्थिति सुधार भएको छैन । विगतको व्यहोरा पुनरावृत्ति नहुने गरी कार्य सम्पादन गर्नु पर्दछ ।
- **बेरूजु –** सरकारी कार्यालयतर्फ ५ निकायमा यो वर्ष रू.३९ लाख २३ हजार बेरूजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराए पछि रू.३२ लाख ७२ हजार फर्स्यौट गरेकोले रू.६ लाख ५१ हजार बाँकी रहेको छ । यस सम्बन्धी विवरण **अनुसूची-९** मा छ ।

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्य क्षेत्रमा व्यापार, वाणिज्य र बजार प्रतिस्पर्धा नीति, कानुन, मापदण्ड तथा योजना कार्यान्वयन, खानी तथा खनिज पदार्थको अन्वेषण, संरक्षण क्षेत्र र चरन क्षेत्रको व्यवस्थापन, भू-स्खलन नियन्त्रण लगायतका कार्य रहेका छन्।

१. **सरकारी कार्यालय** - मन्त्रालय र मातहतसमेत २६ सरकारी कार्यालयको निम्नानुसार रू.१ अर्ब ६६ करोड ७४ लाख ४३ हजारको लेखापरीक्षण सम्पन्न भएको छ:

(रकम रू. हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
१४२०७३३	१०८९२३	१०२८२०	३४९६७	१६६७४४३

२. **कार्य जिम्मेवारी** - कर्णाली प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार मन्त्रालयको कार्य क्षेत्र र कार्य जिम्मेवारीमा तोकिएका ६२ कार्य जिम्मेवारीमध्ये व्यापार, वाणिज्य, उद्योग, वन, पर्यटन तथा वातावरण सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तर्जुमा, प्रादेशिक व्यापार, पूर्वाधार निर्माण, ढुवानी तथा कार्गो व्यवस्थापन, प्रदेश स्तरको औद्योगिक क्षेत्र र विशेष आर्थिक क्षेत्रको सङ्घीय मापदण्ड अनुसार वर्गीकरण, गुणस्तर परीक्षण र नियमन, उपभोक्ता अदालत गठन, प्रदेशस्तरमा इन्धनको गुणस्तर परीक्षण, पर्यटक प्रहरी, प्रदेशस्तरमा वातावरणीय सूचना प्रणालीको स्थापना जस्ता कार्यको सुरुवात भएको देखिएन । कार्य जिम्मेवारी अनुसार नीति, ऐन, कानुन, निर्देशिका, कार्यविधि तर्जुमा गरी कार्य प्रभावकारीता अभिवृद्धि गर्नुपर्दछ ।

३. **नीति योजना निर्माण** - कर्णाली प्रदेश (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयले प्रदेशस्तरमा व्यापार, वाणिज्य, उद्योग, वन, पर्यटन तथा वातावरणको प्रादेशिक नीति, कानुन, मापदण्ड, योजनाको तर्जुमा गरी लागु गर्नु पर्नेमा मन्त्रालयले उद्योग, वाणिज्य, वन तथा वातावरण नीति तर्जुमा गरेको छैन । पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण क्षेत्रहरूको पर्यटन गुरु योजना बनाई कार्यान्वयन भएको छैन । प्रदेशको दीर्घकालीन महत्वका औद्योगिक, पर्यटकीय एवं वातावरणीय क्षेत्रहरू पहिचान गरी गुरु योजना तयार गरी कार्यान्वयन गर्नुपर्दछ ।

४. **आवधिक योजना** - कर्णाली प्रदेश प्रथम पञ्चवर्षीय योजनाले शहरी वृक्षारोपण, भू-परिधि क्षेत्रहरूको पहिचान, महत्वपूर्ण प्रजाति संरक्षण, वनस्पति, उद्यान तथा जिओपार्कहरूको अध्ययन, निर्माण र व्यवस्थापन, खर्क तथा पाटन, वन्यजन्तु प्रजनन कार्यक्रम, जडिबुटी अनुसन्धान प्रयोगशाला निर्माण तथा प्रशोधित जडिबुटीको मूल्यश्रृङ्खला अभिवृद्धि कार्यक्रम, कर्णाली ब्रान्डिङ्ग, खानी तथा खनिज पदार्थ संस्थागत व्यवस्था, बहुमूल्य पत्थरको सङ्कलन, प्रशोधन र बजारीकरण, औद्योगिक विकासका लागि वित्तीय व्यवस्था, कर्णाली पर्यटन गुरुयोजना निर्माण तथा कार्यान्वयन, एक जिल्ला एक पर्यटकीय पूर्वाधार निर्माण, करिडोर तथा ग्रेट हिमालयन ट्रेल पूर्वाधार विकास, गुरिल्ला ट्रेल, रेडपाण्डा ट्रेल, शिवपथ र बौद्धपथको पूर्वाधार निर्माण, सिंजा र दुल्लुमा खस सभ्यता संग्रहालय, राउटे जातिको संस्कृतिमा आधारित पर्यटन विकास कार्यक्रम लगायतका ५९ कार्यक्रमहरूको लक्ष्य निर्धारण गरेकोमा संरक्षित भू-परिधि प्रशोधित जडिबुटीहरूको उत्पादन वृद्धि, गैरकाष्ठ वनपैदावार उत्पादन, ठूला तथा मझौला

उद्योगको स्थापना, खानी उत्खनन् तथा प्रशोधन उद्योगको स्थापना लगायतका कार्यक्रम सञ्चालन भएको देखिएन । आवधिक योजनाको लक्ष्यको आधारमा कार्यक्रम कार्ययोजना बनाई कार्यान्वयन गर्नुपर्दछ।

५. **नीति तथा कार्यक्रम** - कर्णाली प्रदेश सरकारको नीति तथा कार्यक्रममा "दिगो वन व्यवस्थापन स्वच्छ र समृद्ध जीवनयापन" भन्ने सोच कार्यान्वयका लागि वन व्यवस्थापन गरी २०७९।८० लाई "कर्णाली वृक्षारोपण वर्ष" घोषणा, महिला, कृषि, वन, जडिबुटी विकास कार्यक्रम "मेक इन कर्णाली" कार्यक्रम, "सीपसँग सहयोग कार्यक्रम," "गरी खाने कार्यक्रम", एक जिल्ला एक औद्योगिक ग्राम स्थापना, रकक्लाइम्बिङ्ग, प्याराग्लाइडिङ्ग, बन्जी जम्प, ज्याफ्टिङ्ग लगायतका साहसिक पर्यटनको लागि सम्भाव्यता अध्ययन, कर्णाली प्रदेश पर्यटन गुरुयोजना कार्यान्वयन जस्ता कार्यक्रमहरू उद्घोष गरेपनि बजेटमा समावेश भएको देखिएन । स्रोत साधन उपलव्ध भई कार्यान्वयन गर्न सकिने कार्यक्रममात्र नीति तथा कार्यक्रममा उल्लेख गरी लक्षित उपलब्धि हासिल गर्नुपर्दछ ।

६. **बजेट कार्यान्वयन तथा प्रगति** - कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम २७ मा चौमासिक प्रतिवेदनउपर तालुक निकायले भौतिक र वित्तीय पक्षको समीक्षा गर्नुपर्ने व्यवस्था छ । मन्त्रालय र मातहत कार्यालयका लागि यस वर्ष रू.२ अर्ब १८ करोड ७६ लाख ९० हजार बजेट विनियोजन भएकोमा रू.१ अर्ब ४२ करोड ७ लाख ३३ हजार (६४.९४ प्रतिशत) खर्च भएको छ । उद्योग स्थापना र परिचालनको लागि निःशुल्क ब्याजमा ऋण तथा उद्यमी सहयोग, सिर्जनशील उद्यममार्फत गरिखाने कार्यक्रम, लघु औद्योगिक ग्राम निर्माण, वातावरणीय प्रदुषण अनुगमन सञ्जाल स्थापना, काँक्रेविहारमा घेराबारा निर्माण, हवाई उडान सहुलियत कार्यक्रम, रारा पर्यटकीय पूर्वाधार निर्माण, खारा जनयुद्ध संग्राहलय निर्माण र डिभिजन वन कार्यालय भवन निर्माण कार्य हुन नसकी रू.२४ करोड ६३ लाख २ हजार बजेट खर्च भएको छैन ।

त्यस्तै पर्यटन प्रवर्द्धन तथा पर्यापर्यटन कार्यक्रमका लागि रू.३४ करोड ५७ लाख २० हजार विनियोजन भएकोमा रू.१७ करोड २ लाख ६१ हजार खर्च गरे पनि स्वीकृत कार्यक्रममध्ये कर्णालीको पर्यटन सद्भावना दूत नियुक्त र परिचालन, हवाई उडानमा सहुलियत, डोल्पा जिल्लाको सोरखोला हुँदै पुथा हिमाल पदमार्ग, लुरीगाउँ महग सिडजिङ पदमार्ग, शे-फोक्सुण्डो देखि रारासम्म पर्यटकीय पदमार्ग, जुम्ला जिल्लामा महादेव पर्यटकीय पूर्वाधार, चोत्र गाउँदेखि भित्रखोला हुँदै काञ्जिरोवा हिमालसम्म पर्यटकीय पदमार्ग र दैलेख जिल्लाको गडी जिर्णोद्धार र भैरवी मन्दिर मर्मत तथा निर्माण कार्य भएको छैन । मन्त्रालयले उद्योग, पर्यटन र वातावरण क्षेत्रका कार्यक्रमहरू कार्यान्वयन गरेको देखिएन । कार्यक्रमको लक्ष्य अनुसार प्रगति हासिल गर्नुपर्दछ ।

७. **वन क्षेत्र** - कर्णाली प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार प्रदेश भित्रको वन क्षेत्रको पहिचान, वर्गीकरण, संरक्षण र व्यवस्थापन गर्ने जिम्मेवारी मन्त्रालयको रहेको छ । प्रदेश सरकारद्वारा व्यवस्थित- ७ लाख ५६ हजार ५३८, सामुदायिक- ३ लाख ६३ हजार ८६४, कवुलियत- ८ हजार २२७, धार्मिक- ८९, निजी- १०४, संरक्षित- १७६ हेक्टर वन र संरक्षित क्षेत्र ५ लाख २० हजार ८ सय हेक्टरसमेत १६ लाख ४९ हजार ७९८ हेक्टर वन क्षेत्र रहेको देखिन्छ । सोमध्ये यो वर्ष २८ हेक्टर वन अतिक्रमण भएको र १ हजार ९०९ हेक्टर वन डढेलोका कारण नष्ट भएको देखिन्छ । वन क्षेत्रमा वृक्षारोपण, प्रजाति वृद्धि र अतिक्रमण एवं अन्य जोखिम नियन्त्रण जस्ता कार्यक्रम गरी संरक्षण गर्नुपर्दछ ।

८. **वन पैदावार संकलन तथा बिक्री** - प्रदेश वन ऐन, २०७८ को दफा ११ मा वन पैदावार सङ्कलन तथा बिक्री वितरण सम्बन्धी व्यवस्था छ । यो वर्ष जडीबुटी तथा वन पैदावारबाट रू.२ करोड ६५ लाख ७ हजार, काष्ठजन्य वन पैदावारबाट रू.३ करोड ८८ लाख ५२ हजार र अन्य पैदावारबाट रू.९५ लाख २७ हजारसमेत कूल रू.७ करोड ४८ लाख ८७ हजार राजस्व प्राप्त भएको छ । खुला सम्पति उपयोग र आश्वस्तता कार्ययोजना निर्माण भएको पाईएन । मन्त्रालयले वन पैदावार सङ्कलन र बिक्री वितरणको अनुगमन गरी राजस्व चुहावट र सीमाभन्दा बढी दोहन हुन नपाउने व्यवस्था मिलाउनु पर्दछ ।

९. **मुद्दा व्यवस्थापन** - प्रदेश वन ऐन, २०७८ को दफा ७३ बमोजिम प्रचलित सङ्घीय वन ऐनबमोजिम कैद सजाय हुने कसुर सम्बन्धी मुद्दाको अनुसन्धान तथा तहकिकात प्रदेश सरकारले मुद्दा व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । यो वर्ष ३६ वन सम्बन्धी मुद्दा दर्ता भएकोमा २३ फर्स्यौट भएको छ । मन्त्रालयले वन मुद्दाको फर्स्यौट र बाँकी मुद्दाको कार्यान्वयन अवस्था अनुगमन गर्नुपर्दछ ।

१०. **पूर्वाधार निर्माण** - कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली,२०७५ को नियम २३ मा विकास आयोजनाको बजेट तर्जुमा गर्दा आयोजनाको सम्भाव्यता अध्ययन लगायत प्रतिफल विचार गरी प्रदेश सरकारबाट आयोजना स्वीकृत हुनुपर्ने व्यवस्था छ । मन्त्रालय र मातहतका ६ डिभिजन वन कार्यालयका भवन, काँक्रे विहार पर्खाल, रारा पर्यटकीय पूर्वाधार, पचाल झरना पर्यटन पूर्वाधार, त्रिवेणी बडिमालिका पर्यटन पूर्वाधार, पिली युद्ध सङ्ग्रहालय पर्यटन पूर्वाधार र खारा जनयुद्ध सङ्ग्रहालयसमेत १२ पूर्वाधार निर्माणका लागि यस वर्ष र गतविगत वर्षसमेत रू.१ अर्ब ३ करोड ४६ लाख ५ हजारको खरिद सम्झौता भएकोमा हालसम्म रू.१९ करोड ७० लाख ४० हजार खर्च भएको छ । निर्माण कार्यमध्ये काँक्रे विहार पर्खाल निर्माण, रारा पर्यटकीय पूर्वाधार, खारा जनयुद्ध सङ्ग्रहालय, डिभिजन वन कार्यालय भेरी र जुम्लाको भवन निर्माण कार्य तोकिएको समयमा सम्पन्न हुने अवस्था छैन। खरिद सम्झौता अनुसार कार्य सम्पन्न गराउन पहल गर्नुपर्दछ ।

११. **होमस्टे निर्माण** - होमस्टे सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७५ अनुसार मन्त्रालय अन्तर्गतका निकायबाट हालसम्म कालिकोटमा २, जुम्लामा ८, दैलेखमा २, मुगुमा ५, रुकुम पश्चिममा २, सुर्खेतमा ६, हुम्लामा २, सल्यानमा १, डोल्पामा ३ र जाजरकोटमा १ गरी जम्मा ३२ होमस्टे निर्माणका लागि अनुदान उपलब्ध गराएको छ । यो वर्ष मन्त्रालयले होमस्टे प्रवर्द्धनका लागि डिभिजन वन कार्यालय सुर्खेतलाई रू.१० लाख बजेट उपलब्ध गराएकोमा रू.३४ हजार विज्ञापन खर्च मात्र भएको देखिन्छ। कालिकोटको लाफा होमस्टे प्रवर्द्धनमा रू.१५ लाख विनियोजन गरे पनि खर्च भएको छैन। पर्यटन विकासका लागि दिएको अनुदान उपयोगको अनुगमन भएको छैन । अनुदान उपयोगको अनुगमन गर्नुपर्दछ ।

१२. **अध्ययन प्रतिवेदन** - कर्णाली प्रदेश सरकारको २०७९।८० को स्वीकृत कार्यक्रम अनुसार कर्णाली प्रदेशका सामुदायिक वनको विद्युतीय अभिलेखीकरण, उच्च मूल्यका जडीबुटी मूल्य वृद्धिश्रृङ्खला अध्ययन, नदीहरूको स्थायी प्लटमा सिल्टेशन अध्ययन, प्रतिस्पर्धात्मक वस्तुको पहिचान तथा निर्यात प्रवर्द्धन, साहसिक पथ परीक्षण (ट्रेल अडिट) कार्यान्वयन, स्लेटको उपलब्धता सम्बन्धी सम्भाव्यता अध्ययन लगायतमा रू.१ करोड ५७ लाख विनियोजन भएतापनि रू.१ करोड १५ लाखको ट्रेल अडिट कार्यान्वयन भएको देखिएन । मन्त्रालय र अन्तर्गतका निकायबाट हालसम्म ४५ वातावरणीय

अध्ययन प्रतिवेदन स्वीकृत भएको छ । बजेट व्यवस्था भएको आयोजनाको मात्र वातावरणीय अध्ययन लगायत प्रतिवेदन तयार गर्नुपर्दछ ।

१३. **उद्योग** - कर्णाली प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार मन्त्रालयले प्रदेशभित्र दर्ता भएका उद्योगको विवरण अद्यावधिक र व्यवस्थित गर्ने जिम्मेवारी रहेको छ । प्रदेशमा ऊर्जामुलक-३, उत्पादनमुलक-१४२ कृषि तथा वन पैदावारमा आधारित-२ हजार ३१०, खनीजजन्य-१, निर्माण सम्बन्धी-३६, पर्यटन सम्बन्धी- २७२ र सेवामुलक-८३३ गरी जम्मा ३ हजार ५९७ उद्योग दर्ता भएको छ । जिल्लागत रुपमा सुर्खेतमा ८६१, दैलेखमा ५४१, कालिकोटमा ३२६, जुम्लामा ५९३, जाजरकोटमा ३५८, सल्यानमा २१९, रुकुम पश्चिममा २२८, डोल्पामा १९६ र हुम्लामा २७६ उद्योग दर्ता भएका छन् । उद्योगबाट यस वर्ष प्रदेशमा रू.२ करोड २५ लाख ४६ हजार राजस्व सङ्कलन भएको छ । दर्ता भएका उद्योगहरू उद्देश्य अनुरुप सञ्चालन गरी उत्पादन सहजीकरण तथा उत्पादित वस्तुको बजारीकरणमा मन्त्रालयबाट प्रोत्साहन गर्नुपर्दछ ।

१४. **प्रतिष्ठान भवन** - कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ४३ बमोजिम कुनै खास व्यक्ति वा वर्गलाई फाइदा हुने गरी सरकारी धन खर्च गर्न नहुने व्यवस्था छ । मन्त्रालयको कार्य जिम्मेवारीसँग असम्बन्धित एवं वार्षिक नीति तथा कार्यक्रम र बजेटमा समावेश नगरेका आठ स्मृति प्रतिष्ठान भवन निर्माण गर्न रू.१ करोड ८६ लाख ५५ हजार खर्च गरेको छ । संरचना निर्माण भएको जग्गाको स्वामित्व खुलाएको छैन । प्रदेश सरकारको प्राथमिकतामा परेका वार्षिक कार्यक्रमको लागि आवश्यक स्रोत नभएको अवस्थामा ८ स्मृति प्रतिष्ठानको भवन निर्माण गर्नु उपयुक्त देखिंदैन । दीर्घकालीन नीति तथा योजना बाहिरको बजेट खर्चमा नियन्त्रण हुनुपर्दछ ।

डिभिजन वन कार्यालयहरू

१५. **वन कार्ययोजना** - प्रदेश वन ऐन, २०७८ दफा १७ मा हस्तान्तरित वन कार्य योजना बनाइ स्वीकृत एवं संसोधन गर्नुपर्ने व्यवस्था छ । डिभिजन वन कार्यालय दैलेख अन्तर्गत ३९६ सामुदायिक वन दर्ता रहेकोमा ३५ वन कार्य योजना स्वीकृत तथा नवीकरणमा रू.३ लाख ५० हजार खर्च गरेको छ। हरेक दश वर्षमा संशोधित कार्य तालिकासहित संशोधन गर्नुपर्ने वन कार्य योजना नविकरण गरेको छैन । उपभोक्ता समितिलाई हस्तान्तरण भएको लामो समयसम्म कार्ययोजना संशोधनको प्रक्रिया अगाडि बढाएको छैन ।

१६. **सहिद पार्क** - कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम २३ मा विकास आयोजनाको बजेट तर्जुमा गर्दा आयोजनाको सम्भाव्यता अध्ययन र आर्थिक प्राविधिक वातावरणीय तथा प्रशासकीय उपयुक्तताको आधारमा प्रतिफलकोसमेत विचार गरी आयोजना स्वीकृत हुनुपर्ने व्यवस्था छ। डिभिजन वन कार्यालय, डोल्पाले मुड्केचुलामा सहिद पार्क निर्माणमा उपभोक्ता समितिलाई रू.११ लाख ९ हजार भुक्तानी गरेकोमा पार्कको प्रवेशद्वार र घेराबार निर्माण गरेको देखियो । पार्क निर्माणको लागि जग्गाको स्वामित्व प्राप्त नभएको अवस्थामा खर्चको उपलव्धी देखिएको छैन । पार्क निर्माणको स्पष्ट कार्य योजना बेगर दीर्घकालीन दायित्व बढ्ने गरी योजना स्वीकृत गरेकोले प्रतिफल प्राप्त हुने अवस्था छैन । प्रतिफल प्राप्त हुने गरी खर्च गर्नुपर्दछ ।

१७. **कोष परिचालन** - वन नियमावली, २०७९ को नियम २१ देखि २४ सम्म वन पैदावार (काठ दाउरा) को प्रयोजन तथा अधिकतम परिमाण डिपो स्थापना वार्षिक कार्य योजनाको तयारी तथा स्वीकृति, विक्री

वितरण तथा लिलाम प्रक्रिया व्यवस्थापनका लागि जिल्ला वन पैदावार आपूर्ति समिति गठन गर्ने व्यवस्था छ । जिल्ला वन अधिकृतको अध्यक्षतामा हुने यो समितिले कार्यक्षेत्रको पैदावारहरूलाई समुचित सदुपयोग गर्नु पर्नेमा डिभिजन वन कार्यालय, सुर्खेतले यस वर्ष ८०४.२२ घनफिट काठसमेत हालसम्म समितिमार्फत ६८ हजार ५७७ घनफिट काठ र ५० चट्टा दाउरा विक्री गरी रू.१ करोड ६५ लाख ६६ हजार कोषमा प्राप्त भएको देखिन्छ । समितिले सामुदायिक वनबाट निश्चित प्रतिशत काठ दाउरा प्राप्त गरेको छैन । समितिलाई क्रियाशील बनाई कार्य सम्पादन गराउनु पर्दछ ।

१८. **घाट गद्दी** - वन नियमावली, २०७९ को नियम १९(३) मा सङ्कलन गरिएका वन पैदावार सुरक्षित स्थानमा राख्नको लागि डिभिजन वन अधिकृतले चारकिल्ला खुलाई घाटगद्दी क्षेत्र तोकी पैदावार सुरक्षित रुपमा घाटगद्दी गर्नुपर्ने व्यवस्था छ । डिभिजन वन कार्यालय बाबियाचौर (सुर्खेत) ले यस वर्ष रुखको कटान, छपान, घाटगद्दी तथा मूल्याङ्कनको लागि रू.२४ लाख ११ हजार खर्च गरी १३ हजार ८ सय १५ क्युफिट र डिभिजन वन कार्यालय सुर्खेतले रू.११ लाख ४७ हजार खर्च गरी वन पैदावर व्यवस्थापन गरे तापनि घाटगद्दी स्थानको चार किल्ला र परिमाण खुल्ने गरी अभिलेख राखेको छैन । कार्यालयले घाटगद्दी क्षेत्र तोकी, परिमाण सहितको अभिलेख राखुपर्दछ।

भू तथा जलाधार व्यवस्थापन कार्यालय

१९. **आयोजना छनोट**- कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम २२ मा तालुक निकायले मातहत निकायको कार्यक्रमलाई बजेट सीमा, आवधिक योजनाको नीति र उपलब्धिमूलक भएको जाँच गरी अन्तिम रुप दिनुपर्ने व्यवस्था छ । भू तथा जलाधार व्यवस्थापन कार्यालय, सुर्खेतले जिल्लागत योजना तर्जुमा गोष्ठिले ७८ योजनाहरू माग गरी पठाएकोमा उल्लिखितमध्ये १४ र सिफारिसमा नपरेका एकीकृत जलाधार व्यवस्थापनतर्फ ९४ समेत १०८ कार्यक्रमका लागि रू.२१ करोड ३ लाख ५६ हजार बजेट स्वीकृत भएकोमा प्रतियोजना रू.१५ लाख भन्दा न्यून बजेट विनियोजन गरेको देखियो । स्वीकृतिका लागि आवधिक योजनाले निर्धारण गरेका उद्देश्य अनुरुप सरकारको नीति तथा कार्यक्रमसँग सामन्जस्यता हुने गरी मागमा आधारित योजना छनोट गरिनु पर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा आवधिक योजनासँग समन्वय हुने गरी नीति तथा कार्यक्रम तर्जुमा नगरेको, वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने गरेको, वन पैदावार संकलन र बिक्री वितरणको अनुगमन नगरेको, वन अतिक्रमण कम गर्न दीर्घकालीन रणनीति तयार नगरेको, अध्ययन भएका आयोजनाहरूको कार्यान्वयन नभएको, सामुदायिक वनको आम्दानी खर्च सम्बन्धमा आवश्यक निगरानी नभएको, पर्यटकीय क्षेत्रहरूको पहिचान तथा घोषणा नगरेको, अनुदानको प्रभावकारी अनुगमन नगरेको लगायतका व्यहोरा औल्याइएकोमा स्थिति सुधार भएको छैन । विगतको व्यहोरा पुनरावृत्ति नहुने गरी कार्य सम्पादन गर्नु पर्दछ ।
- **बेरूजु** - सरकारी कार्यालयतर्फ १९ निकायमा यो वर्ष रू.१० करोड ७२ लाख ७५ हजार बेरूजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराए पछि रू.२५ हजार फर्स्यौट गरेकोले रू.१० करोड ७२ लाख ५० हजार बाँकी रहेको छ । यस सम्बन्धी विवरण **अनुसूची-९** मा छ।

जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा स्वच्छ खानेपानी, ऊर्जा, विद्युत, तथा सिंचाइको अध्ययन अनुसन्धान एवं गुणस्तर सुधार गर्ने लगायतका कार्य रहेका छन् ।

१. **सरकारी कार्यालय -** मन्त्रालय र मातहतका ११ कार्यालयको निम्नानुसार रू.३ अर्ब ८२ करोड ९४ लाख २६ हजारको लेखापरीक्षण सम्पन्न भएको छ ।

(रकम रू. हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
३३९०८८६	६७७०	४२७७४५	४०२५	३८२९४२६

२. **कार्य जिम्मेवारी -** कर्णाली प्रदेश (कार्य विभाजन) नियमावली, २०७४ अनुसार मन्त्रालयको कार्यक्षेत्रमध्ये प्रदेशस्तरमा ऊर्जा, विद्युत, सिंचाइ तथा खानेपानी सेवाको गुणस्तर र सेवा शुल्कको आधार निर्धारण र नियमन, ऊर्जा, विद्युत, सिंचाइ सेवा विस्तारमा निजी क्षेत्रको सहभागिता र लगानी प्रवर्द्धन नीति तथा मापदण्ड निर्धारण, प्रदेशभित्रको जलस्रोत उपयोग तथा जलाधार संरक्षण योजना तथा गुरुयोजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन गर्ने कार्य सुरु गरेको छैन । खानेपानी तथा सरसफाइ सेवा विस्तारमा निजी सहभागिता प्रवर्द्धन नीति तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन, जलस्रोत आयोजनाको पहिचान, निर्माण, सञ्चालन, सम्भार, मौसम र जलमापन सञ्जार सञ्जाल व्यवस्थापन, जलगुण तथा वायूगुण प्रयोगशालाको स्थापना जस्ता कार्यक्रम गरेको छैन । कामको प्राथमिकता निर्धारण गरी कार्यक्रम कार्यान्वयन एवं अनुगमन कार्यमा सुधार गर्नुपर्दछ ।

३. **आवधिक योजना -** कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम २०(३) मा बजेट तर्जुमा गर्दा आवधिक योजनाको लक्ष्य तथा नीतिलाई ध्यानमा राखेर निर्माण गर्नु पर्ने उल्लेख छ । कर्णाली प्रदेशको प्रथम पञ्चवर्षीय योजनाले जलविद्युत आयोजनाहरूका लागि नीति, नियम तथा संरचनाहरूको व्यवस्था गर्ने, वातावरणीय अध्ययन एवम् विस्तृत आयोजना प्रतिवेदनका आधारमा प्राथमिकताका आयोजना कार्यान्वयन गर्ने उल्लेख भएकोमा सो अनुसार कार्यक्रम तथा बजेट व्यवस्था गरेको देखिएन । प्रदेशका अन्य निकायको समन्वयमा एकीकृत कार्ययोजना बनाउने, विद्युत प्रसारण ग्रीड लाइनहरू निर्माण गर्ने, विद्युत वितरण प्रणाली बनाउने रणनीति तथा कार्यनिति अवलम्बन गरेकोमा बजेट तथा कार्यक्रमले उल्लेखित दायरालाई समावेश गर्न सकेको छैन ।

४. **नीति, कार्यक्रम तथा बजेट -** प्रदेश सरकारको नीति, कार्यक्रम तथा बजेटमा कर्णाली प्रदेशका टार, अन्नको भण्डार हुने गरी कर्णाली, भेरी र शारदा बेसीन लगायतका नदी किनारमा रहेका टारहरूमा सिंचाइ सुविधा विस्तार गर्न टार सिंचाइ आयोजनाहरू सञ्चालन गर्ने, प्रदेश सरकारको नयाँ सरकारी र सामुदायिक भवनहरूमा वर्षातको पानी सङ्कलन गरी प्रयोग गर्ने व्यवस्था मिलाउने उल्लेख भएपनि कार्यान्वयन भएको छैन । नागरिकको आधारभुत गुणस्तरीय खानेपानी सेवामा पहुँच सुनिश्चित गरी खानेपानी उपलब्ध गराउन आयोजनाहरूलाई प्राथमिकता दिई सम्पन्न गर्ने उल्लेख भएकोमा नीति तथा

कार्यक्रम अनुरुप प्रगति हासिल भएको देखिएन । प्रदेश सरकारले नीति, कार्यक्रम र बजेटमा समावेश कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।

५. **बहुवर्षीय आयोजना-** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम २०(२) मा प्रदेश सरकारले वहुवर्षीय योजना निश्चित गरी बजेट विनियोजन गर्न सक्ने उल्लेख छ । मन्त्रालयको ८ वहुवर्षीय आयोजनाहरूको प्रगति निम्न अनुसार रहेको छ ।

(रकम रू. हजारमा)

क्र.सं.	आयोजनाको नाम	आयोजना स्वीकृत मिति	आयोजनाको अवधि	लागत अनुमान	यस वर्ष बिनियोजन	भौतिक प्रगति प्रतिशत
१	नौफेरी सिचाइ योजना, जाजरकोट	२०७७।२।१५	४ वर्ष	४९८५९	१५०००	४०
२	तुम्च सिंचाइ सर्केगाड हुम्ला	२०७७।२।१५	३ वर्ष	४६५००	१००००	३०
३	भेरेखोला देखि घट्टेखोला सम्म सिंचाइ नरहरीनाथ, कालीकोट	२०७७।९।२२	२ वर्ष	३६६९२	२०००	५०
४	घोटेना सिंचाइ योजना दाहा १,२ र ३, कालीकोट	२०७७।९।५	२ वर्ष	२२९५६	२०००	६०
५	उठिलिया ऐरेनी सिंचाई योजना, चन्दननाथ, तातोपानी, जुम्ला	२०७९।१२।०४	३ वर्ष	९२४११	२००००	१८
६	ठुलो खोला गैरागाउँ सिंचाइ ठाटीकाध, दैलेख	२०७७।११।१७	३ वर्ष	२६२६८	३०००	५५
७	भाब्रखरी गैरा दवडा सिंचाइ महाबु, दैलेख	२०७७।११।१८	३ वर्ष	२७१००	६५००	५०
८	चामुन्डा बिन्द्रासैनि आठबीस र ठाँटिकाँध ग्रामिण बिद्युतीकरण, दैलेख	२०७७।११।१९	३ वर्ष	२५००००	२५०००	५०
कुल जम्मा				**५७४५०४**	**८६५००**	

गतवर्ष १४ बहुवर्षीय योजनामध्ये यसवर्ष ६ योजना सम्पन्न भई ८ बाँकी रहेको छ । यो वर्ष भेरेखोलादेखि घट्टेखोला सिंचाइ, नरहरीनाथ र घोटेना सिंचाइ योजना १, २ र ३ सम्पन्न हुने अवस्थामा रहेका छन् । बहुवर्षीय, ठूला तथा दीर्घकालीन महत्वको आयोजनामा खर्च बढाउनु पर्दछ।

६. **बजेट निर्माण -** कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम २२(२) मा मन्त्रालयले मातहतका कार्यालयबाट बजेट अनुमान तथा वार्षिक कार्यक्रम प्राप्त भएपछि अध्ययन गरी बजेटलाई अन्तिम रुप दिनुपर्ने उल्लेख छ । यो वर्ष मन्त्रालयले स्वीकृत गरेका १ हजार ४१९ योजनामध्ये ८ बहुवर्षीय योजना, १ हजार २६३ विगतका क्रमागत योजना र १५६ नयाँ योजना रहेका छन् । मन्त्रालयले मागमा आधारित योजनालाई प्राथमिकता नदिई अन्य योजनाहरू स्वीकृत गरेको देखिएको छ । आयोजना स्वीकृतीको मापदण्ड खुलाएको छैन । यसरी योजना छनौट गर्ने प्रवृत्तिमा नियन्त्रण हुनु पर्दछ ।

७. **बजेट खर्च -** कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ९ मा आवश्यकता विश्लेषण गरी बजेट स्वीकृत गर्नुपर्ने व्यवस्था छ । खानेपानी, सिंचाइ तथा ऊर्जा विकास मन्त्रालयको सशर्त अनुदानबाट नयाँ प्रविधिमा आधारित नदी नियन्त्रण कार्यक्रमतर्फ रू.१ करोड ३० लाख, राष्ट्रिय ग्रामीण तथा नविकरणीय ऊर्जा कार्यक्रमतर्फ रू.१ करोड, नदी नियन्त्रणतर्फ रू.३ करोड ६० लाख र खानेपानी सेवा विस्तार तथा पुनःस्थापन कार्यक्रमतर्फ रू.७६ लाख विनियोजन भएकोमा खर्च नभए

पनि बजेट समर्पण भएको छैन । खानेपानी, सिंचाइ तथा ऊर्जा विकास कार्यालय, हुम्लाले स्वीकृत कार्यक्रम अनुसार चंखेली गाउँपालिकाको बाँके-बगडदेखि खामखोला हुँदै माथिल्लो पालीआट भदालीसम्मको सिंचाइ योजनाका लागि रू.५ लाख, अदानचुलीको जोकखोला देखि लिब्राखोला सिंचाइका लागि रू.१५ लाख र नाम्खाको साक्या देखि कारेमारा सिंचाइको लागि रू.६ लाख बजेट व्यवस्था गरेकोमा कन्टिन्जेन्सी रकममात्र खर्च गरी बाँकी बजेट फ्रिज भएको छ । मागका आधारमा प्रक्रिया पूरा भएका योजनामा बजेट विनियोजन नभएबाट कार्यक्रम कार्यान्वयन भएको देखिएन । तोकिएको प्रक्रिया बमोजिम बजेट तथा कार्यक्रम स्वीकृत गर्नुपर्दछ ।

८. **उपलव्धी मूल्याङ्कन** - कर्णाली प्रदेश आर्थिक कायविधि नियमावली, २०७५ को नियम २७ अनुसार नियम २६ बमोजिमको प्रगतिको तालुक निकायबाट भौतिक एवं वित्तीय प्रगति समीक्षा गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले ८२१ आयोजना सम्पन्न गरेको,कर्णाली प्रदेश विद्युत विधेयक प्रदेश सभामा पेस भएको जनाएको छ । मन्त्रालयको हालसम्मको प्रगति विवरण अनुसार कार्य प्रगति स्थिति निम्न अनुसार देखिएको छ ।

सि. नं.	क्षेत्र	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	कूल जम्मा
१	खानेपानी (लाभान्वित संख्या)	२१४६७	३०८३४	५४९१७	१०३३०५	२१०५२३
२	सिंचाइ (हेक्टर)	२९५५	२१२५	२२१०	२२६९	९५५९
३	नदी नियन्त्रण (किलोमिटर)	७.६५	१८.७७	१७.५५	१३	५६.९७
४	जग्गा उकास (हेक्टर)	८५	१८०	१७६	१५२	५९३
५	विद्युत लाभान्वित संख्या(सौर्य ऊर्जा समेत)		३५४०	५९२३	१७५८६	२७०४९

कर्णाली प्रदेशको प्रथम पञ्चवर्षीय योजनाको आधार वर्ष ०७५।७६ मा विद्युतमा पहुँच प्राप्त परिवार ६७.५ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०८०।८१ मा ९० प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा स्वच्छ खानेपानीको उपलव्धता सुधारउन्मुख देखिएपनि विद्युत/उर्जा उपलब्धताको अवस्थामा अपेक्षाकृत नतिजा हासिल भएको छैन । पूर्वाधार निर्माणमा सरोकारवालासँग सहकार्य गरी सेवा प्रवाहलाई थप विस्तार गर्नुपर्दछ।

९. **विनियोजन** - कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम २३(१) मा आयोजनाको बजेट तर्जुमा गर्दा प्रदेश सरकारबाट स्वीकृत भएको र जिल्ला स्तरीय आयोजना सम्बन्धित मन्त्रालयका सचिवले स्वीकृत गर्नु पर्ने व्यवस्था छ । खानेपानी, सिंचाइ तथा ऊर्जा विकास कार्यालय, जुम्लाले ग्रामीण विद्युतीकरण अन्तर्गत विद्युत प्रशारणलाईन विस्तारका लागि आवश्यकताको आधारमा एकमुष्ट विनियोजन भएको रू.२ करोड ४५ लाखमध्ये बडीघाट लघु जलविद्युतको लागि रू.२३ लाख ६९ हजार, रुपारानी लघु जलविद्युतको लागि रू.४३ लाख २६ हजार, दारीम टाकुरा जलविद्युतको लागि रू.२२ लाख ६६ हजार, सानीखोला जलविद्युतको लागि रू.४० लाख ९० हजार र विद्युत तार, पोल खरिदको लागि रू.१ करोड २६ लाख बाँडफाँट गरी कन्टेन्जेन्सीसमेत रू.२ करोड ४४ लाख ७७ हजार खर्च गरेतापनि मन्त्रालयबाट बाँडफाँट स्वीकृत गराएको छैन । आयोजनामा विनियोजित बजेट कार्यालयबाट बाँडफाँट गरी खर्च गर्ने कार्यमा सुधार गर्नु पर्दछ ।

१०. **रकमान्तर** - कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १७(२) मा चालु बजेटबाट चालु शीर्षक र पुँजीगत बजेटबाट पुँजीगत शीर्षकमा जुन शीर्षकमा रकमान्तर गरिने हो सोको २५ प्रतिशत

भन्दा बढी नहुने गरी सचिवले र सो भन्दा बढी रकम एक उपशीर्षकबाट अर्को उपशीर्षकमा रकमान्तर आर्थिक मामिला तथा योजना मन्त्रालयले गर्न सक्ने व्यवस्था छ । मन्त्रालयले यो वर्ष रू.३ अर्ब ७७ करोड ३१ लाख सुरु बजेट विनियोजन गरेकोमा रू.९० करोड ७७ लाख ६८ हजार अर्थात २४.०५ प्रतिशत रकमान्तर गरेको देखियो । आर्थिक मामिला तथा योजना मन्त्रालयको बजेट दिग्दर्शनले जेठ १५ पश्चात रकमान्तर नगर्ने व्यवस्था गरेपनि मन्त्रालयले असार महिनामा रू.११ करोड २४ लाख ४७ हजार रकमान्तर गरी खर्च गरेको छ । रकमान्तरमा देखिएका थप व्यहोराहरू निम्नअनुसार छन् ।

१०.१. मन्त्रालयको सशर्ततर्फको कार्यक्रमबाट २०८०।३।२४ मा जलवायु अनुकूलित बृहत खानेपानी योजना, रुकुम पश्चिमको लागि रू.१९ लाख २ हजार थप गरेको छ । २०८०।३।६ मा मन्त्रालयको कार्यक्रम खर्चमध्येको रू.४० लाखबाट खानेपानी तथा सरसफाइ योजना (वास) कार्यान्वयनका लागि रू.२ लाखका दरले छेडागाड नगरपालिका, जाजरकोट, पातारासी गाउँपालिका, जुम्ला, ताजाकोट गाउँपालिका, हुम्ला, बाफिकोट गाउँपालिका, रुकुम पश्चिमलाई निकासा पठाएको छ। आर्थिक वर्षको अन्त्यमा रकमान्तर गरी निकासा दिएको नियमसम्मत देखिएन ।

१०.२. मन्त्रालयको कर्णाली उज्यालो कार्यक्रमको रू.१ करोड ७८ लाख र सिंचाइ कुलो जरजातरी, हिमाको रू.४५ लाख गरी कुल रू.२ करोड २३ लाख कट्टा गरी कुदु लिफ्ट सिंचाइ योजना जाजरकोटलाई रू.५३ लाख, शारदा देखि ठूलागाढा सिंचाइ योजना सल्यानलाई रू.१ करोड २० लाख र अनेरीखोला भैराकोट सिंचाइ योजना, सल्यानलाई रू.२५ लाख, दामरखोला सल्लेरी सिंचाइ योजना, सल्यानलाई रू.२५ लाख रकमान्तर गरी खर्च गरेको छ । खानेपानी, सिंचाइ तथा ऊर्जा विकास कार्यालय सल्यान, जाजरकोट र कालिकोटले विभिन्न योजनाहरूको लागि रू.१ करोड ५० लाख ३३ हजार २०८०।३।२१ मा रकमान्तर गरेको छ । दैलेख, जाजरकोट, हुम्ला, रुकुम पश्चिम र जुम्लाका विभिन्न योजनाहरूको रू.५ करोड ३३ लाख २०८०।३।१७ मा सोही जिल्लाका अन्यमा योजनाहरूमा रकमान्तर गरेको छ ।योजनाको लागि आषाढमा दिएको निकासाबाट भएको कार्यको उपलब्धी मापन गरेको छैन । वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने पद्धतिमा सुधार गर्नुपर्दछ ।

१०.३. कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम २० (२) मा चालु कार्यक्रम वा आयोजना भए गर्नुपर्ने कामको कुल परिमाण र लागतसहित बजेट माग गर्नु पर्ने व्यवस्था छ । खानेपानी, सिँचाइ तथा ऊर्जा विकास कार्यालय, जुम्लाले सिमरवाडा गाउँदेखि पावर हाउससम्म सिंचाइ योजनालाई रू.२५ लाख बजेट विनियोजन गरेकोमा उपभोक्ता समितिमार्फत काम गराई रू.२३ लाख ९७ हजार भुक्तानी गरेको छ । मन्त्रालयले बड्की कूलो सिंचाइ योजनाको रू.३० लाख रकमान्तर गरी सोही योजनाको पुनः रू.३० लाख ९० हजारको थप लागत अनुमान तयार गरी सोही उपभोक्ता समितिलाई रू.२८ लाख ७३ हजार भुक्तानी दिएको छ । आवश्यकताको आधारमा बजेट विनियोजन नगरी रकमान्तर गरी खर्च लेख्ने कार्य नियमित देखिएको छैन । योजना छनौट तथा बजेट विनियोजनमा सुधार गर्नुपर्दछ ।

११. **उपभोक्ता परिचालन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१) मा एक करोड रुपैयासम्म लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समितिबाट गराउन सकिने, नियम ९७(४) मा उपभोक्तालाई कन्टिन्जेन्सी, ओभरहेड, उपभोक्ताको अंश र मूल्य अभिवृद्धि कर भुक्तानी दिन नमिल्ने, नियम ९७(१२) मा आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्ने उल्लेख

छ । मन्त्रालय अन्तर्गतका डोल्पा कार्यालयले १५८ उपभोक्तामार्फत रू.२३ करोड ४१ लाख २७ हजार र सुर्खेत निर्देशनालयले १२१ उपभोक्तामार्फत १७ करोड ६५ लाख ९७ हजार खर्च गरेको छ। अन्य कार्यालयहरूलेसमेत सोही अनुपातमा उपभोक्तामार्फत् खर्च गरेका छन् । उपभोक्ता समितिबाट सञ्चालित योजनाहरूमा लागत अनुमान बराबरको भुक्तानी दिने गरेको, उपभोक्ता समितिलाई मूल्य अभिवृद्धि कर भुक्तानी दिने गरेको, कामको गुणस्तर परीक्षण गर्ने नगरेको र आयोजना उपभोक्ता समितिलाई हस्तान्तरण गर्ने नगरेको देखिएको छ । आयोजनालाई दिगोरुपमा सञ्चालन गर्न र आयोजना प्रति उपभोक्ताको अपनत्व अभिवृद्धि गर्न उपभोक्ता समितिलाई मर्मत सम्भार तालिम प्रदान गर्नुका साथै संस्थागत विकास गरी सञ्चालन तथा मर्मतको दायित्वसमेत हस्तान्तरण गर्नुपर्दछ ।

१२. **मर्मत संभार** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ताले सम्पन्न गरेको कामको सर्भे, डिजाइन, लागत अनुमान, सुपरिवेक्षण र कार्यसम्पादन गर्ने व्यक्ति तथा पदाधिकारीको नाम र पदसमेत खुल्नेगरी कार्य सम्पन्न प्रतिवेदन तयार गरी अभिलेख राख्नुपर्ने र निर्माण कार्यको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारीसमेत तोकी आयोजनाको स्वामित्व हस्तान्तरण गर्नु पर्ने व्यवस्था छ । मन्त्रालयले आयोजना मर्मतका लागि रू.३ करोड १८ लाख बजेट व्यवस्था गरी रू.२ करोड ९४ लाख ४३ हजार खर्च गरेको छ । खानेपानी, सिंचाइ तथा ऊर्जा विकास कार्यालय, डोल्पाको लागि योजना किटान नगरी रू.१ करोड ३३ लाख बजेट उपलब्ध गराएकोमा १९ योजनाहरूमा मर्मत सम्भारको लागि रू.१ करोड ३० लाख २७ हजार खर्च गरेको छ । निर्मित संरचनाहरू रेखदेख र मर्मत सम्भारको दायित्वसहित हस्तान्तरण नहुँदा मर्मतको दायित्व सरकारमा रहिरहेको स्थिति छ । प्रदेश सरकारबाट आयोजना हस्तान्तरण गरी मर्मत सम्भार खर्चलाई न्यूनीकरण गर्नु पर्दछ ।

खानेपानी, सिंचाइ तथा ऊर्जा विकास कार्यालयहरू

१३. **पाइप तथा फिटिङ्स मौज्दात** - नेपाल सरकारले खानेपानी पाइप तथा फिटीङ्स खरिद गर्दा गत विगतको मौज्दातको उपयोग गर्ने र आवश्यक भएमा मौज्दात नरहने गरी खरिद गर्ने निर्देशन जारी गरेको छ । मन्त्रालय अन्तर्गत देहायको ४ जिल्लाले निर्देशन कार्यान्वयन नगरी मौज्दात राखी खरिद गरेको देखिएको छ । योजनामा पाइप तथा फिटिङ्स जडान नहुँदा प्रतिफल प्राप्तीमा असर पर्ने हुनाले जडान कार्य गरी आयोजना सम्पन्न गर्नु पर्दछ ।

(रकम रू. हजारमा)

जिल्ला	पाइप			फिटिङ्गस	
	जिम्मेवारी सारेको	खरिद	मौज्दात	खरिद	मौज्दात
रुकुम पश्चिम	५५३३	५७६७९	१८७६९	३४०५९	३३६९९
जाजरकोट	२०५१	१५६५६	१६३२	८४१९	८०४
सल्यान	२२१४६	२५८७९	७८७०	-	-
सुर्खेत		१२२	१२२	४०६२	४०६२

१४. **परामर्श सेवा खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सकिने व्यवस्था छ । मन्त्रालय

अन्तर्गतका ६ कार्यालयले ३७ परामर्शदाताबाट ७८ आयोजनाको विस्तृत आयोजना प्रतिवेदन तयारीमा रू.३ करोड २५ लाख ३७ हजार खर्च गरेको छ । परामर्श सेवा खरिद गर्दा जनशक्तिको क्षमता विश्लेषण तथा स्रोत सुनिश्चता गरेको देखिदैन । विस्तृत आयोजना प्रतिवेदनहरू कार्यान्वयन गरिनु पर्दछ।

१५. **अधुरो योजना** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(७) बमोजिम काम सुरु गरी छाडेमा वा सम्झौता बमोजिम कामको प्रगति नगरेमा त्यस्तो सम्झौता जुनसुकै बखत अन्त्य गर्न सक्ने व्यवस्था छ । निर्माण व्यवसायीसँग सम्झौता गरी सम्पन्न नभएका योजनाहरूको सम्बन्धमा देखिएका थप व्यहोरा निम्नअनुसार छन् ।

१५.१. खानेपानी, सिँचाइ तथा ऊर्जा विकास कार्यालय, रुकुम पश्चिमको गिजागार सिंचाइ योजना २०७८।२।२५ सम्ममा सम्पन्न गर्न एक निर्माण व्यवसायीसँग २०७७।१२।२५ मा रू.४४ लाख ५० हजारको सम्झौता गरेकोमा २०७८।८।२५ सम्म म्याद थप गर्दासमेत ३२ प्रतिशत कार्य भएको छ । त्यसपछि म्याद थप नभएको र कार्यसम्पादन जमानतको अवधि सकिएकोमा जमानत जफत गरेको छैन । निर्माण व्यवसायीले काम सुरुगरी सम्झौता बमोजिम कार्य प्रगति नभएकोले सार्वजनिक खरिद कानुन बमोजिम संझौता कार्यान्वयन गर्नु पर्दछ ।

१५.२. खानेपानी, सिंचाइ तथा ऊर्जा विकास कार्यालय, रुकुम पश्चिमले माछमी सिंचाइ योजना निर्माणका लागि २०७४।७।२३ भित्र निर्माण सम्पन्न गर्ने गरी रू.१ करोड ९८ लाख २८ हजारको सम्झौता भएकोमा पाँचौ पटक २०८०।२।२४ सम्म म्यादथप भएपनि कार्य सम्पन्न नभएकोले खरिद कानुन बमोजिम निर्माण सम्पन्न गर्नु पर्दछ ।

१५.३. खानेपानी, सिंचाइ तथा ऊर्जा विकास कार्यालय, कालिकोटले घोडेना सिंचाइ आयोजनाको कार्य २०७८।१२।२४ भित्र सम्पन्न गर्ने गरी २०७७।११।२३ मा एक निर्माण व्यवसायीसँग रू.९८ लाख ७८ हजारको खरिद सम्झौता गरेकोमा सम्झौता अवधिभित्र कार्य सम्पन्न हुन नसकी २०७९।६।२३ सम्म सम्झौताको अवधि थप गरेको छ । थप अवधि समाप्त भएपनि हालसम्म रू.१८ लाख ८३ हजारको काम गरी भुक्तानी भएको छ । थप गरिएको अवधिभित्र निर्माण कार्य सम्पन्न नभएकाले संझौता बमोजिम बाँकी कार्य सम्पन्न गराउनु पर्दछ ।

१६. **ओभरहेड** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा ओभरहेड समावेश गर्न मिल्ने व्यवस्था छैन । खानेपानी, सिँचाइ तथा ऊर्जा विकास कार्यालय, रुकुम पश्चिमले खानेपानीको फिटिङ्गस् खरिदका लागि रू.३ करोड ५९ लाख ६६ हजारको लागत अनुमान तयार गरेकोमा १५ प्रतिशत ओभरहेड रू.४१ लाख ५१ हजारसमेत समावेश गरेको छ । सामान खरिदका लागि ६ प्याकेजमा बोलपत्र आव्हान गरेकोमा आपूर्तिकर्ताहरूसँग मूल्य अभिवृद्धि करसमेत रू.३ करोड ५६ लाख ५ हजारको खरिद सम्झौता गरी रू.३ करोड ७ लाख २ हजार भुक्तानी गरेको छ । सामान खरिदमा कानुन प्रतिकूल हुने गरी ओभरहेड रू.४१ लाख ५१ हजार र सोको मूल्य अभिवृद्धि कर रू.५ लाख ४० हजारसमेत रू.४६ लाख ९१ हजार समावेश गरी लागत अनुमान तयार गर्ने प्राविधिकलाई जिम्मेवार बनाइनुपर्दछ ।

१७. **बढी भुक्तानी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार विल विजकको भुक्तानी गर्दा करारको शर्तबमोजिम भुक्तानी गर्नुपर्ने व्यवस्था छ । खानेपानी, सिँचाइ

तथा ऊर्जा विकास कार्यालय, डोल्पाले धुपीरुख देखि चौपारीसम्म सिंचाई योजनाको दररेट विश्लेषण गर्दा फर्माको नर्म्स अनुसार प्रति घन मिटर रू.६४८ दर हुनुपर्नेमा रू.१ हजार ६ सय ६७ कायम गरी रू.१ हजार १९ का दरले उपभोक्ता समितिलाई ५२५.५ वर्ग मिटरको रू.५ लाख ३६ हजार, कुलमुरा देखि जुफालसम्मको सिंचाइ योजनाको रू.१८ लाख ४३ हजार भुक्तानी गरेकोमा कुल १३५ मीटर कुलो निर्माण भएकोमा १५६ घनमीटरको खन्ने काम उपभोक्ताले गर्ने उल्लेख गरिसकेपछि पुनः कार्यालयले भुक्तानी गर्ने रकम थप गरी १५६ घनमीटरको प्रति घनमीटर रू.१ हजार ६६७ का दरले रू.२ लाख ६ हजार र खानेपानी, सिँचाइ तथा ऊर्जा विकास कार्यालय, हुम्लाले १५ सिंचाइ योजनाको खर्च गर्दा दर तथा परिमाण फरक पारी रू.१९ लाख ९ हजार बढी भुक्तानी दिएको छ । उल्लेखित योजनामा बढी भुक्तानी भएको रकम असुल गर्नुपर्दछ।

१८. **योजना कार्यान्वयन** - कर्णाली प्रदेशको बहुवर्षीय योजना निर्देशिका बमोजिम बहुवर्षीय योजनाको लागि मन्त्रालयले आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिई कर्णाली प्रदेश योजना आयोगबाट स्वीकृत आयोजना कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । खानेपानी, सिँचाइ तथा ऊर्जा विकास कार्यालय, जुम्लाले तयार पारेको आयोजना विस्तृत प्रतिवेदन अनुसार रिपरातामाटा सिंचाइ योजना ३ वर्ष अवधिमा रू.८ करोड ६० लाख ४ हजारमा सम्पन्न हुने उल्लेख छ । यस वर्ष विनियोजित बजेट रू.१ करोड ५७ लाख ७८ हजारलाई ३ प्याकेज बनाई कार्य गरेकोमा ठेक्कामार्फत भएको कार्यको रू.१९ लाख ६९ हजार र उपभोक्ता समितिमार्फत भएको रू.८५ लाख १२ हजारसमेत रू.१ करोड ४ लाख ८१ हजार भुक्तानी गरेको छ । आयोजना स्वीकृत नगराई कार्यान्वयन गरेकोले स्रोत सुनिश्चितता भएको छैन । आयोजना स्वीकृति सम्बन्धी प्रकृया पूरा गरी स्रोत सुनिश्चित गरेर बहुवर्षीय योजना कार्यान्वयन गर्नुपर्दछ ।

१९. **दोहोरो स्रोतबाट बजेट परिचालन** - सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०७८ को बुँदा ३(९) मा संघ, प्रदेश तथा स्थानीय तहबाट साझेदारीमा संचालन हुने तथा समपुरक अनुदानतर्फका बाहेक अन्य आयोजना र कार्यक्रममा दोहोरो नपर्ने गरी सञ्चालन गर्नु पर्ने व्यवस्था छ । खानेपानी, सिँचाइ तथा ऊर्जा विकास कार्यालय, जुम्लाले निम्न योजनाहरूमा सङ्घीय अनुदान तथा प्रदेश अनुदानबाट बजेट विनियोजन भई स्रोत अनुसार छुट्टा छुट्टै लागत अनुमान, खरिद सम्झौता, नापी, मूल्याङ्कन कागजात तयार गरेको छ । एउटै उपभोक्ता समितिसँग दुईपटक सम्झौता गरी कार्य गराएकोमा नहरको चेनेज खुलाएको छैन । दोहोरो स्रोतबाट बजेट परिचालन गर्ने कार्यमा सुधार हुनुपर्दछ ।

(रकम रू. हजारमा)

योजनाको नाम	सङ्घीय श्रोत		प्रदेश श्रोत	
	विनियोजन	खर्च	विनियोजन	खर्च
गिरीखोला नदी नियन्त्रण तटवन्धन	२०००	१९९७	५५००	५४८९
खलंगा खानेपानी	१८०००	१३९९२	५००	३३२
रिपरातामाटा सिंचाइ योजना	४०००	३७४०	७५००	७१३१

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा आवधिक योजनासँग समन्वय हुने गरी नीति तथा कार्यक्रम तर्जुमा नगरेको, वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने गरेको, बहुवर्षीय, ठूला तथा दीर्घकालीन महत्व राख्ने आयोजना कार्यान्वयन नगरेको, निर्माण कार्यको गुणस्तर परीक्षण तथा नियन्त्रण प्रभावकारी नभएको, परामर्श सेवा खरिद सम्बन्धी मन्त्रालयगत नर्म्स तयार नभएको लगायतका व्यहोरा औल्याइएकोमा स्थिति सुधार भएको छैन । विगतको व्यहोरा पुनरावृत्ति नहुने गरी कार्य सम्पादन गर्नु पर्दछ ।

- **बेरूजु** – सरकारी कार्यालयतर्फ १० निकायमा यो वर्ष रू.८ करोड २९ लाख ६० हजार बेरूजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराए पछि रू.२१ लाख २६ हजार फर्स्यौंट गरेकोले रू.८ करोड ८ लाख ३४ हजार बाँकी रहेको छ । यस सम्बन्धी विवरण **अनुसूची-९** मा छ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

प्रदेश सरकार ९कार्य विभाजन० नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा कृषि, पशु, भूमि व्यवस्थापन र सहकारी क्षेत्रसँग सम्बन्धित ३३ कार्यको नीति, कानुन र मापदण्ड निर्माण, कार्यान्यवन र नियमन, सञ्चालन, विकास र विस्तार गर्ने रहेका छन् ।

१. **सरकारी कार्यालय** - मन्त्रालय र मातहतसमेत २६ सरकारी कार्यालयको निम्नानुसार रू.१ अर्ब ७३ करोड ३६ लाख ८७ हजारको लेखापरीक्षण सम्पन्न भएको छ:

(रकम रू. हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
१६९५०५२	७९७३	२६३७०	४२९२	१७३३६८७

२. **कार्य जिम्मेवारी** - कर्णाली प्रदेश सरकार (नियमावली) नियमावली, २०७४ अनुसार मन्त्रालयको कार्य क्षेत्र र कार्य जिम्मेवारीमा तोकिएका ३३ कार्य जिम्मेवारीमध्ये जग्गाको प्रादेशिक अभिलेख, कित्तानापी र भूमि लगत, भूमिहीन सुकुम्बासी, सहकारी बचत तथा ऋण परिचालन लगायतका ५ कार्य भएको छैन । मन्त्रालय अन्तर्गत प्रदेश तहमा तर्जुमा गर्नुपर्ने जलचर संरक्षण, कृषि व्यवसाय प्रवर्द्धन, जीवनाशक विषादी, माटो तथा मल, पशु सेवा तथा पशु स्वास्थ्य, जग्गा प्रशासनसँग सम्बन्धित कानुन, नीति, निर्देशिका, कार्यविधि र गुरुयोजना तर्जुमा गरेको देखिएन । स्रोत साधनहरूको उचित व्यवस्थापन गरी तोकिएको जिम्मेवारी पूरा गर्नुपर्दछ ।

३. **आवधिक योजना कार्यान्वयन** - प्रथम पञ्चवर्षीय योजनामा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयमार्फत प्राङ्गारिक तथा व्यवसायिक कृषि, पशुपन्छी, मत्स्य तथा मौरी पालन, खाद्य सम्प्रभुता, खाद्य सुरक्षा तथा पोषण, भूमि व्यवस्थापन र सहकारी क्षेत्र अन्तर्गत ५१ वटा कार्यक्रमहरू निर्धारण गरिएकोमा कृषि स्रोत केन्द्रको स्थापना र सुदृढीकरण, भौचर प्रणालीमार्फत कृषि सेवा प्रवाह, विषादी परीक्षण प्रयोगशाला स्थापना, प्राङ्गारिक कृषि अनुसन्धान केन्द्र स्थापना, कृषि उत्पादन प्याकेजिङ्ग पार्क निर्माण, खाद्य सङ्कट सामना गर्न उत्पादन विकास कार्यक्रम, आपतकालीन खाद्य भण्डारण, भू-उपयोग नीति तथा गुरुयोजना तर्जुमा, भूमि बैङ्क स्थापना र सञ्चालन, कृषि भूमि संरक्षण कार्यक्रम, सहकारी सम्बन्धी कानुन तर्जुमा, सहकारी, निजी र सार्वजनिक साझेदारी कार्यक्रम सञ्चालन, सहकारी बैङ्कको स्थापना र सञ्चालन जस्ता कार्यहरू भएको देखिएन । आवधिक योजनाको लक्ष्यलाई वार्षिक नीति तथा कार्यक्रम र बजेटसँग आवद्ध गरी कार्यान्वयन गर्नुपर्दछ ।

४. **नीति, कार्यक्रम र बजेट** - कर्णाली प्रदेश सरकारको नीति तथा कार्यक्रममा मन्त्रालयसँग सम्बन्धित १८ कार्यक्रमहरू निर्धारण गरेकोमा कर्णाली प्रदेशलाई प्राङ्गारिक प्रदेशकोरुपमा विकास गर्न नीतिगत तथा संस्थागत विकास, व्यवसायिक कृषि उत्पादन कार्यक्रम सञ्चालन, प्रदेश भू-उपयोग नीतिको तर्जुमा, आधारभूत कृषि प्रयोगशाला स्थापना, ऊन तथा कपास उत्पादन, प्रशोधन, बजारीकरण, प्रदेशस्तरको रेफरल पशु अस्पतालको स्थापना, पाउडर दुध उत्पादन उद्योग स्थापना र सहकारी क्षेत्रको विकासका लागि संरचनागत सुधार लागायतका कार्यहरू सम्पन्न हुन सकेको देखिएन । बजेट वक्तव्यमा समावेश भएका कार्यक्रमहरूमध्ये भूमि व्यवस्था तथा कृषि क्षेत्रतर्फ भू-उपयोग गुरुयोजना तर्जुमा, एकीकृत कृषि विकास कार्यक्रम सञ्चालन, गरिब तथा विपन्न लक्षित वर्ग विशेष कार्यक्रम सञ्चालन, कृषि प्राविधिक

स्वरोजगार प्रवर्द्धन कार्यक्रम, प्राङ्गारिक कृषि अनुसन्धान तथा विकास केन्द्रको स्थापना जस्ता कार्यक्रमहरू कार्यान्वयन भएको देखिएन । नीति तथा कार्यक्रम एवं बजेटमा समावेश भएका कार्यक्रमको लक्षित उपलब्धि हासिल गर्नुपर्दछ ।

५. **अनुदान** - यो वर्ष मन्त्रालयलले कृषि प्रविधि प्रवर्द्धन, कृषि प्रसार तथा खाद्य सुरक्षा, भूमि व्यवस्था तथा भू-उपयोग, वागवानी विकास, कृषि पूर्वाधार विकास, पशुपंछी व्यवसाय प्रवर्द्धन, पशु स्वास्थ्य सेवा तथा प्रसार, दुग्ध प्रवर्द्धन तथा पशुपंछी आहार र कृषि उपकरण खरिदका लागि रू.१३ करोड ८४ लाख ६६ हजार र व्याज अनुदान वापत रू.४ करोड ६९ लाख ४१ हजारसमेत रू.१८ करोड ५४ लाख ७ हजार अनुदान उपलव्ध गराएको छ ।

५.१. व्यवसायिक कृषि तथा पशुपन्छी पालन व्यवसायको लागि व्याज अनुदान कार्यक्रम कार्यविधि, २०७६ को बुँदा नं. १६(ख) बमोजिम अनुदान कार्यक्रमको प्रभावकारिताका लागि बैङ्कसँग आवश्यक समन्वय गरी संयुक्त अनुगमन गर्ने व्यवस्था छ । मन्त्रालयले यो वर्ष ६ वाणिज्य बैङ्कसँग सम्झौता गरी रू.११ करोड ६२ लाख ९९ हजार विनियोजन गरी ४५३ कृषकको रू.३ करोड ३६ लाख ६० हजार र कृषि विकास निर्देशनालय सुर्खेतबाट ९२३ कृषकको रू.१ करोड ३२ लाख ८१ हजारसमेत १ हजार ३ सय ७६ कृषकको रू.४ करोड ६९ लाख ४१ हजार ब्याज अनुदान उपलब्ध गराएको छ । उद्यमीले लिएको ऋण र उद्योगजन्य गतिविधि सुनिश्चित गर्न अनुगमन तथा मूल्याङ्कन गरेको छैन । ब्याज अनुदानले उत्पादन एवं रोजगारीमा पुऱ्याएको योगदानको अध्ययन, विश्लेषण गरेको छैन। ब्याज अनुदानको उपयोगिता र प्रयोजन मूल्याङ्कन हुनुपर्दछ ।

५.२. अनुदान व्यवस्थापन कार्यविधि, २०७७ को बुँदा नं. १४ मा अनुदानको अनुगमन तथा समीक्षा गरी कार्य प्रगति मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेस गर्नु पर्ने व्यवस्था छ । यो वर्ष कृषि प्रविधि प्रवर्द्धन, कृषि प्रसार तथा खाद्य सुरक्षा, भूमि व्यवस्था तथा भू उपयोग, बागवानी विकास, कृषि पूर्वाधार विकास, पशुपन्छी व्यवसाय प्रवर्द्धन, पशु स्वास्थ्य सेवा तथा प्रसार, दुग्ध प्रवर्द्धन तथा पशुपन्छी आहार र मत्स्य व्यवसाय प्रवर्द्धन कार्यक्रम अन्तर्गत कृषि उपकरण खरिद, बिऊ, तरकारी तथा फलफूल खेती, उन्नत चौपाया वितरण तथा दुध उत्पादन कार्यक्रमका लागि रू.१३ करोड ८४ लाख ६६ हजार अनुदान दिएको छ । अनुदान सङ्घीय सरकारको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, प्रदेश सरकार मातहतका निकाय र स्थानीय तहलेसमेत प्रदान गरेको अवस्था छ । अनुदानको वितरण तथा उपयोगको अन्तरनिकाय समन्वय गर्ने प्रणाली रहेको छैन । कृषि अनुदान कार्यविधि बनाएतापनि लक्षित कृषकलाई सूचीकृत नगरेको, अनुदान प्रदान गर्दा स्थानीय तहसँग समन्वय नगरेको लगायतका कारण अनुदान उपयोग अपेक्षाकृतरुपमा भएको देखिँदैन । कृषि तथा पशुपन्छी क्षेत्रमा वितरित अनुदानले आय र रोजगारी वृद्धि हुने गरी नतिजामुखी उपयोग गर्नुपर्दछ ।

६. **सहकारी** - कर्णाली प्रदेश सहकारी ऐन, २०७५ को दफा ४८ मा सहकारीमा राखेको बचतको ब्याज र ऋणको व्याजदरको अन्तर ६ प्रतिशत भन्दा बढी हुन नहुने, सहकारी संस्थाले प्रदान गरेको ऋणमा लाग्ने व्याजलाई मूल ऋणमा पुँजीकृत गरी व्याज लगाउन नपाइने, सहकारीले अचल सम्पत्ति खरिद, पूर्वाधार निर्माण, कारोबारमा लगानी, कम्पनीको शेयर खरिद जस्ता प्रयोजनमा खर्च गर्न नपाइने, कुल ऋण लगानीमध्ये कृषि उत्पादन तथा प्रशोधन वा उत्पादनशील क्षेत्रमा लगानी गर्नु पर्ने र एक सदस्यले विभिन्न सहकारीमा आवद्ध भई लाभ लिएको विषयमा अनुगमन गर्नुपर्ने व्यवस्था छ । प्रदेशमा बहुउद्देश्यीय, उत्पादक, वचत तथा ऋण, छाता संघ, उपभोक्ता र श्रमिकसमेत ७ प्रकृतिका

३१० सहकारी संस्थाहरू दर्ता भई सञ्चालनमा छन् । मन्त्रालयले निष्क्रिय सहकारी संस्थाको कारोबार तथा दायित्वको अनुगमन गरी नागरिकको लगानी तथा वचत जोखिम हुन नदिन सक्रियता देखाएको छैन ।

७. **खेती योग्य जमिनको सदुपयोग -** कर्णाली प्रदेशको प्रथम पञ्चवर्षीय योजनाले कर्णालीको खाद्य सङ्कट समाधान गर्न उत्पादन विकास कार्यक्रम सञ्चालन गर्ने, भू-उपयोग नीति तथा गुरुयोजना तर्जुमा गर्ने, कृषि भूमि संरक्षण कार्यक्रम लागू गर्ने नीति लिएको छ । कर्णाली प्रदेशको ३० लाख २० हजार ९ सय हेक्टर क्षेत्रफलमध्ये खेतीयोग्य जमिन २ लाख ८७ हजार ७ सय हेक्टर (अर्थात ९.५२ प्रतिशत) रहेकोमा हालसम्म २ लाख ६ सय हेक्टर (अर्थात खेतियोग्य जमिनको ६९.७१ प्रतिशत) उयपोगमा रहेको देखिन्छ । खेतीयोग्य जमिनमध्ये ३८ हजार हेक्टर (अर्थात १९.०६ प्रतिशत) जमिनमा वर्षभरी र ३० हजार हेक्टर (अर्थात १५.१६ प्रतिशत) खेतीयोग्य जमिनमा आंशिक सिंचाइ सुविधा उपलब्ध छ । सङ्घ, प्रदेश र स्थानीय तहबाट गरिएका सिंचाइ तथा कृषि विकास कार्यक्रमहरू प्रभावकारीरुपमा सञ्चालन गरी खेती योग्य जमिनको सदुपयोग गर्नुपर्दछ ।

८. **खाद्यान्न उत्पादन -** कर्णाली प्रदेश सरकारले खाद्य सङ्कट समाधान गर्न उत्पादनमूलक विकास कार्यक्रम र आपतकालीन खाद्य भण्डारणको व्यवस्था गर्ने नीति लिएको छ । कर्णाली प्रदेशको कुल १६ लाख ८८ हजार ४१२ जनसङ्ख्याको प्रतिव्यक्ति २०१ किलोग्रामका दरले ३ लाख ३९ हजार ३ सय ७० मेट्रिक टन खाद्यान्न आवश्यक पर्नेमा उपभोग्य खाद्यान्न उत्पादन ३ लाख २१ हजार मेट्रिक टन रहेको देखिएकाले १८ हजार मेट्रिकटन खाद्यान्न न्यून रहेको छ । सिंचाइ, मल, बीउ र प्रविधिमा सुधार गरी भूमिको दिगो व्यवस्थापनमार्फत खाद्यान्न उत्पादनमा सुधार गर्नुपर्दछ ।

९. **दोहोरो खर्च -** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ४३(ग) मा प्रस्तावित निर्माण कार्यको डिजाईन र नियम ४५(च) मा निर्माण कार्यको स्पेशिफिकेसन र नक्सासमेत समावेश गरी बोलपत्र सम्बन्धी कागजात तयार गर्नुपर्ने व्यवस्था छ । कृषि विकास कार्यालय, रुकुम पश्चिमले २०७८।७९ मा कार्यालय भवन निर्माणका लागि एक परामर्शदाताले तयार गरेको विस्तृत परियोजना प्रतिवेदनका आधारमा खरिद सम्झौता गरी जग र पिलरसम्मको निर्माण कार्य गरे वापत एक निर्माण व्यवसायीलाई रू.५० लाख ६८ हजार भुक्तानी गरेको छ । निर्माण भएका संरचनाहरू सुरु विस्तृत परियोजना प्रतिवेदनबमोजिम नभएकोले यो वर्ष पुनः सोही भवनको अध्ययन परामर्श गर्न अर्को परामर्शदातालाई रू.९ लाख ९५ हजार भुक्तानी गरेको छ । भवन निर्माणको विस्तृत परियोजना प्रतिवेदन कार्यमा थप व्ययभार परेको देखियो । यस सम्बन्धमा सम्बन्धित कर्मचारीहरूलाई जिम्मेवार बनाउनु पर्दछ ।

१०. **कृषक प्रोत्साहन कार्यक्रम -** कृषि तथा सहकारी सम्बन्धी कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७९ को बुँदा नं. ३१ मा पचास भन्दा बढी भेडा पालन गर्ने कृषकलाई रोग नियन्त्रण र उपचार, व्यवसाय अभिमुखीकरण तथा घुम्ती गोठ, कार्यक्रमका लागि सूचीकृत कृषकहरूलाई प्रोत्साहन स्वरुप मासिक रू.१ हजार ५ सयका दरले बाह्र महिनाको दुई किस्तामा बैंक खातामार्फत भुक्तानी दिने उल्लेख छ । पशु अस्पताल तथा पशु सेवा कार्यालय, डोल्पाबाट ३२ कृषकहरूलाई रू.९ लाख ६० हजार भुक्तानी दिएको छ । कार्यविधि अनुसार ५० भन्दा बढी भेडा भएको, भेडापालन व्यवसायलाई क्रमश निरन्तरता दिएको पुष्टि हुने कागजात नभएको साथै कृषकको बैंक खातामा सिधै रकम उपलब्ध नगराएकोले कार्यविधिको पालना भएको देखिएन । अनुदान उपलब्ध गराउदा कार्यविधिको पालना हुनुपर्दछ ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा आवधिक योजनासँग समन्वय हुने गरी नीति तथा कार्यक्रम तर्जुमा नगरेको, वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने गरेको, अनुदानको अनुगमन प्रभावकारी नभएको लगायतका व्यहोरा औल्याइएकोमा स्थिति सुधार भएको छैन । विगतको व्यहोरा पुनरावृत्ति नहुने गरी कार्य सम्पादन गर्नु पर्दछ ।
- **बेरूजु** – सरकारी कार्यालयतर्फ १५ निकायमा यो वर्ष रू.२ करोड ८ लाख ८० हजार बेरूजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराए पछि रू.३ लाख ५५ हजार फर्स्यौंट गरेकोले रू.२ करोड ५ लाख २५ हजार बाँकी रहेको छ । यस सम्बन्धी विवरण **अनुसूची-९** मा छ।

भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा प्रदेशस्तरको सडक, लोकमार्ग, यातायात एवं प्रदेश सरकारी भवन निर्माण, शहरी विकास योजना तर्जुमा तथा पूर्वाधार निर्माण, सञ्चालन, मर्मतसंभार लगायतका विषयको आवश्यक नीति तथा कानुन, मापदण्ड अनुरूप गुरूयोजना कार्यान्वयन, समन्वय र नियमन गर्ने लगायतका कार्य रहेका छन् ।

१. **सरकारी कार्यालय -** मन्त्रालय र मातहत १६ सरकारी कार्यालयको निम्नानुसार रू.६ अर्ब ९२ करोड २ लाख ९१ हजारको लेखापरीक्षण सम्पन्न भएको छ:

(रकम रू. हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
६१३०४०३	२७६६९२	५१२९९९	१९७	६९२०२९१

२. **कार्य जिम्मेवारी -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयले प्रदेश लोकमार्ग तथा यातायात, प्रदेशस्तरका सरकारी कार्यालयहरूको भौतिक व्यवस्थापन र निर्माण, शहरी विकास योजना तर्जुमा तथा पूर्वाधार निर्माण, सञ्चालन, मर्मतसंभार लगायतका विषयको २२ कार्यको नीति तथा कानुन, मापदण्ड अनुरुप गुरुयोजना कार्यान्वयन, समन्वय र नियमन गर्ने रहेकोमा योजना तर्जुमा गरेको देखिएन । प्रादेशिक सडक सञ्जाल गुरुयोजना तयार गरी प्रादेशिक सडक विस्तार, निर्माण तथा मर्मत गर्नुपर्नेमा गरेको छैन । प्रदेशस्तरमा यातायात. लोकमार्ग र सुरक्षित बसोबास तथा जग्गा एकीकरण सम्बन्धी नीति, कानुन, मापदण्ड र योजना तर्जुमा, पूर्वाधार तथा यातायात सम्बन्धी नीति तथा मापदण्ड र गुरुयोजना, भवन संहिता र सुरक्षित बसोबास सम्बन्धी नीति बनाई कार्यान्वयन गराउने जिम्मेवारी पूरा गरेको छैन । स्रोत साधनको उचित व्यवस्था गरी कार्यक्षेत्र र जिम्मेवारी अनुरुप कार्य गर्नुपर्दछ ।

३. **आवधिक योजनाको कार्यान्वयन -** कर्णाली प्रदेश प्रथम पञ्चवर्षीय योजना (२०७६।७७-२०८०।८१)मा भौतिक पूर्वाधार मन्त्रालयमार्फत सडक पूर्वाधार, हवाई यातायात, जलमार्ग, विद्युतीय रेलमार्ग, रज्जुमार्ग, केवलकार, यातायात व्यवस्थापन र गाउँ शहर तथा बस्ती विकास अन्तर्गत ४९ कार्यक्रमहरू तयार गरिएकोमा हालसम्म सुर्खेत एयरपोर्टलाई रात्रिकालीन प्रयोगमा ल्याउने, एक हिमाली अन्तर्राष्ट्रिय विमानस्थलको सम्भाव्यता अध्ययन गर्ने, हरेक स्थानीय तहमा हेलीप्याड निर्माण गर्ने, आन्तरिक उडान गर्ने वायु सेवाको सङ्ख्या वृद्धि गर्ने, उत्तर दक्षिण विद्युतीय रेलमार्ग र रज्जुमार्गको सम्भाव्यता अध्ययन गर्ने, विद्युतीय यातायातका लागि कानुनी, नीतिगत र संरचनात्मक पूर्वाधारको व्यवस्था गर्ने, नयाँ शहरको पहिचान गरी शहरी विकासको कार्य प्रारम्भ गर्ने कार्य भएको देखिएन । आवधिक योजनाले तयार गरेका लक्ष्यहरू हासिल गर्न सङ्घीय सरकारको समन्वय र वार्षिक नीति तथा कार्यक्रमसँग आवद्ध गरी कार्यान्वयन गर्नुपर्दछ ।

४. **नीति तथा कार्यक्रम** - कर्णाली प्रदेश सरकारको नीति तथा कार्यक्रममा कर्णाली र भेरी करिडोर निर्माण गर्ने, जिल्ला सदरमुकामदेखि राजमार्ग जोडने गरी प्रदेश गौरव सडक निर्माण गर्ने, अध्ययनका आधारमा सडक निर्माण गर्ने, क्रमागत, अधुरा र रुग्ण आयोजना सम्पन्न गर्ने, झोलुङ्गे पुल निर्माण गर्ने,

साझेदारीमा यातायात सञ्चालन गर्न सम्भाव्यता अध्ययन गर्ने र साझेदारीमा सडक निर्माण कार्य शुरु गर्ने लगायत १२ कार्यक्रमहरू निर्धारण गरिएकोमा कर्णाली र भेरी करिडोर निर्माण लगायत उल्लेखितमध्येका ६ कार्यक्रममा बजेट व्यवस्था गरी कार्यान्वयन भएको छैन । नीति तथा कार्यक्रम र बजेटमा तादम्यता मिलाई लक्षित नतिजा हासिल गर्नु पर्दछ ।

५. **बजेट कार्यान्वयन -** यो वर्षको बजेट वक्तव्य अनुसार मन्त्रालयका लागि रू.१० अर्ब ९२ करोड ९ लाख ५८ हजार बिनियोजन गरी कर्णाली प्रदेश सडक गुरुयोजना, प्रादेशिक सडक ऐन तर्जुमा, भवनसँग सम्बन्धित कानुन र आचारसंहिता, पर्यटकीय सडक, व्यापारिक केन्द्र जोड्ने सडक, कर्णाली प्रदेशको सबै वडा देखि स्थानीय तहको केन्द्र जोड्ने सडक, लाभग्राहीको लागत साझेदारीमा सडक, मन्त्रालयहरूको एकिकृत सरकारी भवन, एकीकृत बस्ती विकास, कर्णाली बस पार्क, भेहिकल फिट्नेश सेन्टर स्थापना लगाएतका कार्यक्रमहरू तर्जुमा गरेकोमा ग्रामीण सञ्चाल सुधारतर्फ रू.१२ करोड, तल्लो डुङ्गेश्वर-सातखम्बा-दुल्लु पिपलबोट सडक रू.१० करोड, गुमी-पातिहाल्नाचौर सडक रू.९ करोड ५ लाख, लागत साझेदारीमा आधारित सडक रू.३ करोड र बस्ती विकास कार्यक्रम रू.१० करोड गरी रू.४४ करोड ५ लाखको बजेट कार्यान्वयन भएको छैन । वार्षिक बजेटमा समावेश गरिएका कार्यक्रमहरू कार्यान्वयन गर्नु पर्दछ ।

६. **पूर्वाधार अवस्था -** प्रदेश सरकार अन्तर्गत यस मन्त्रालयको स्थापना पश्चात सडक निर्माणतर्फ कालोपत्रे ७८.९५ किलोमिटर, ग्राभेल ४३४ किलोमिटर, कच्ची सडक २ हजार ४२४ किलोमिटर सडक निर्माण, पुल निर्माणतर्फ झोलुङ्गे ५५, पक्की सडकपुल २२ निर्माण भएका छन् । भवन निर्माणतर्फ सार्वजनिक ८ र विपन्न ३ हजार २१ घर निर्माण भएका छन् । प्रथम आवधिक योजनाको लक्ष्य अनुसार ५ सय किलोमिटर सडक कालोपत्रे गरिने रहेकोमा चौथो वर्ष व्यतित हुँदासम्म ७८.९५ किलोमिटर सडक कालोपत्रे भएको छ । हवाई यातायात, जलमार्ग, विद्युतीय रेलमार्ग, रज्जुमार्ग र यातायात व्यवस्थापनतर्फ कार्य भएको छैन । गाउँ शहर र बस्ती विकासतर्फ कम्तीमा दशवटा एकीकृत वस्ती विकास गरिने लक्ष्य लिएकोमा डोल्पा र हुम्ला जिल्ला बाहेक अन्य जिल्लामा भएको छैन । आवधिक योजनाले निर्धारण गरेका लक्ष्यहरूलाई वार्षिक बजेट र कार्यक्रमसँग आवद्ध गरी अपेक्षित उपलब्धी हासिल गर्नुपर्दछ ।

७. **बहुवर्षीय योजना स्वीकृती -** कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम २३ बमोजिम विकास आयोजनाको बजेट तर्जुमा गर्दा आयोजनाको सम्भाव्यता अध्ययन र आर्थिक, प्राविधिक, वातावरणीय तथा प्रशासकीय उपयुक्तताको आधारमा प्रतिफल समेतको विचार गरी प्रदेश सरकारबाट आयोजना स्वीकृत हुनु पर्ने व्यवस्था छ । यो वर्षसम्म ७९ बहुवर्षीय योजना स्वीकृती भएकोमा २०७६।७७ देखि ७१ आयोजनाको रू.१० अर्ब २९ करोड ७८ लाख ७६ हजारको खरिद सम्झौता भई हालसम्म रू.२ अर्ब ७९ करोड ६६ लाख २९ हजार भुक्तानी भएको छ । बहुवर्षीय योजनाको स्वीकृत गरी बजेट सुनिश्चितता भएका आयोजना सम्पन्न गरी अपेक्षित प्रतिफल प्राप्त गर्नुपर्दछ ।

८. **संरचनाहरूको अभिलेख -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९ उपनियम ५ मा सार्वजनिक निकायले भौतिक सम्पतिको अभिलेख राख्नु पर्ने व्यवस्था छ ।सङ्घीय सरकारको सडक विभागले मौजुदा सडक अभिलेख (रोड इनभेन्ट्री) अद्यावधिक गर्ने असल अभ्यास अवलम्बन गरेको छ। प्रदेशको बजेट तर्जुमा तथा प्राथमिकीकरणको लागि मौजुदा सडक, पुल, पुलेसा, कल्भर्ट, लगायतका

संरचनाहरूको उपयोगी हुने भए पनि यस्तो तथ्याङ्कको अभाव रहेको छ । मन्त्रालयले अन्तर निकाय समन्वय, स्रोत व्यवस्थापन र संरचना निर्माणमा दोहोरोपनाको अन्त्यका लागि सूचना प्रविधिमा आधारित तथ्याङ्कहरू राख्ने प्रवन्ध गर्नुपर्दछ ।

नेपाल सरकारले राष्ट्रिय राजमार्ग, रणनीतिक सडक, प्रादेशिक सडक तथा स्थानीय गरी तीन तहको सडकको क्षेत्राधिकार तोकेको छ । सडक पूर्वाधार निर्देशनालय, सुर्खेतले यस वर्ष सडकको आकस्मिक तथा नियमित मर्मतमा रू.१ करोड ८७ लाख २५ हजार खर्च गरेको छ । निर्देशनालयको कार्यक्षेत्रभित्र पर्ने सडकहरूको तथ्याङ्क नभएकोले आफ्नो क्षेत्राधिकारभित्र पर्ने सडक मर्मत संभारमा खर्च गरेको सुनिश्चत हुने आधार छैन । मन्त्रालयले आफ्नो कार्यक्षेत्रमा पर्ने सडकहरूको अभिलेखीकरण गरी मर्मत संभार गर्नुपर्दछ।

९. **पूर्वाधार विशेष कार्यक्रम** - कर्णाली प्रदेश निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७९ बमोजिम प्रत्यक्ष निर्वाचित प्रतिसभासद रू.४ करोड र समानुपातिकतर्फका प्रतिसभासद रू.१ करोडका दरले जम्मा रू.१ अर्ब १२ करोड बजेट विनियोजन भएकोमा प्रत्यक्षतर्फका ६ र समानुपातिकतर्फका १ गरी ७ सभासदबाहेक अन्य ३३ सभासदलाई कम्तीमा रू.१५ लाख देखि बढीमा रू.८० लाखसम्मका ३७६ योजना कार्यान्वन गर्न यो वर्ष रू.८४ करोड बजेट उपलब्ध भएकोमा भवन ८७, सडक ६५, विद्युत संरचना ५, तटबन्ध तथा बाँध निर्माण ३०, सिंचाइ ३१, खानेपानी २७ र अन्य १०५ गरी जम्मा ३५० आयोजना कार्यान्वयनमा रू.७० करोड २ लाख ३९ हजार खर्च भएको छ । यस सम्बन्धमा देखिएको व्यहोरा निम्नअनुसार छन् ।

९.१. पूर्वाधार विशेष कार्यक्रमका लागि छनौट भएका विद्यालय, स्मृति प्रतिष्ठान, सहकारी भवन, सडक निर्माण तथा स्तरोन्नती, बाँध तथा नदी नियन्त्रण, सिंचाइ, खानेपानी संरचना, रङ्गशाला र खेल मैदान निर्माण जस्ता कार्यहरू प्रदेश मातहतका सामाजिक विकास कार्यालय, खानेपानी, सिंचाइ तथा उर्जा विकास कार्यालय र पूर्वाधार विकास कार्यालय, सङ्घीय सरकारका सडक, सिंचाइ तथा खानेपानी कार्यालय र स्थानीय तहका कार्यक्रमबाट खर्च हुने गरेको छ । विभिन्न निकायबाट बजेट व्यवस्था भएपनि आपसमा समन्वय गरी एकीकृत रुपमा खरिद व्यवस्थापन गर्ने गरेको छैन ।

९.२. पूर्वाधार विकास निर्देशनालय, सुर्खेतले, पूर्वाधार विकास विषेश कार्यक्रमबाट सुर्खेत जिल्लाका १८ विद्यालय भवन निर्माणमा रू.२ करोड ७ लाख ४६ हजार खर्च गरेको छ । राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम, सामाजिक विकास मन्त्रालय, स्थानीय तह र अन्य सरकारी तथा गैर सरकारी निकायबाट समेत विद्यालय भवनहरू निर्माण हुने गरेकोले आपसमा समन्वय गरी विद्यार्थी सङ्ख्याको आधारमा पूर्वाधारको आवश्यकता विश्लेषण गरेको छैन । विद्यालय भवनको लागि ससानो रकम विनियोजन हुने गरेकोले निर्माण कार्य सम्पन्न गरी उपयोगयोग्य अवस्थामा पुऱ्याउन लामो अवधि लाग्ने गरेको छ । प्रदेश विकास निर्माण सम्बन्धी कार्यक्रमहरूमा निकायहरूले गर्ने लगानी सम्बन्धमा प्रदेश नीति तर्जुमा गरी साधन र स्रोतको उपयोग गर्नुपर्दछ ।

९.३. निर्माण कार्यको प्राविधिक मूल्याङ्कन अनुसार भुक्तानी गर्नुपर्नेमा पूर्वाधार विकास कार्यलय, हुम्ला र डोल्पाले पूर्वाधार विशेष कार्यक्रम अन्तर्गत २५ योजनामा उपभोक्ता तथा फर्मलाई परिमाण तथा इकाई दर फरक पारी रू.३७ लाख ९० हजार बढी भुक्तानी गरेको रकम असुल गर्नुपर्दछ ।

१०. **जनता आवास** - नेपाल सरकारले २०६६।६७ देखि कार्यान्वयनमा ल्याएको जनता आवास कार्यक्रम २०७५।७६ देखि प्रदेश सरकारबाट कार्यान्वयन हुँदै आएको छ । कर्णाली प्रदेश सरकारले लोपोन्मूख र अति सीमान्तकृत जाति तथा समुदायका लागि जनता आवास कार्यक्रम अन्तर्गत हालसम्म २ हजार ७८० र विपन्न घर कार्यक्रम अन्तर्गत २४१ समेत जम्मा ३ हजार २१ घर निर्माण गरेको छ । यो वर्ष कार्यक्रमका लागि रू.३० करोड ६३ लाख ६० हजार विनियोजन गरी जनता आवास कार्यक्रमतर्फ ४५१ र विपन्न घर कार्यक्रमतर्फ १४० समेत ५९१ घर निर्माण गरी रू.१२ करोड ६६ लाख ३ हजार खर्च गरेको छ । भौतिक पूर्वाधार मन्त्रालयमा विनियोजन भएको रू.१२ करोडको कार्यक्रम कार्यान्वन भएको छैन । लक्ष्य अनुसार कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।

पूर्वाधार विकास कार्यालयहरू

११. **खरिद पूर्व तयारी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा सार्वजनिक निकायले निर्माण स्थलबाट हटाउनुपर्ने रुख बिरुवा लगायतका संरचना हटाउने सुनिश्चितता तथा प्रचलित कानुन बमोजिम गर्नुपर्ने वातावरणीय अध्ययनको प्रतिवेदन स्वीकृत गरी बोलपत्र आह्वान गर्नु पर्ने व्यवस्था छ। पूर्वाधार विकास निर्देशनालय, सुर्खेतले, रानीघाट-तेलपानी सडक निर्माण कार्य २०७८।११।१६ सम्ममा सम्पन्न गर्ने गरी एक संयुक्त उपक्रमसँग २०७७।३।५ मा रू.१३ करोड २ लाख ६९ हजारको सम्झौता गरेकोमा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन २०७९।९।२५ मा स्वीकृत भएको कारण सम्झौताको अवधि २०८०।३।२५ सम्म थप गरेको छ। थप अवधिसम्म रू.१ करोड १४ लाख ३८ हजारको कार्य भई भुक्तानी गरेकोमा पुनःअवधि थप भएको देखिएन । सार्वजनिक खरिद कानुन र खरिद सम्झौता वमोजिम निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

१२. **भवन मर्मत** - कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम २१ मा प्रत्येक कार्यालयले आफ्नो उद्देश्य अनुरुपको कार्य सम्पादन गर्नुपर्ने उल्लेख छ । पूर्वाधार विकास निर्देशनालय, सुर्खेतले, नेपाल टेलिभिजनको कार्यालय स्थापना गर्न वीरेन्द्रनगरस्थित साविकमा रेडियो नेपाल रहेको भवन मर्मतमा प्रदेश समानीकरण अनुदानबाट रू.१८ लाख ९६ हजार खर्च गरेको छ। व्यावसायिक सिद्धान्तको आधारमा कारोवार गर्ने संस्थाको भवन मर्मत गरेको उचित देखिएन । यस्तो खर्च नियन्त्रण हुनुपर्दछ ।

१३. **मूल्य समायोजन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९ को उपनियम १ मा मूल्य समायोजन सम्बन्धी व्यवस्था छ ।पूर्वाधार विकास कार्यालयहरूले यसवर्ष निर्माण कार्यको मूल्य समायोजन भुक्तानी गरेको सम्बन्धमा देखिएको व्यहोरा निम्न छन्:

१३.१. सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५(२) मा एकमुष्ट कार्य सम्पादन (लम्पसम कन्ट्राक्ट) को आधारमा खरिद सम्झौतामा मूल्य समायोजन गर्न नसकिने व्यवस्था छ । पूर्वाधार विकास कार्यालय, मुगुले, दोमुखा पक्की पुल र लुगला मोटरेवल पुल निर्माणको लागत अनुमानमा रू.२ करोड ९० लाख ३७ हजारको डिजाइन एण्ड विल्ट प्रक्रियाबाट निर्माण गर्न वोलपत्र गरेकोमा मूल्य समायोजन दिने गरी सम्झौता गरेको छ । पूर्वाधार विकास निर्देशनालय, सुर्खेतले, लम्पसम प्रकृतिको डिजाईन एण्ड बिल्ट कन्ट्रयाक्टको सम्झौतामा मूल्य समायोजन भुक्तानी दिने प्रावधान राखेको कारण झ्यान ज्याने खोला पुल निर्माणमा रू.९३ लाख १५ हजार मूल्य समायोजन भुक्तानी गरेको छ । निर्माण कार्यमा हुने जोखिम निर्माण व्यवसायीको हुने डिजाइन एण्ड बिल्ट सम्झौतामा मूल्य समायोजन दिन खरिद

ऐनको दफा ५५ अनुकूल नदेखिएकोमा नेपाल सरकार २०७८।११।१० को निर्णयबाट नर्म्समा मूल्य समायोजन दिने गरेकोले खरिद कानुनमा उल्लेख नभएको मूल्य समायोजन दिने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

१३.२. सम्झौता अनुसार मूल्य समायोजन गणना गरी भुक्तानी गर्नुपर्नेमा पूर्वाधार विकास कार्यालय, रुकुम पश्चिमले, एक निर्माण व्यवसायीलाई सम्झौता अनुसार मेशिनरी तथा उपकरणको मूल्य सूचक प्रयोग गर्नुपर्नेमा मेशिनरी तथा ढुवानीको मूल्य सूचक प्रयोग गरी रू.५ लाख ७७ हजार, पूर्वाधार विकास कार्यालय, डोल्पाले दुई निर्माण व्यवसायीलाई गणना भन्दा वढी हुने गरी रू.२ लाख ४२ हजार, पूर्वाधार विकास कार्यालय, दैलेखले, एक निर्माण व्यवसायीलाई सम्झौतामा तोकिएको सीमा भन्दा वढी हुने गरी रू.६ लाख ५२ हजार तथा मानक फरक पारी ३ निर्माण व्यवसायीलाई रू.५ लाख ७२ हजार र पूर्वाधार विकास निर्देशनालय, वीरेन्द्रनगर, सुर्खेतले, इन्डेक्स फरक पारी एक निर्माण व्यवसायीलाई रू.६ लाख २४ हजार समेत रू.२६ लाख ६७ हजार वढी मूल्य समायोजन भुक्तानी भएको रकम असुल गर्नुपर्दछ ।

१३.३. पूर्वाधार विकास कार्यालय, मुगुले, निर्माण व्यवसायीसँग गरेको सम्झौताको सामान्य शर्त ५३.१ मा मूल्य समायोजन नदिने उल्लेख छ । दोमुखा-तारापानी-गमगढी-नाक्चालाग्ना सडक निर्माणका लागि एक संयुक्त उपक्रमसँग रू.१० करोड ६ लाख ९१ हजारको सम्झौता भएकोमा निर्माण व्यवसायीलाई हालसम्मको मूल्य समायोजन रू.८६ लाख ५५ हजार समेत रू.५ करोड ६६ लाख ३९ हजार भुक्तानी गरेको छ । सम्झौता विपरित भुक्तानी गरेको रकम असुल गर्नुपर्दछ ।

१४. **सडक पूर्वाधार निर्माण** - कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली,२०७५ को नियम २३(१) मा विकास आयोजनाको बजेट तयार गर्दा आयोजनाको संभाव्यता अध्ययन, आर्थिक र वातावरणीय तथा प्रशासकीय उपयुक्तताका आधारमा प्रतिफल समेतको विचार गरी छनौट गर्नुपर्ने व्यवस्था छ । प्रदेशभित्र सडक योजनाको संभाव्यता अध्ययन, वातावरणीय प्रभाव मूल्याङ्कन तथा विस्तृत परियोजना प्रतिवेदन तयार नगरी सालवसाली विनियोजन हुने बजेटको आधारमा लागत अनुमान तयार गरी कार्यान्वयन हुने गरेको छ ।पूर्वाधार विकास निर्देशनालय, सुर्खेतको सडक पूर्वाधार विकास कार्यक्रमका लागि यसवर्ष रू.२ करोड २७ लाख ७० हजार बजेट भएकोमा ७ सडक निर्माणमा रू.१ करोड ७४ लाख ३६ हजार खर्च भएको छ । सातमध्ये चार सडक योजनाको खर्च रू.२० लाख भन्दा न्यून रहेको छ ।

छेडा-फिनिकाडा-धनिगाढ सडक, बामेखोला भेरीपुल सडक, चित्लाङ्ग खोला गंगटे देखि वासरी सडक स्तरोन्नतिका लागि पटके कार्यक्रम बनाई खर्च गर्दा सालबसली रुपमा यातायात सञ्चालन हुने गरी निर्माण हुने र वार्षिक क्षतिहुने कार्यको निरन्तरता देखिएको छ ।निर्माण कार्यलाई चेनेजसँग आबद्ध नगराई, ग्राबेल, ड्रेन, टेवा पर्खाल प्याकेजिङ्ग लगायतका संरचना निर्माण भएबाट पूर्वाधार निर्माणको समय, लागत तथा उपलब्धी मापन हुने स्थिति छैन ।सडक पूर्वाधारमा उक्त प्रक्रिया पूरा गरी लागत, समय एवं उपलब्धी स्पष्ट गरेर लगानी गर्नुपर्ने देखिन्छ ।

१५. **स्पेसिफिकेशन पालना** - स्टयाण्डर्ड स्पेसिफिकेशन अफ रोड एण्ड ब्रिज २०७३ (संशोधन २०७५) को बुँदा नं. १३१० मा प्रिमिक्स कार्पेटिङ्गको मोटाइ २० मिलिमिटरसम्म गर्न सक्ने व्यवस्था छ । पूर्वाधार विकास कार्यालय,रुकुम पश्चिमले, सुर्खेत-सल्लीबजार-नुवाकोट-मुसिकोट सडकको कालोपत्रे

गर्ने कार्य अन्तर्गत प्रिमिक्स कार्पेटिङ्गको मोटाइ २० मिलिमिटर कायम गरी भुक्तानी दिनुपर्ने परिमाण ४२८.४० घनमिटर हुनेमा प्रिमिक्सको मोटाइ ३० मिलिमिटर हुने गरी लागत अनुमान तथा खरिद सम्झौता गरी ६४२.६० घनमिटर प्राविधिक मूल्याङ्कन गरी २१४.२ घनमिटरको प्रतिघनमिटर रू.१५ हजार ८२२ को दरले हुने रू.३३ लाख ८९ हजार थप व्ययभार परेको छ । लागत अनुमान तयार गर्दा पूर्वनिर्धारित नर्म्सको पालना गर्नुपर्दछ ।

१६. **भेरिएसन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ बमोजिम खरिद सम्झौता कार्यान्वयनको क्रममा पूर्वानुमान गर्न नसकिएको अवस्था सिर्जना भएमा भेरिएशन स्वीकृत गर्न सकिने व्यवस्था छ । पूर्वाधार विकास कार्यालय, रूकुम पश्चिमले, एक निर्माण कार्यको खरिद सम्झौतामा परिमाण भन्दा बढी कार्य गराई रू.१३ लाख ४० हजार भुक्तानी दिएकोमा भेरिएसन आदेश स्वीकृत गरेको छैन । पूर्वाधार विकास कार्यालय, मुगुले, लागत अनुमान गरेको तथा निर्माण व्यवसायीबाट सम्झौता भन्दा फरक चेनेजमा कार्य गराई एक निर्माण व्यवसायीलाई रू.५१ लाख २९ हजार र पूर्वाधार विकास कार्यालय, रुकुम पश्चिमले, तीन निर्माण व्यवसायीलाई सम्झौता भन्दा फरक चेनेजमा काम गराई रू.१ करोड ९७ लाख २२ हजार भुक्तानी गरेको छ । निर्माण स्थल फरक परेको भए ड्रइङ्ग डिजाइन र लागत अनुमान संशोधन गरी भेरिएशन आदेश स्वीकृत गराएर निर्माण कार्य गराउनु पर्दछ ।

१७. **अधुरो ठेक्का** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(७) मा सार्वजनिक निकायसँग खरिद सम्झौता बमोजिम कामको प्रगति नगरेमा सार्वजनिक निकायले सम्झौता अन्त्य गरी जमानत जफत गरिने उल्लेख छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नअनुसार छन् ।

१७.१. पूर्वाधार विकास कार्यालय, जाजरकोटले,सञ्चालन गरेको योजनामध्ये २०७७।७८ को २, २०७८।७९ को ५ र २०७९।८० को ५ समेत १२ योजना निर्माण व्यवसायीहरूसँगको सम्झौतानुसार यो वर्षभित्र सम्पन्न गर्ने गरी रू.६ करोड ८० लाख ३८ हजारको सम्झौता भएकोमा दुईमा काम नभएको, एकमा १० प्रतिशत, तीनमा ३२ प्रतिशत देखि ४७ प्रतिशत, पाँचमा ५६ प्रतिशत देखि ७५ प्रतिशत र एकमा ८२ प्रतिशत कार्य मूल्याङ्कन भई यो वर्षसम्ममा रू.३ करोड ७१ लाख ६२ हजार भुक्तानी भएको छ । सम्झौता अवधि समाप्त भएपनि म्याद थप भएको छैन ।

१७.२. पूर्वाधार विकास कार्यालय, रुकुमपश्चिमले, सल्ले देखि मुसिकोट सिमखोला जोड्ने सडक स्तरोन्नति कार्य २०७९।१२।२९ मा सम्पन्न गर्ने गरी २०७९।८।२० मा एक निर्माण व्यवसायीसँग रू.४८ लाख ८७ हजारको सम्झौता गरेकोमा यो वर्ष रू.२९ लाख ६८ हजार भुक्तानी गरेको छ । निर्माण व्यवसायीलाई रू.२ लाख २९ हजार मोबिलाइजेशन पेश्कीको बैङ्क जमानतको मान्य अवधि समाप्त भइसकेको छ । सम्झौताका शर्त बमोजिम निर्माण सम्पन्न गराउनु पर्दछ ।

१७.३. पूर्वाधार विकास निर्देशनालय, सुर्खेतले, प्रदेश राजधानी क्षेत्र शहरी सडक स्तरोन्नति कार्य अन्तर्गत प्याकेज नं. १ मा समावेश ४.९ किलोमिटर सडकमा नाली, सडक पेटी तथा कालोपत्रे लगायतका कार्य गर्न एक निर्माण व्यवसायीसँग २०७९।११।२८ मा सम्पन्न गर्नेगरी २०७८।०५।१७ मा रू.१२ करोड ९४ लाख ३६ हजारको खरिद सम्झौता भएकोमा हालसम्म १८ प्रतिशत भौतिक प्रगति भई रू.१ करोड ९२ लाख ९० हजार भुक्तानी गरेको छ । सम्झौता बमोजिम आयोजनाको निर्माण सम्पन्न गर्नुपर्दछ ।

१७.४. यस वर्ष कार्यान्वयन गरिएका मध्ये मुगु, कालीकोट, दैलेख र सुर्खेत जिल्लाको ५६ खरिदमा रू.१३ करोड ४४ लाख ४० हजारको सम्झौता गरेकोमा म्याद समाप्त भएपनि कार्य सम्पन्न नगरी अधुरो रहेका देखिन्छ । सम्झौता बमोजिम आयोजना सम्पन्न गर्नुपर्दछ ।

१७.५. पूर्वाधार विकास कार्यालय, मुगुले, निर्माण कार्यको लागि रू.१२ करोड ३० लाख ८२ हजारको ५ सम्झौता गरेकोमा रू.६ करोड २५ लाख ९८ हजार भुक्तानी गरेको छ । विगत वर्ष सम्झौता भएका निर्माण कार्य तोकिएको अवधिमा सम्पन्न हुन नसकी अधुरो हुनुका साथै २ ठेक्कामा रू.१ करोड ३४ लाख पेश्की परिचालन नभई बाँकी रहेको छ । खरिद सम्झौता बमोजिम पेश्की फर्स्यौंट गरी आयोजना सम्पन्न गर्नुपर्दछ ।

१७.६. पूर्वाधार विकास कार्यालय रुकुम पश्चिमले एक निर्माण व्यवसायीसँग रू.३ लाख ५४ हजार र पूर्वाधार विकास निर्देशनालय सुर्खेतले, २ निर्माण व्यवसायीसँग रू.५ लाख ४४ हजार समेत रू.८ लाख ९८ हजार खरिद सम्झौता बमोजिम समयमा निर्माण कार्य सम्पन्न नगरेकोले पूर्व निर्धारित क्षतिपूर्ति असुल गर्नुपर्दछ ।

१८. **परामर्श सेवा** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सकिने व्यवस्था छ । मन्त्रालय अन्तर्गत ७ पूर्वाधार कार्यालयले रू.४ करोड ४१ लाख ६४ हजार लागतका ५१ योजनाको सर्भे, डिजाइन, विस्तृत परियोजना प्रतिवेदन तयार गरेको छ । परामर्श सेवा खरिद गर्दा जनशक्तिको क्षमता बिश्लेषण तथा स्रोत सुनिश्चता गरेको देखिँदैन । विस्तृत आयोजना प्रतिवेदनहरू कार्यान्वयन गर्नुपर्दछ।

१९. **बढी भुक्तानी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मूल्य अभिवृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी र जनसहभागिताको अंश कट्टा गरेर भुक्तानी दिनु पर्ने व्यवस्था छ ।

१९.१. पूर्वाधार विकास कार्यालय, हुम्लाले, ४ योजनाको अन्तिम बिल भुक्तानी हुँदासम्म सम्झौता भन्दा बढी रू.८ लाख ७९ हजार र एक योजनामा उपभोक्ता समितिलाई ओभरहेड रू.११ लाख ४३ हजार गरी जम्मा रू.२० लाख २२ हजार बढी भुक्तानी गरेको छ ।

१९.२. पूर्वाधार विकास कार्यालय डोल्पाले ३ उपभोक्ता समितिलाई ओभरहेड रू.१५ लाख ६ हजार, पूर्वाधार विकास कार्यालय, रुकुम पश्चिमले दोहोरो प्राविधिक जाँच गरी रू.३७ लाख ८ हजार र एक योजनामा जोड जम्मा फरक पारी रू.८ लाख १८ हजार बढी भुक्तानी गरेको छ ।

१९.३. पूर्वाधार विकास कार्यालय, दैलेखले एक योजनाको प्राविधिक नाँपजाच फरक पारी रू.३ लाख २८ हजार समेत रू.८३ लाख ८२ हजार बढी भुक्तानी गरेको छ । माथि उल्लिखित योजनामा भएको बढी भुक्तानी रकम असुल हुनुपर्दछ ।

२०. **सडक निर्माणमा दोहोरो निकाय** - नेपाल सरकारले स्थानीय सडक, प्रदेश रणनीतिका सडक र राष्ट्रिय राजमार्गमा सडक विभाजन गरी संघ, प्रदेश र स्थानीय तहले निर्माण, स्तरोन्नति एवं मर्मत संभार गर्ने कार्यक्षेत्र निर्धारण गरेको छ ।विगतमा वैकल्पिक सहायक राजमार्गहरू प्रदेश सरकार अन्तर्गतको पूर्वाधार कार्यालयहरूबाट हुँदै आएकोमा यस वर्ष शुरु बजेट रू.४ करोड ५० लाख विनियोजन भएकोमा बजेट कार्यान्वयन हुनु अघि सङ्घीय कार्यालयबाट निर्माण गर्नेगरी रकमान्तरबाट घटाएको

छ। गोजी-तामघारी-जुम्ले देखि डाँडाखानी जाने सडक निर्माणका लागि २०८०।०३।३० सम्म सम्पन्न गर्नेगरी २०७९।१२।०८ मा एक निर्माण व्यवसायीसँग रू.३२ लाख १९ हजारको सम्झौता गरी कार्य सुचारु भएपछि सङ्घीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालयले डिभिजन सडकमार्फत निर्माण भइरहेकोले दोहोरो नहुनेगरी निर्माण कार्य गर्न पत्राचार भएको देखियो ।

सङ्घीय कार्यालयको क्षेत्रमा पर्ने सडक निर्देशनालयबाट निर्माण गर्ने तर निर्देशनालयको कार्य क्षेत्रभित्रको जिल्लामा रहेको सुर्खेत रिङ्गरोड, सिम्ता पालिका केन्द्रबाट काफलकोट जाने सडक मन्त्रालय अन्तर्गतको रुकुमपश्चिम डिभिजन कार्यालयले निर्माण गरेबाट कार्यक्षेत्र स्पष्ट देखिएन । एउटा सडकको एक चेनेजमा दुई निकायबाट निर्माण कार्य गर्दा खर्चमा दोहोरो हुने अवस्था देखियो । सम्झौता अनुसार निर्माण व्यवसायीले हालसम्म रू.२० लाख २९ हजार भुक्तानी लिएपछि सडक निर्माण कार्य भएको छैन ।

२१. **ट्रायल सेन्टर निर्माण** - सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ६(३) मा सार्वजनिक निकायले निर्माण स्थलको व्यवस्था, निर्माण स्थलबाट हटाउनु पर्ने रुख विरुवा लगायतका संरचना हटाउने सुनिश्चितता नभई बोलपत्र आव्हान गर्न नहुने व्यवस्था छ । साविकको कटकुवा गाविस कित्ता नं. ७२ र १८४ को मालपोत कार्यालय सुर्खेतको नाममा रहेको जग्गा स्थायी संरचना निर्माण गर्नेगरी लिजमा लिई यातायात व्यवस्था कार्यालयको लागि ट्रायल सेन्टर निर्माण गर्न २०८०।०३।१५ सम्ममा सम्पन्न गर्नेगरी एक निर्माण व्यवसायीसँग रू.२ करोड ३९ लाख ९७ हजारको खरिद सम्झौता भएपछि विद्युतीय संरचना हटाउन विद्युत प्राधिकरणलाई २०७९।११।०५ मा र रुख कटानका लागि डिभिजन वन कार्यालयलाई २०७९।१०।२९ मा पत्राचार भएकोमा निर्माण स्थलका अस्थायी टहरा हटाउन नसकी निर्माण कार्य सुरु भएको छैन ।

घरटहरा हटाउन नसकी जिल्ला प्रशासन कार्यालय र नगरपालिकाबीच पत्राचार भएपनि स्थिति यथावत रहेको छ ।निर्माण कार्यको हालसम्म रू.२९ लाख २५ हजार भुक्तानी गरी टेवा पर्खाल उठाउने बाहेक अन्य कार्य हुनसकेको देखिएन ।मालपोत कार्यालयको नाममा जग्गाधनी पूर्जा भएको उक्त जग्गा व्यक्तिले दाबी गरी निर्माण कार्यमा अवरोध गरेकाले निर्णय हुन नसक्दा हाल यातायात कार्यालयले भाडाको ट्रायल सेन्टर प्रयोग गरेको अवस्था छ । ट्रायल सेन्टर सञ्चालन गर्न निकायबीच आवश्यक समन्वय गरी ट्रायल सेन्टर निर्माण कार्य सम्पन्न गर्नु पर्दछ ।

२२. **दोहोरो चेनेज** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५३ मा कामको आधारभूत प्रकृति वा क्षेत्र दोहोरो नहुने गरी काम गराउनु पर्ने उल्लेख छ । पूर्वाधार विकास कार्यालय, डोल्पा अन्तर्गतको सिमेन कुमाल हुँदै साल्दान सडकको विस्तृत योजना प्रतिवेदनको चेनेज ०+००० देखि १९+०११ सम्मको लागत अनुमान रू.७७ करोड ५८ लाख २० हजार रहेको छ । हालसम्म रू.१ करोड ४३ लाख १२ हजार भुक्तानी भएको उक्त सडक निर्माणका लागि यस वर्ष चेनेज ०+००० देखि १+७०० सम्म निर्माण गरे वापत रू.५७ लाख १२ हजार भुक्तानी गरेको छ । चेनेज ०+००० देखि ३+४०० सम्म सडक विस्तार गरे वापत गत वर्ष रू.८६ लाख भुक्तानी भएको देखिन्छ ।यसरी ०+००० देखि १+७०० सम्मको निर्माणमा दोहोरो भुक्तानी भएको देखिदा रू.५७ लाख १२ हजार असुल गर्नुपर्दछ ।

२३. **दुनै-तिप्ला काँडाताली सडक** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६ (३) मा प्रचलित कानुन बमोजिम गर्नु पर्ने वातावरणीय अध्ययनको प्रतिवेदन स्वीकृत नगराई बोलपत्र गर्न नहुने व्यवस्था छ। दुनै सरस्वती मन्दिर देखि तिप्ला हुदै थरगाउँ-काँडाताली सडकको चेनेज ०+००० देखि ६+०९८ सम्म निर्माणका लागि २०७५।७६ मा कुल रू.४२ करोड ९२ लाख १३ हजार लागत अनुमान स्वीकृत भएको देखिन्छ । २०७७।७८ देखि हालसम्म ३ वटा प्याकेजमा ठेक्का सम्झौता भई निर्माणाधीन रहेको सडक सम्बन्धमा देखिएको थप व्यहोरा निम्नअनुसार छन् ।

२३.१. सडकको पहिलो प्याकेज चेनेज ०+००० देखि १+८०० सम्मको कटिङ्ग कार्य गर्न एक निर्माण व्यवसायीलाई रू.२ करोड २० लाख ३८ हजार र दोश्रो प्याकेज चेनेज २+००० देखि ३+३४० सम्मको लागि अर्को निर्माण व्यवसायीलाई रू.१ करोड ४४ लाख ४७ हजारको खरिद संझौता गरी हालसम्म रू.६५ लाख ८२ हजार भुक्तानी भएको छ । तेश्रो प्याकेज चेनेज ३+३०० देखि ५+७२० सम्मको लागि एक निर्माण व्यवसायीसँग रू.४ करोड ३९ लाख ३५ हजारको खरिद सम्झौता भई निर्माणधिन रहेकोमा पहिलो प्याकेजबाट दोश्रो प्याकेजमा २०० मिटर छुटाएको र दोश्रोबाट तेस्रोमा ४० मिटर दोहोरो हुने गरी खरिद सम्झौता भएको छ । दोहोरो नपर्ने गरी भुक्तानीको व्यवस्था मिलाउनुपर्दछ ।

साथै विस्तृत आयोजना प्रतिवेदन अनुसार १० प्रतिशत कडा चट्टान भएकोमा वास्तविक कामको प्राविधिक नाँपमा कडा चट्टान कटिङ्ग ९० प्रतिशतभन्दा बढी राखी भुक्तानी गरेको छ । विस्तृत आयोजना प्रतिवेदन भन्दा ८० प्रतिशत बढी कडा चट्टानको प्राविधिक नाँप गरी भुक्तानी गरेबाट विस्तृत आयोजना प्रतिवेदनको औचित्य देखिएको छैन । सुरक्षा निकायको कार्यालय, व्यक्तिगत जग्गा परेको लगायत कारण विस्तृत आयोजना प्रतिवेदनको एलाइनमेन्ट फरक परेको छ । प्रतिवेदन भन्दा फरक एलाइनमेन्टमा सडक निर्माण भएकोमा पूर्व स्वीकृत ड्रइङ्ग डिजाइन परिमार्जन गर्नुपर्दछ ।

२३.२. तेश्रो प्याकेज सडक निर्माणको खरिद सम्झौता स्वीकृत भएपनि वातावरणीय अध्ययन प्रतिवेदन तयार गरेको छैन । सदरमुकाम माथिबाट सडक निर्माण भएकोले भूस्खलन, पहिरोको कारण सदरमुकाम वजार जोखिममा पर्नसक्ने देखिएको छ । वातावरणीय प्रभाव अध्ययन गरी जोखिम न्यूनीकरणका कार्यक्रमहरू सञ्चालन गर्नु पर्दछ।

२४. **निर्माण स्थल व्यवस्था** - सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ६ मा सार्वजनिक निकायले निर्माण स्थलको व्यवस्था नभई, निर्माण स्थलबाट हटाउनुपर्ने रुख विरुवा लगायतका संरचना हटाउने सुनिश्चितता नभई तथा कानुन बमोजिम गर्नुपर्ने वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत नभई बोलपत्र गर्न नहुने व्यवस्था छ । पूर्वाधार विकास कार्यालय, दैलेखले, चुप्रा-टोडके-लोहोरे सडक निर्माण कार्य २०७९।१२।३१ सम्म सम्पन्न गर्ने गरी एक निर्माण व्यवसायीसँग रू.१ करोड ८ लाख ९० हजारको खरिद सम्झौता गरेकोमा ६३.७१ प्रतिशत निर्माण भएपछि सडकको एलाइन्मेन्ट बनक्षेत्रभित्र परेको र डिभिजन वन कार्यालयले रुख काट्ने अनुमति नदिएका कारण सम्झौता सम्पन्न नहुँदै ठेक्का तोडिएको छ । ठाँटी-पखपानी सडक निर्माण कार्य २०८०।२।३० सम्म सम्पन्न गर्ने गरी एक निर्माण व्यवसायीसँग रू.१४ लाख ७६ हजारमा खरिद सम्झौता गरेकोमा ४०.८४ प्रतिशत निर्माण कार्य पूरा भएपछि सडकको एलाइन्मेन्ट वन क्षेत्रभित्र परेको र डिभिजन वन कार्यालयले रुख काट्ने अनुमति नदिएका कारण अधुरो रहेको छ ।खरिद सम्झौता गर्दा कानुनले तोकेको प्रकृया पूरा गर्नुपर्दछ ।

२५. **उपभोक्ता समिति** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा एक करोड रूपैयाँसम्म लागत अनुमान भएको निर्माण स्थानमा बसोबास गर्ने बासिन्दा र सेवा उपयोग गर्ने समुदाय रहेको उपभोक्ता समितिबाट गराउने व्यवस्था छ । यस सम्बन्धमा निम्न व्यहोरा देखिएका छन्:

२५.१. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (९) मा उपभोक्ता समितिबाट सञ्चालित हुने निर्माण कार्यमा हेभि मेसिनहरू प्राविधिकको सिफारिशमा सार्वजनिक निकायको सहमति लिई प्रयोग गर्न सकिनेमा त्यस्तो सहमति नलिई यस वर्ष पूर्वाधार विकास कार्यालय सल्यानले ४ योजनामा रू.४० लाख ७४ हजार, पूर्वाधार विकास कार्यालय जुम्लाले ५ योजनामा रू.१ करोड १ लाख ९७ हजार र पूर्वाधार विकास कार्यालय जाजरकोटले २६ योजनामा रू.७ करोड ४५ लाख २२ हजारको निर्माण काममा हेभी मेसिन प्रयोग गरेको छ । कानुनी व्यवस्थाको पालना गर्नुपर्दछ ।

२५.२. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिलाई मेसिन, औजार उपकरणको आवश्यक नपर्ने श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पूर्वाधार विकास निर्देशनालय, सुर्खेतले, २ उपभोक्ता समितिबाट खानेपानीको लागि डिपवोरिङ्ग गराई रू.१७ लाख ४० हजार भुक्तानी दिएको छ । डिपवोरिङ्ग जस्तो जटिल प्राविधिक विषय हुने पूर्वाधार निर्माण कार्य उपभोक्ता समिति मार्फत् गराएको नियमसम्मत देखिएन।

२५.३. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१०) मा उपभोक्ता समितिले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र निर्माण व्यवसायी वा उपसम्झौताबाट काम गराउन नहुने उल्लेख छ । पूर्वाधार विकास कार्यालय, मुगुले, रिगा-दुमाना सडक र कित्याजुर-आँपडाडा कृषि सडक निर्माणको लागि दुई उपभोक्ता समितिसँग सम्झौताका आधारमा रू.६४ लाख ९६ हजार भुक्तानी गरेकोमा उपभोक्ता समितिले रू.३८ लाख ८ हजारको कार्य निर्माण व्यवसायीमार्फत गराएको विल भर्पाई पेश गरेको छ । उपभोक्ता समिति आफैले सम्पन्न नगरी निर्माण व्यवसायीमार्फत निर्माण कार्य गराउने कार्यमा नियन्त्रण गर्नु पर्दछ ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा नीति तर्जुमा, बजेट वक्तव्यको कार्यान्वयन, पुँजीगत खर्च, सडक सीमा, खरिदमा प्रतिस्पर्धा, अधुरा निर्माण कार्य, आयोजना स्वीकृति, कन्टेन्जेन्सी खर्च, परामर्श सेवा, समन्वय र निर्माणस्थल, पूर्वनिर्धारित क्षतिपूर्ति, भेरिएशन, खरिद सम्झौता अन्त्य, मूल्य समायोजन, निर्माण कार्यको गुणस्तर, नर्म्समा विविधता लगायतमा सुधार गर्नुपर्ने व्यहोरा समावेश गरिएकोमा सोको कार्यान्वयन भएको पाइएन । विगतको व्यहोरा पुनरावृत्ति नहुने गरी कार्य सम्पादन गर्नु पर्दछ।

- **बेरूजु** – सरकारी कार्यालयतर्फ १३ निकायमा यो वर्ष रू.६१ करोड २० लाख ७३ हजार बेरूजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराए पछि रू.२४ लाख ४५ हजार फर्स्यौट गरेकोले रू.६० करोड ९६ लाख २८ हजार बाँकी रहेको छ । यस सम्बन्धी विवरण **अनुसूची-९** मा छ।

सामाजिक विकास मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा शिक्षा, स्वास्थ्य तथा जनसङ्ख्या, सरसफाइ, महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा सामाजिक सुरक्षा, युवा तथा खेलकुद, भाषा, धर्म संस्कृति र श्रम रोजगार लगायतका ५१ कार्य गर्न २०७४।१०।१० मा कर्णाली प्रदेश सामाजिक विकास मन्त्रालयको कार्यक्षेत्र तोकेको छ ।

१. **सरकारी कार्यालय** - मन्त्रालय र मातहतका ४१ प्रदेश कार्यालयको निम्नानुसार रू.४ अर्ब ४७ करोड ६३ लाख २२ हजारको लेखापरीक्षण सम्पन्न भएको छ ।

(रकम रू. हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
४३९६७६८	१२१७६	३८६८१	२८६९७	४४७६३२२

२. **समिति र अन्य संस्थाः** यो वर्ष ११ संस्थाको रू.६ अर्ब ५१ करोड ४५ लाख ४६ हजारको लेखापरीक्षण सम्पन्न भएको छ ।

३. **कार्य जिम्मेवारी** - प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार कर्णाली प्रदेशको शिक्षा, स्वास्थ्य तथा जनसङ्ख्या, सरसफाई, महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा सामाजिक सुरक्षा, युवा तथा खेलकुद, भाषा, धर्म संस्कृति र श्रमरोजगारसँग सम्वन्धित ५१ कार्य यस मन्त्रालयको जिम्मेवारीहरूमा रहेको छ ।मन्त्रालयले प्रदेश स्तरीय स्वास्थ्य सेवाको गुणस्तर निर्धारण, राष्ट्रिय मापदण्ड अनुरुप अस्पताल, नर्सिङ्ग होम लगायत स्वास्थ्य संस्था तथा निर्माण एवं गुणस्तरको मापदण्ड निर्धारण, खानेपानी, ध्वनी र हावाको गुणस्तर अनुगमन तथा लेखाजोखाको ढाँचा निर्माण एवं गुणस्तरको मापदण्ड निर्धारण, महिला हक सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, लैङ्गिक हिंसा, मानव बेचबिखन तथा ओसार पसार सम्बन्धी नीति तथा कार्ययोजना तर्जुमा गरेको छैन ।संस्कृतिको विकास, रोजगार प्रवर्द्धन, श्रमिकको सामाजिक सुरक्षा तथा ट्रेड युनियन, श्रमशक्ति, श्रम बजार सम्बन्धी अध्ययन अनुसन्धान र श्रमशक्ति योजना, श्रम सम्बन्ध सुधार र न्यायिक निरुपण, श्रमिकको कार्यस्थल सुरक्षा, कारखाना निरीक्षण तथा नियमन सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा गरी नियमन गर्ने कामको शुरुवात भएको छैन । कार्य जिम्मेवारी बमोजिम नीति, कानुन निर्माण र नियमन गर्ने कार्य गर्नुपर्दछ ।

४. **कानुन निर्माण** - मन्त्रालयले आफ्नो कार्य जिम्मेवारी पूरा गर्न कानुन निर्माण गर्नुपर्नेमा हालसम्म ३ नीति, ३ ऐन, २ योजना, १७ निर्देशिका, १ रणनीति तथा ५ कार्यविधि पारित गरेको विवरण पेश भएको छ । मन्त्रालय मातहतको कार्य सम्पादन गर्न तोकिएका काममध्ये शिक्षा, बालबालिकाको हक अधिकार संरक्षण, उपेक्षित उत्पीडित वर्ग, प्रदेश स्वास्थ्य सेवा, प्रदेश घरेलु हिंसा नियन्त्रण कानुन, महिला, बालबालिका तथा सामाजिक सुरक्षा, प्रदेश स्वास्थ्य सेवा प्रवाह, छाउगोठ अन्त्य तथा मर्यादित महिनावारी प्रवर्द्धन लगायतका ऐन, नियम, नीति, निर्देशिका र कार्यविधि तर्जुमा गरेको देखिएन । कानुन तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ।

५. **मानव संशाधन योजना -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ को नियम ५ अनुसार प्रदेशस्तरको मानव संशाधनको आवश्यकता प्रक्षेपण तथा शैक्षिक योजना निर्माण र कार्यान्वयन सम्बन्धी कार्य सामाजिक विकास मन्त्रालयबाट सम्पादन हुने व्यवस्था छ । मन्त्रालयले प्रदेशस्तरको मानव संशाधनको आवश्यकता प्रक्षेपण तथा शैक्षिक योजना निर्माण गर्ने कार्य सुरु गरेको छैन । स्वास्थ्यतर्फ सङ्घीय सेवाबाट समायोजन भएका रेडियोलोजिष्ट, अफ्थामोलोजिष्ट जस्ता कर्मचारीहरूलाई विशेषज्ञता अनुसारको जिम्मेवारी नदिई व्यवस्थापकीय जिम्मेवारी दिएको अवस्था छ । मन्त्रालयले कार्य प्रकृति अनुसार मानव संशाधन विकास योजना तर्जुमा गरी सेवा प्रवाहमा सुधार गर्नुपर्दछ ।

६. **बजेट वक्तव्य** - प्रदेश सरकारको बजेट वक्तव्यमा दैखेलको राकम कर्णालीमा ट्रमा सेन्टर निर्माण, प्रदेश अस्पताल सुर्खेतलाई स्वास्थ्य विज्ञान प्रतिष्ठानमा स्तरोन्नति, दुर्गम जिल्लामा घुम्ती स्वास्थ्य तथा प्रयोगशाला शिविर, सुर्खेत जिल्लाको छिन्चुमा प्रदेशस्तरीय सरुवा रोग अस्पताल स्थापना, प्रदेशका जिल्ला अस्पताललाई विशेषज्ञ सेवा प्रवाह गर्ने अपतालको रुपमा विकास गर्ने, अल्जाइमर, क्यान्सर, पार्किन्सन, सिकलसेल एनेमिया, हेमोफेलिया, थामासेमिया, मुटु, मृगौला, मस्तिष्कमा चोट, मस्तिष्कघात, स्पाइनल इन्ज्युरी रोगबाट पीडित बिरामीको उपचारमा सहयोग गर्ने, स्वास्थ्य सेवाको अभिलेख तथा प्रतिवेदनलाई व्यवस्थित, तथ्यपरक र समयबद्ध गर्न विद्युतीय स्वास्थ्य सूचना अभिलेख प्रतिवेदन प्रणालीको सुदृढीकरण गर्ने लगायतका कार्यक्रम कार्यान्वयन गरेको देखिएन । बजेट कार्यान्वयन प्रभावकारी बनाउनु पर्दछ ।

७. **क्षेत्रगत खर्च -** मन्त्रालयले नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्दा आवश्यकताका आधारमा एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रमा समानुपातिक बजेट विनियोजन गर्नु पर्नेमा मन्त्रालयको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

क्र.सं.	विषयगत क्षेत्र	भौतिक लक्ष्य र प्रगति			वित्तीय प्रगति (रू. हजारमा)		
		भौतिक लक्ष्य	परिमाण	प्रतिशत	विनियोजन	खर्च रकम	प्रतिशत
१	स्वास्थ्य	२१६९	१८५५	८५.५	३७१५३५८	२६५४७६०	६८.४
२	शिक्षा	१२३३	८९९	७२.९	१२६४५९७	८८३०९३	६९.६
३	सामाजिक विकास	१०४	७९	७६	१०७३०८	७४९००	६७
४	युवा तथा खेलकुद	३६	२९	८०	७६४४६८	७०७००६	९२.५
५	योजना, प्रशासन, श्रम रोजगार	१६२	११०	६७.९	४५५८०	३१४४९	६९
६	भाषा, कला, संस्कृति	६८	४६	६७.७	६५७७९	४५५५९	६९.३
जम्मा		-	-	-	**६१३४२२७**	**४३९६७६७**	**७१.७**

तालिका अनुसार मन्त्रालयबाट खर्च भएको रू.४ अर्ब ३९ करोड ६७ लाख ६७ हजार मध्ये स्वास्थ्य क्षेत्रका लागि ६० प्रतिशत बढी खर्च भएको छ । खर्चमध्ये प्रदेश अस्पताललाई रू.१ अर्ब ८ करोड ९७ लाख ८९ हजार स्वीकृत भएकोमा रू.६७ करोड ९४ लाख ५२ हजार खर्च भएको छ । प्रदेश खेलकुद परिषद्को लागि रू.६० करोड विनियोजन भएकोमा थप बजेटसमेत रू.६९ करोड ६९ लाख ४ हजार खर्च गरेको छ । योजना निर्माण र श्रम रोजगारमा एक प्रतिशत भन्दा कम (०.७१ प्रतिशत) खर्च भएको छ । दीर्घकालीन मानव पुँजी निर्माणको लागि थप प्रभावकारी कार्यक्रममा खर्च गर्नुपर्दछ ।

८. **रकमान्तर** - कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १७(२) मा चालु बजेटबाट चालु खर्च शीर्षक र पुँजीगत बजेटबाट पुँजीगत शीर्षकमा जुन शीर्षकमा रकमान्तर गरिने हो सोको २५ प्रतिशत भन्दा बढी नहुने गरी सम्बन्धित सचिवले र सो भन्दा वढी एक उपशीर्षकबाट अर्को उपशीर्षकमा रकमान्तर आर्थिक मामिला तथा योजना मन्त्रालयले गर्न सक्ने व्यवस्था छ । मन्त्रालयको पुँजीगततर्फको शुरु बजेट रू.२ अर्ब ७७ करोड ४९ लाख ६१ हजार भएकोमा २२ पटक रकमान्तर गरी रू.१ अर्ब २९ करोड ६७ लाख ७५ हजार अर्थात ४६.७३ प्रतिशत रकमान्तर गरेको छ । रकमान्तर सम्वन्धमा देखिएका थप व्यहोरा निम्न छन्

८.१. मन्त्रालयले कार्य प्रकृति अनुसार मागका आधारमा बजेट स्वीकृत गर्नुपर्दछ । प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रका लागि सुत्केरी प्रोत्साहन कार्यक्रम कार्यान्वयन गर्न रू.१ करोड ६७ लाख ५० हजार बजेट स्वीकृत भएकोमा सो रकम प्रदेश जनस्वास्थ्य प्रयोगशालाका लागि रिएजेन्ट खरिद गर्न रू.९१ लाख ५० हजार र अर्थोपेडिक इक्युपमेन्टतर्फ रू.७६ लाख २०८०।३।१९ मा रकमान्तर गरेको छ ।

८.२. बहुवर्षीय योजनाको लागि दायित्व सिर्जना नहुने गरी बजेट निर्माण गर्नुपर्नेमा प्रदेश रङ्गशाला निर्माणका लागि बजेट अभाव भई भेरीगङ्गा नगरपालिका खेलकुद परिषद् र सामाजिक विकास कार्यालय, सल्यान र जुम्लाको कार्यक्रम बजेटबाट रू.१ करोड ५४ लाख ११ हजारसमेत रू.९ करोड ४९ लाख ११ हजार २०८०।०२।२१ मा रकमान्तर गरेको छ । बहुवर्षीय योजनाको दायित्व सिर्जना नहुने गरी बजेट निर्माण गर्नुपर्दछ ।

८.३. आर्थिक मामिला तथा योजना मन्त्रालयका बजेट दिग्दर्शनले जेठ १५ पश्चात रकमान्तर नगर्ने व्यवस्था छ । कर्णाली सार्वजनिक शिक्षा सुधार अभियानमा रू.१ करोड २० लाख विनियोजन भएकोमा २०८०।०३।०५ मा सुर्खेतको इत्राममा रहेको एक विद्यालयको खेल मैदान तथा घेराबारका लागि रू.५० लाख र दैलेखका ७ विद्यालयलाई प्रति विद्यालय रू.१० लाखका दरले तारवार एवं घेरावार निर्माण गर्न रकमान्तर गरेको छ । समर्पण गर्नु पर्ने बजेट आर्थिक वर्षको अन्त्यमा निर्माण कार्यमा रकमान्तर गरेको छ ।

८.४. कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठानमा भवन पुँजीगत शीर्षकमा छुट्याइएको रू.१ करोडबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पदक विजेतालाई पुरस्कार वितरण गर्न चालु शीर्षकमा २०७९।११।१६ मा रू.२५ लाख ५५ हजार रकमान्तर गरेको छ । प्रदेश अस्पतालमा क्याथल्याबसहितको मुटुरोग सेवा सञ्चालनमा रू.११ करोड ७८ लाख वित्तीय हस्तान्तरण रकमबाट २०७९।११।२९ मा रकमान्तरमार्फत थप गरेको छ । बजेटमा उल्लेख नभएको (नयाँ कार्यक्रम नगर्ने) तथा पुँजीगत शीर्षकबाट चालु शीर्षकमा रकमान्तर नगर्ने कानुनको पालना भएको छैन ।

८.५. कार्यालयको आवश्यकता अनुसार प्रदेश मन्त्रालय बजेट व्यवस्थापन प्रणालीमा प्रविष्ट गरी कार्यक्रम स्वीकृत गर्नुपर्नेमा रिएजेन्ट खरिदमा बजेट व्यवस्था नभएकोले रू.१ करोड ९७ लाख सुत्केरी पोषण कार्यक्रमबाट रकमान्तर गरेको छ । उच्च शिक्षा व्यवस्थापन शीर्षकबाट सल्यानको एक विद्यालय खेल मैदान निर्माण गर्न रू.४ लाख ७७ हजार २०८०।०३।०७ मा रकमान्तर स्वीकृत भएको छ। सोही मितिमा राउटे छात्रवृत्ति कार्यक्रमको रू.१ करोड ७१ लाख ५ सामाजिक विकास कार्यालयमा पठाएको छ । आर्थिक वर्षको अन्त्यमा थप गरिएको बजेट प्रभावकारी कार्यान्वयन भएको देखिएन ।

८.६. कर्णाली प्रदेश विनियोजन ऐन, २०७९ को दफा ८ मा निकायबाट स्पष्ट कारण र औचित्य खुलाई स्वीकृत विकास कार्यक्रमबाट संशोधनका लागि अनुरोध गरेकोमा मन्त्रालयले रकमान्तर गर्न सक्ने र उपदफा ९ ले नयाँ कार्यक्रम थप्न नपाउने व्यबस्था गरेको छ । प्रदेश अस्पताल सुर्खेतलाई विशेषज्ञ तथा विशेष सेवा व्यवस्थापन गर्न विविधबाट रू.१ करोड बजेट रकमान्तरबाट थप गरेको छ । थप बजेटबाट अस्पतालको विशेषज्ञ र विशेष सुविधामार्फत सेवा प्रवाहमा परेको प्रभाव मूल्याङ्कन गरेको छैन। अस्पतालको पुँजीगत सामान खरिदबाट बचत रू.४ करोड २१ लाख ५४ हजार नयाँ कार्यक्रम थप गर्नु नियमसम्मत देखिएन ।

८.७. मन्त्रालयले सशर्त अनुदान अन्तर्गत मातृ तथा शिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती रक्तसञ्चार कार्यक्रमका लागि स्वीकृत बजेटबाट प्रदेश अस्पताललाई रू.१ करोड ३२ लाख ५० हजार, मेहेलकुना अस्पताललाई रू.८ लाख र स्वास्थ्य सेवा कार्यालय, रुकुम पश्चिमलाई रू.१८ लाख २०८०।०३।२० मा वित्तीय हस्तान्तरण गरी पठाएको छ । आर्थिक वर्षको अन्त्यमा निकासा दिएको खर्चको उपयोगिता विश्लेषण गरेको छैन ।

९. **दोहोरो संरचना -** शिक्षा सम्वन्धी कार्यक्रम सञ्चालन गर्न स्थानीय तहमा छुट्टै संयन्त्र रहेको अवस्थामा सामाजिक विकास मन्त्रालयले ९ जिल्लामा सामाजिक विकास कार्यालय तथा सुर्खेतमा शिक्षा विकास निर्देशनालय स्थापना गरी जिल्लाका विद्यालय भवन निर्माण, छात्रवृति वितरण, युवा लक्षित तालिम लगायतका कार्य गर्दै आएको छ । सङ्घीय सरकारले विद्यालय शिक्षा सम्बन्धी कार्य स्थानीय तहमार्फत सञ्चालन गर्दै आएको छ । विद्यालय शिक्षाको सम्पूर्ण क्रियाकलाप स्थानीय तहबाट सञ्चालन भएको अवस्थामा सो कामका लागि अलग सामाजिक विकास कार्यालय स्थापना गरेको औचित्यपूर्ण देखिएन । प्रदेशले लागतको मूल्याङ्कन गरी कार्यालय सम्बन्धमा पुनरावलोकन गर्नुपर्दछ।

१०. **सफ्टवेयर खरिद** - सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ को बुँदा नं.११.१० मा सूचना तथा सञ्चार प्रविधि मार्फत समुदायहरूमा गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न विस्तृत रणनीति प्रारुप तयार गरी लागु गरिने उल्लेख छ । विस्तृत रणनीति प्रारुप तयार नगरी स्वास्थ्य सेवा कार्यालय, सुर्खेतले रू.३ लाख ३५ हजार र स्वस्थ्य सेवा निर्देशनालयले रू.४ लाख ५२ हजारको विद्युतीय स्वास्थ्य सूचना रेकडिङ्ग र रिपोर्टिङ्ग सफ्टवेयर खरिद गरी प्रयोगका लागि स्थानीय तहमा पठाएको छ । प्रदेश अर्न्तगत ७९ पालिकाको एकीकृत रुपमा तथ्याङ्क सङ्कलन गर्ने सो सफ्टवेयरको प्रणाली ढाँचा उल्लेख गरेको छैन । एकीकृत सूचना प्रणालीमा आवश्यकता अनुसार विशेषता थप गर्नुपर्दछ ।

११. **विद्यालय पूर्वाधार -** प्रदेश सरकारले अन्तर्गतका स्थानीय तहमा विद्यालय भवन निर्माण गर्न पूर्वाधार विकास कार्यालयमार्फत स्थानीय तहलाई निकासा दिई निर्माण गरेको छ । सङ्घीय सरकारले समेत राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमबाट विद्यालयको पूर्वाधार निर्माणमा लगानी गर्दै आएको सन्दर्भमा प्रदेश सरकारबाट विगत ५ वर्षमा प्रदेशमा ५६३ सामुदायिक विद्यालयहरूको ६०१ भवनमा १ हजार ५०३ कक्षा कोठा निर्माण भई लगभग ६० हजार विद्यार्थीहरूले पक्की भवनमा अध्ययन गर्ने अवसर प्राप्त गरेको विवरण पेस भएको छ । प्रदेशबाट एक स्थानीय तह एक सामुदायिक विद्यालय पूर्वाधार विकास कार्यक्रमसमेत कार्यान्वयनमा छ । विद्यालय पूर्वाधार निर्माण सम्बन्धमा देखिएको थप व्यहोरा निम्न छन् ।

११.१. निर्माण कार्यको आवश्यकता र भौगोलिक अवस्थिति अनुसार ड्रइङ्ग, डिजाइन तयार गरी लागत अनुमान स्वीकृत गरी निर्माणको लागि बजेट विनियोजन गर्नुपर्नेमा सङ्घीय सरकारको शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको स्वीकृत डिजाइनका आधारमा भौगोलिक अवस्थिति यकिन नगरी सबै विद्यालयलाई समान बजेट निकासा भएको छ । सामाजिक विकास कार्यालय र स्थानीय तहहरूले फरक फरक लागतमा विद्यालय भवन निर्माण गर्दै आएको छ । अधिकांश विद्यालयको निर्माण कार्यमा प्लाष्टर, झ्याल, ढोका, रङ्गरोगन लगायत कार्य अधुरो रहेको कारण सो भवनहरूमा पठनपाठन गर्न सकिने अवस्था छैन । प्रदेश लगायत संघ, स्थानीय तह तथा प्रदेश विशेष पूर्वाधार कार्यक्रमबाट भएका भवन निर्माण कार्य पनि अधुरो रहेको अवस्था छ । निकायहरूले आपसमा समन्वय नगरी भवन निर्माण गरेबाट बाँकी निर्माण सम्पन्न गर्ने जिम्मेवारी सिर्जना भएको छ । यसमा सुधार गर्नुपर्दछ ।

११.२. विद्यालय भवन निर्माणका लागि संघ, प्रदेश र स्थानीय सरकारसमेत तीन तहका सरकारहरूले लगानी गर्दै आएको छ । शिक्षा निर्देशनालयको तथ्याङ्क अनुसार प्रदेशको ४ हजार ४९३ विद्यालयमा ५ लाख ५३ हजार विद्यार्थीले अध्ययन गर्ने उल्लेख छ । सो अनुसार भौतिक पूर्वाधारको अवस्थिति र आवश्यकता मापन गरेको छैन । यसवर्ष भवन निर्माणमा रू.३४ करोड २७ लाख ८८ हजार, शौचालय निर्माणमा रू.२ करोड ३३ लाख १० हजार, खेलमैदान लगायत अन्य पूर्वाधारमा रू.१ करोड ११ लाख ८९ हजार र सार्वजनिक सम्पत्तिको मर्मतमा रू.४ करोड १५ लाख ९० हजार गरी जम्मा रू.४१ करोड ८८ लाख ७७ हजार खर्च गरेको छ । स्थानीय तह, सामाजिक विकास कार्यालय र राष्ट्रपति शैक्षिक सुधार कार्यक्रममार्फत विद्यालय पूर्वाधारमा लगानी भएपनि भवन लगायत पूर्वाधारको अभिलेख व्यवस्थित नहुँदा विद्यार्थी अनुपातमा भौतिक पूर्वाधार सुविधा मिलान भएको छैन। विद्यार्थी सङ्ख्याका आधारमा पूर्वाधारको अवस्था विश्लेषण गरी निर्माण व्यवस्थापन गर्नुपर्दछ ।

१२. **उच्च शिक्षा छात्रवृत्ति -** कर्णाली प्रदेश सरकारको बजेट वक्तव्यमा प्रदेशभित्र दक्ष र प्राविधिक जनशक्ति उत्पादन गर्न तथा सबैलाई शिक्षाको अवसर दिलाउन प्राविधिक छोरी बुहारी छात्रवृत्ति, दलित, अपाङ्ग, सहिद सन्तति छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिने उल्लेख गरी रू.४ करोड ३८ लाख ३२ हजार बजेट व्यवस्था गरेकोमा रू.३ करोड ३७ लाख ७१ हजार खर्च गरेको छ। प्रदेशले ६२७ जना छोरीबुहारी, १४५ जना उच्च शिक्षा प्राविधिक विषय अध्ययनरत विद्यार्थी, ४२१ जना दलित, ४१४ जना अपाङ्ग, १६७ जना जेहेन्दार, ९ जना शहिद सन्तति र ३ जना सीमान्तकृतलाई छात्रवृत्ति प्रदान गरेको छ । प्रदेशले सामाजिक सेवामा गरेको खर्चको प्रभावकारिता मूल्याङ्कन गर्नुपर्दछ ।

१३. **अस्पताल सेवा प्रवाह -** कर्णाली प्रदेश सरकारको बजेट वक्तव्यमा स्वास्थ्य सेवाको अभिलेख तथा प्रतिवेदनलाई व्यवस्थित, तथ्यपरक र समयबद्ध गर्न विद्युतीय स्वास्थ्य सूचना अभिलेख प्रतिवेदन प्रणालीको सदृढीकरण गरिने उल्लेख छ । मन्त्रालयले सो बमोजिम तथ्याङ्क व्यवस्थापन गरेको छैन। आर्थिक मामिला तथा योजना मन्त्रालयको मूल्याङ्कन प्रतिवेदन अनुसार १३ लाख ८३ हजार ९८९ जनाले बहिरङ्ग र ३९ हजार ११८ जनाले अन्तरङ्ग स्वास्थ्य सेवा पाएको उल्लेख छ । सर्वसुलभ र गुणस्तरीय सेवा विश्लेषण गरी जनशक्ति एवं साधन-स्रोत व्यवस्थापनमार्फत सेवा प्रवाहमा सुधार गर्नुपर्दछ ।

१४. **औषधी व्यवस्थापन -** प्रदेश सरकारले निशुल्क वितरण गर्ने औषधीको उचित व्यवस्थापन गर्नुपर्दछ । मन्त्रालयले यो वर्ष औषधी खरिदमा रू.५ करोड २४ लाख ९६ हजार खर्च गरेको छ । सो बाहेक

स्वास्थ्य शिविर सञ्चालन लगायत कार्यक्रमका लागि सोही कार्यक्रमबाट औषधी खरिद भएको छ । प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रले खरिद गरेको रू.१ करोड १९ लाख ८९ हजारबाहेकका औषधी सोझै खरिद भएको छ । औषधीको लागत अनुमान तयार गर्दा गतविगतका मौज्दात, खपत परिमाण, माग तथा सङ्घीय निकायबाट प्राप्त हुने परिमाणलाई विश्लेषण गरी औषधीको परिमाण तथा मूल्य निर्धारण गर्ने जस्ता कार्य भएको छैन । कर्णालीका १० जिल्लाको ७९ स्थानीयतहबाट वितरण हुने औषधी मागका आधारमा नभई बजेटको आधारमा आपूर्ति हुने गरेको छ । वास्तविक माग र सङ्घीय सरकारबाट आपूर्ति हुने औषधी विश्लेषण गरी औषधी व्यवस्थापनमा सुधार गर्नु पर्दछ ।

१५. **आपूर्ति व्यवस्था** - मन्त्रालयले औषधीहरूको आपूर्ति प्रभावकारिताका लागि प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र स्थापना गरेको छ । प्रदेशका लागि औषधी खरिद, दुई स्वास्थ्य सेवा कार्यालय र ७९ स्थानीय तहका लागि औषधी ढुवानी, पोषण पिठो आपूर्ति गर्ने लगायतका कार्य तोकिएको छ । केन्द्रले यसवर्ष रू.१ करोड १९ लाख ८९ हजारको औषधी खरिद तथा रू.४६ लाख ८६ हजार ढुवानीमा खर्च गरेको छ । औषधीको मापदण्ड र वितरण तालिका निर्धारण गरी न्यूनतम तथा अधिकतम मौज्दात, आपूर्ति श्रृङ्खलाको विश्लेक्षण गरी आवधिक आपूर्ति योजना तयार गरेको छैन । मातहत निकायको वास्तविक आवश्यकता अनुसार परिमाणात्मक एवं अनुमानात्मक नभएबाट औषधी खरिदको बजेट स्पष्ट छैन । औषधी मौज्दात बिश्लेषणका लागि सूचना प्रविधिमा आधारित औषधी व्यवस्थापन प्रणाली (इएलएमआईएस) को संघ, प्रदेश र स्थानीय तहमा प्रभावकारी सञ्चालीकरण गर्ने लगायत आपूर्ति व्यवस्थापनका लागि आवश्यक नीति तथा मार्गदर्शन तयार गरी लागू नगरेकोले आपूर्ति व्यवस्थापन प्रभावकारी देखिएको छैन । प्रदेशले औषधी विज्ञ जनशक्तिको उपयुक्त व्यवस्थापन गरी स्पष्ट नीति एवं मापदण्ड बनाई औषधीको आपूर्ति व्यवस्थापनमा सुधार गर्नुपर्दछ।

१६. **आपूर्ति निकाय** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ (क) मा खरिद आवश्यकता पहिचान गरेर खरिद गर्नुपर्ने व्यवस्था छ । प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रले जिल्ला स्थित कार्यालय तथा स्थानीय तहबाट माग भएको औषधी आपूर्ति गर्न पर्याप्त बजेट व्यवस्था नगरी उपलब्ध बजेटको आधारमा औषधी वितरण गरेको छ । स्वास्थ्य कार्यालयहरूले पनि औषधी खरिद गरी पालिकाहरूमा पठाएको तथा औषधी खरिदका लागि पालिकालाई सङ्घीय सशर्त तथा पालिकाको समानीकरण अनुदानबाट समेत बजेट व्यवस्था गरी औषधी खरिद हुने गरेको छ । प्राप्त औषधी स्थानीय पालिकाको स्वास्थ्य संस्थाबाट वितरण हुने गरेको छ । स्थानीय तहले वितरण गर्ने औषधीहरू विभिन्न निकायमार्फत लागत अनुमान बमोजिम खरिद गर्दा एउटै औषधी फरक मूल्यमा खरिद भएको, माग आपूर्ति सन्तुलन नभएको लगायतको अवस्था छ । स्वास्थ्य संस्थामा पठाएको औषधी खपत अवस्थाको अनुगमन गरी मूल्याङ्कन नभएबाट आपूर्ति र खपतको स्थिति स्पष्ट हुने गरेको छैन । औषधी खरिदमा संलग्न निकायहरूबीच समन्वय गरी माग, आपूर्ति र खपत अवस्थाको मूल्याङ्कन गर्नुपर्दछ ।

१७. **रिएजेन्ट खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३.क(३) मा एक आपसमा अन्तर सम्बन्धित वस्तु तथा सेवा खरिद गर्नुपर्ने भएमा प्रतिस्पर्धा सीमित नहुने गरी खरिद गर्न सकिने उल्लेख छ । प्रयोगशालाले गत वर्ष रू.८ करोड ७५ लाख ५७ हजारको ल्याव सम्बन्धी मेशिन खरिद गरी ९ जिल्लामा वितरण गरेकोमा बजेट अभावका कारण सो मेशिन सञ्चालनका लागि आवश्यक पर्ने रिएजेन्ट सामाग्री खरिद गरेको देखिएन । रिएजेन्ट खरिदको लागि यसवर्ष रू.६ करोड

३० लाखको लागत अनुमान तयार भएकोमा एक कम्पनीसँग मूल्य अभिवृद्धि करसमेत रू.१ करोडको सम्झौता गरी रू.९८ लाख ९६ हजार भुक्तानी दिएको छ । प्रयोगशालाले मेशिनसँग आवश्यक पर्ने रिएजेन्ट सामग्री खरिदमा सीमित प्रतिस्पर्धाको विधि अवलम्बन गरेको छ । रिएजेन्ट सामग्री प्रतिस्पर्धी प्याकेज बनाई खरिद गर्नुपर्दछ ।

१८. **प्रदेश प्रयोगशाला सञ्चालन -** प्रदेशको स्वास्थ्य क्षेत्रको सेवा प्रवाहमा प्रयोगशालाको भूमिका महत्वपूर्ण रहन्छ। मन्त्रालयले प्रदेश प्रयोगशालाको स्थापना गरी मेशिनरी औजार, रिएजेन्ट तथा केमिकल्सहरूमा लगानी गर्दै आएको छ ।प्रयोगशालाले यो वर्ष रू.४ करोड २७ लाख १७ हजार खर्च गरेको छ । सङ्घीय सरकारबाट प्रयोगशाला भवन निर्माणधिन रहेपनि सम्झौता अनुसार प्रगति भएको छैन । गतवर्ष रू.१ करोड ९२ लाखमा अत्याधुनिक ल्याव मेशिन खरिद गरेपनि रिएजेन्ट व्यवस्था नभई उपयोग भएको छैन । प्रदेश अस्पताल विकास समितिले निर्धारण गरेको दर भन्दा प्रयोगशालाको दरको सहुलियत भएपनि उपयुक्त पूर्वाधार र सञ्चालन वातावरण नभएबाट लक्षित वर्गले अपेक्षित सुविधा पाएको देखिएन । प्रयोगशालालाई पूर्ण क्षमतामा सञ्चालन गरी सेवा प्रवाहलाई थप सुलभ बनाउनु पर्दछ ।

१९. **आयुर्वेद सेवा -** वैकल्पिक उपचार पद्धतिमार्फत स्वास्थ्य सेवामा सुधार ल्याउन मन्त्रालय अन्तर्गत ९ आयुर्वेद स्वास्थ्य सेवा केन्द्र र १ आयुर्वेद अस्पताल तथा अनुसन्धान केन्द्र समेत १० निकायका २३ स्थानबाट सेवा प्रवाह हुँदै आएको छ । मन्त्रालयले यो वर्ष आयुर्वेद अस्पताल तथा औषधालय व्यवस्थापनका लागि रू.१३ करोड १५ लाख १४ हजार खर्च गरेको छ । स्वास्थ्य सेवा निर्देशनालयको विवरण अनुसार महिला १ लाख ७ हजार २२९ र पुरुष ८२ हजार ५०३ समेत १ लाख ८९ हजार ७३२ मध्ये बहिरङ्ग सेवा लिनेको संख्या १ लाख ७६ हजार ८९६ रहेको छ । आयुर्वेद सेवालाई प्रभावकारी बनाउने नीति तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ।

२०. **छोरी वचत खाता -** प्रदेश सरकारले बालिकाहरूको वालविवाह रोकी कम्तिमा स्नातक तहसम्मको पढाई सुनिश्चित गर्न "बैंक खाता छोरीकोः सुरक्षा जीवन भरीको" कार्यक्रम सञ्चालन गरेको छ । उक्त कार्यक्रमका लागि स्थानीय तहका कर्मचारी, जनप्रतिनिधि, तथा सांसदसँग छलफल, अन्तर्क्रिया, संवादको लागि रू.२८ लाख ७० हजार खर्च भएकोमा यस वर्ष छोरी बचत खाताको लागि अनुदान निकासा भएको छैन । मन्त्रालयको अभिलेख अनुसार ७९ पालिकामध्ये ५७ पालिकाको रू.२४ करोड ६६ लाख ३१ हजार भुक्तानी बाँकी रहेको छ । बाँकी २२ पालिकाले अद्यावधिक विवरण पेस गरेको छैन ।

कार्यविधि अनुसार २०७६।४।१ पश्चात जन्मिएका कर्णाली प्रदेशभित्रका छोरी २० वर्ष हुँदासम्म जन्मेको पहिलो महिना रू.१ हजार र त्यसपछि प्रत्येक महिना रू.५०० का दरले छोरी बचत खातामा जम्मा गर्ने, यस्तो रकम २० वर्ष उमेर पुगेको, माध्यमिक तहसम्म अध्ययन पूरागरेको र २० वर्ष अघि विवाह नगरेको अवस्थामा खातावालालाई उपलब्ध गराउने व्यवस्था छ । जन्मिएका प्रत्येक छोरीको वार्षिक व्ययभार वढ्दा प्रदेशको दायित्व बढोत्तरी हुने अवस्था छ । प्रदेश सरकारले दीर्घकालीन महत्वको कार्यक्रम कार्यान्वयको लागि विस्तृत अध्ययन गरेर निर्णय गर्नुपर्दछ।

२१. **अनुगमन -** कर्णाली प्रदेशको सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार मातहत निकाय र कार्यक्रमको अनुगमन मूल्याङ्कन गर्ने जिम्मेवारी मन्त्रालयको रहेको छ । मन्त्रालयले अनुगमन

मूल्याङ्कनका लागि रू.१२ लाख ४७ हजार खर्च गरेको छ । कार्यक्रम तथा बजेट कार्यान्वयनमा स्थानीय तहहरूसँग समन्वय र सहकार्य हुन नसकेको, सूचकहरूको अभाव, अनुगमन मूल्याकन, आवधिक प्रगति प्रतिवेदन र व्यवस्थापन सूचना प्राणालीको अभाव लगायतका कारण नतिजा देखिएको छैन । अनुगमन मूल्याङ्कनका लागि वस्तुगत, स्पष्ट र मापनयोग्य सूचकहरू तयार गरी निकायगत समन्वयमार्फत अनुगमन प्रभावकारी बनाउनु पर्दछ ।

२२. **स्वयंसेवक परिचालन** - कर्णाली प्रदेश स्वयंसेवक परिचालन ऐन, २०७६ दफा ३२ मा स्वयंसेवक परिचालन कार्यक्रमलाई "कर्णाली स्वयंसेवा" को ब्राण्डेड बनाउने उल्लेख छ । त्यस्तै दफा ३१ मा स्वयंसेवक परिचालनको वार्षिक प्रतिवेदन तयार गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ । प्रदेशका १० जिल्लामा बढीमा २ वर्षका लागि अ.न.मी, अ.हे.व, हे.अ., सवइन्जिनियर, अमिन, कम्प्युटर अपरेटर लगायतका १३ पदमा १३३ स्वयंसेवक नियुक्ति गरी रू.३ करोड ९२ लाख ५१ हजार खर्च गरेकोमा कार्यक्रमको प्रगति विवरण तयार गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गर्ने, अनुगमन प्रतिवेदन लिने तथा सोको मूल्याङ्कन गरेको छैन । कार्यक्रमको प्रभावकारिता विश्लेषण गर्नुपर्दछ।

सामाजिक विकास कार्यालयहरू

२३. **निर्माण स्वीकार** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ अनुसार कार्य स्वीकार प्रतिवेदन तयार भएपछि निर्माण कार्य सम्पन्न गर्नुपर्दछ । सामाजिक विकास कार्यालय, कालीकोटको जगन्नाथ आधारभुत विद्यालय, कदमपुर र भगवती आधारभुत विद्यालय जिम्जेडी विद्यालय भवन निर्माण २०८० आषाढ दोश्रो हप्ताभित्र सम्पन्न गर्ने गरी सम्झौता भएकोमा झ्याल ,ढोकाको सटरिङ्ग, प्लाष्टर तथा रंगरोगनको कार्य तोकिएको समयमा सम्पन्न नहुदै प्राविधिकबाट कार्यसम्पन्न प्रतिवेदन तयार गरी क्रमश रू.३६ लाख १२ हजार र रू.३० लाख ४० हजार भुक्तानी गरेको छ । निर्माण पूरा नगरी कार्यसम्पन्न प्रतिवेदन जारी गर्ने पदाधिकारीलाई जिम्मेवार बनाई भवन सम्पन्न भएको प्रमाण पेश गर्नुपर्दछ ।

२४. **भवन निर्माण** - सामाजिक विकास कार्यालय, हुम्लाले कोट माध्यमिक विद्यालय, आवासीय विद्यालय भवन निर्माण गर्न २०७७।०७८ मा रू.२५ लाख, २०७८।०७९ मा रू.८० लाख र आ.व. २०७९।०८० मा रू.५० लाखसमेत रू.१ करोड ५५ लाख भुक्तानी भएपनि ढलानसम्मको कामको प्राविधिक नाँपजाँच भएको देखिन्छ । प्रत्येक बर्ष विनियोजन हुने बजेटबाट लागत अनुमान तयार गरी भवन निर्माण गर्दा कार्य दोहोरिने, निर्माण कार्य ढिलो हुने, निर्माण कार्यको गुणस्तर घट्ने तथा बजेट अभावमा निर्माण अधुरो रहने देखिएकोले स्रोत सुनिश्चित गरेर निर्माण सम्पन्न गर्नुपर्दछ ।

अस्पतालहरू

२५. **अस्पताल भौतिक संरचना** - प्रदेश सरकारले जिल्ला तथा स्थानीय तहमा अस्पताल भवन निर्माण गर्न पूर्वाधार विकास कार्यालय तथा स्थानीय तहलाई निकासा दिई निर्माण कार्य गर्ने गरेको छ । मन्त्रालयले डोल्पा, सल्यान, रुकुम, हुम्ला, दैलेखमा अस्पताल निर्माणका लागि बहुवर्षीय आयोजना स्वीकृत गरी निर्माण कार्य गरी रहेको छ । जिल्लाको भवन निर्माण कार्य २०७९।८० भित्र सम्पन्न हुने लक्ष्य रहेकोमा डोल्पाको भौतिक प्रगति ९५ प्रतिशत र अन्य जिल्लाको ६० प्रतिशत भन्दा न्यून

रहेकोले समयमा निर्माण हुने अवस्था छैन । आयोजनाको न्यून प्रगतिको कारण पहिचान गरी समयमा निर्माण सम्पन्न गरी सेवा बिस्तार गर्नुपर्दछ ।

जिल्ला	अनुमानित खर्च(रू.हजार)	हालसम्मको खर्च(रू.हजार)	भौतिक प्रगति प्रतिशत
हुम्ला	२९६७००	६२९२९	५०
डोल्पा	२०७०००	२८३९५६	९५
रुकुम	२०९१००	८०५५४	६०
सल्यान	१५७४००	७३३३९	५०
दैलेख	१९२४००	४८१८६	५०

२६. **प्रदेश सरुवा रोग अस्पताल -** मन्त्रालयले भेरीगंगा नगरपालिकामा प्रदेश सरुवा रोग अस्पताल निर्माण गर्नका लागि नेपाल सरकार मन्त्रिपरिषद्को २०७८।०३।१९ को निर्णय अनुसार वन क्षेत्रको ४.९ हेक्टर जमिन उपलव्ध भएको छ । वन क्षेत्र उपयोगवापत जग्गा सट्टा भर्ना तथा वृक्षारोपण कार्यको लागि मन्त्रालयले वन तथा भू-संरक्षण विभागको विविध खातामा रू.२ करोड ८९ लाख ५० हजार पठाएको छ । डिभिजन वन कार्यालयबाट रुख कटान अनुमति प्राप्त नभएकोले निर्माण कार्य शुरु भएको देखिएन । सम्बन्धित निकायहरूसँग समन्वय गरी निर्माण कार्य गर्नु गराउनु पर्दछ ।

२७. **अनुभव एवं प्रतिस्पर्धा** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ ले प्रतिस्पर्धा सीमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था गरेको छ । रुकुम अस्पताल भवन स्तरोन्नति गर्न अस्लार मेशिनरी वर्कतर्फ ६३१ घनमिटर कार्य अनुभव शर्त राखी ६३१.३१ घनमिटरको लागत अनुमानको दर प्रतिघनमीटर रू.१० हजार ७ सय ३१ पैसा १७ ले रू.६७ लाख ७५ हजार अनुमान भएको छ । भवनको मुख्य संरचना नभई अस्पतालको घेराबार (७०० मिटर) रहेको तथा कुल लागत अनुमान रू.२० करोड ५७ लाख ४१ हजारको ३.२९ प्रतिशत रहेबाट पूर्व योग्यतामा तोकिएको कार्य १० प्रतिशत भन्दा घटी रहेको छ । अस्लार मेशिनरी कामको नर्म्स स्वीकृत भएको छैन । बोलपत्र पेस गरेका २ मध्ये प्राविधिक रुपमा छनोट भएको एक संयुक्त उपक्रमसँग लागत अनुमान भन्दा ०.३२ प्रतिशत घटी रू.२० करोड ५० लाख ९३ हजारमा सम्झौता भएको छ । परामर्शदाताले डिजाईन ड्रईङ्ग तथा लागत अनुमान तयार गर्दा प्रतिस्पर्धा सीमित हुने गरी अस्लार मेशिनरी आइटम समावेश गरेको देखिन्छ । यसले प्रतिस्पर्धा सीमित गर्न पारेको प्रभाव बारेमा विश्लेषण गर्नुपर्दछ ।

२८. **मूल्य समायोजन -** डोल्पा जिल्ला अस्पतालले निर्माण व्यवसायीसँग गरेको संझौताको विशेष शर्त नं. ५३.७ मा मूल्य समायोजन सम्झौता रकमको बढीमा १० प्रतिशतसम्म हुने उल्लेख छ । निर्माण व्यवसायीसँग रू.२० करोड ६२ लाख ५९ हजारको निर्माण सम्झौता भएकोमा १० प्रतिशतले रू.२ करोड ६ लाख २५ हजारमात्र मूल्य समायोजन दिन मिल्नेमा चौथो रनिङ्ग विलसम्म रू.२ करोड २६ लाख ५० हजार भुक्तानी गरी रू.२० लाख २५ हजार बढी भुक्तानी भएको रकम असुल गर्नुपर्दछ ।

२९. **अस्पताल निर्माण** - कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम २३ मा बजेट तर्जुमा गर्दा आयोजनाको सम्भाव्यता अध्ययन र आर्थिक, प्राविधिक, वातावरणीय तथा प्रतिफल समेतको विचार गरी आयोजना स्वीकृत गर्नुपर्ने व्यवस्था छ । कालीकोटको रास्कोटमा प्रदेश सरकारबाट ५० बेडको अस्पताल भवन निमार्णको लागि यो वर्ष रू.२ करोड विनियोजन भएकोमा खर्च भएको छैन । सङ्घीय सरकारको एक स्थानीय तह एक अस्पताल कार्यक्रम अर्न्तगत रास्कोट नगरपालिकामा पन्ध्र बेडको अस्पताल निर्माण भईरहेको छ । त्यस्तै एक गैर सरकारी संस्था र रास्कोट कम्युनिटी

हस्पिटलको संयोजनमा रास्कोट नगरपालिकामा १५ शैयाको आधारभुत रास्कोट अस्पताल सञ्चालनमा छ । अस्पताल सञ्चालनको पूर्व तयारी र विस्तृत परियोजना प्रतिवेदन बेगर विनियोजन रकम फ्रिज भएको छ । सञ्चालनमा रहेको अस्पतालको क्षमता स्तरोन्नति नगरी नयाँ अस्पताल निमार्णमा विनियोजन हुँदा संघ, प्रदेश र स्थानीयतहको अलग अलग अस्पताल निर्माण हुने अवस्था देखिन्छ । अन्तर सरकार समन्वय गरी अस्पताल स्तरोन्नति गर्नुपर्दछ ।

३०. **अस्पताल भवन तला थप** - अस्पतालको भौतिक पूर्वाधार विस्तार गर्दा गुणस्तर एवं मानव साधन तथा अन्य स्रोत समेतको ध्यान पुऱ्याउनु पर्दछ । प्रदेश अस्पतालको हालको पूर्वाधार अपुग भएको कारण सो भवनहरूमा तला थप गरी पूर्वाधार बिस्तर गर्न रू.१ अर्ब २ करोड ४२ लाख ७२ हजारको सम्झौता गरी रू.२० करोड ११ लाख ९७ हजार पेश्की खर्च जनाई निर्माण शुरु भएको छ । भवनहरूमा थप संरचना निर्माण गर्दा सङ्घीय स्वास्थ्य मन्त्रालयको स्वीकृत डिजाइन, ड्रइङ्ग अनुसार भएको खुलाएतापनि पूरानो भवनमा स्ट्रक्चर थप गर्दा प्राविधिक पक्षको विश्लेषण भएको छैन । अस्पताल भवनको संवेदनशीलताको आधारमा पूर्वाधार निर्माण, विशेषज्ञ चिकित्सक लगायत अन्य व्यवस्थापकीय तयारी भएको देखिदैन । संरचनाको गुणस्तर सेवा र स्रोत साधनमा सामाञ्जस्यता कायम गर्नुपर्दछ ।

३१. **पूर्वाधार निर्माण** - सालकोट प्राथमिक स्वास्थ्य केन्द्रमा पञ्चपुरी नगरपालिकाबाट रू.१८ करोड ३३ लाख ७३ हजारमा पन्ध्र शैया अस्पताल भवन निर्माणाधिन रहेकोमा प्रदेश सरकारले बहुवर्षीय योजना स्रोत सुनिश्चितता नगरी अस्पतालको क्षमता ५० शैयामा बिस्तार गर्न रू.३ करोड विनियोजन भएकोमा खर्च भएको छैन । निर्माणाधिन १५ शैया अस्पतालको हालसम्म रू.१३ करोड ६० लाख ८८ हजार भुक्तानी भएकोमा पर्याप्त बजेट नभई समयमा भुक्तानी हुन नससकेको अवस्थामा थप अस्पताल पूर्वाधार निर्माणमा जोड दिएको औचित्यपूर्ण देखिएन । पूर्वाधार विस्तार, जनशक्ति तथा स्वास्थ्य उपकरण समेतको लाभ विश्लेषण गरी योजना सुरुवात गर्नुपर्ने देखिन्छ ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा विनियोजन दक्षता, वार्षिक कार्यक्रम कार्यान्वयन, रकमान्तर, पुँजीगत खर्च, पूर्वाधार निर्माणमा भेरिएशन, मूल्य समायोजन, निर्माण कार्यको गुणस्तर, पूर्वनिर्धारित क्षतिपूर्ति र कन्टेन्जेन्सी खर्च, स्वास्थ्य उपकरण खरिद तथा उपयोग लगायतमा सुधार गर्नुपर्ने व्यहोरा समावेश गरिएकोमा सोको कार्यान्वयन भएको पाइएन । विगतको व्यहोरा पुनरावृत्ति नहुने गरी कार्य सम्पादन गर्नु पर्दछ ।

- **बेरूजु -** यो वर्ष मन्त्रालय र मतहत समेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजुको स्थिति देहायनुसार छः

  - सरकारी कार्यालयतर्फ १६ निकायमा यो वर्ष रू.२ करोड ५१ लाख ८४ हजार बेरूजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराए पछि रू.८ लाख ५२ हजार फर्स्यौट गर्दा रू.१ लाख ९३ हजार बेरुजु थप भइ रू.२ करोड ४५ लाख २५ हजार बाँकी रहेको छ । यस सम्बन्धी विवरण **अनुसूची-९** मा छ।

  - समिति तथा अन्य संस्थासमेत ११ निकायमा रू.१२ करोड २१ लाख ६२ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराए पछि रू.१ करोड ५२ लाख फर्स्यौट गरेकोले रू.१० करोड ६९ लाख ६९ हजार बाँकी रहेको छ । यस सम्बन्धी विवरण **अनुसूची-१०** मा छ ।

कर्णाली प्रदेश योजना आयोग

प्रदेशको नीति तथा योजना तर्जुमा, आर्थिक, सामाजिक विकास, भौतिक पूर्वाधार, जलश्रोत तथा ऊर्जा, अन्य प्राकृतिक श्रोत, मानव श्रोत, सुशासन व्यवस्थापन, मन्त्रालय तथा निकायसँग समन्वय, प्रदेश सरकारको नयाँ विकास योजनाको लेखाजोखा, पूर्व मूल्याङ्कन तथा परीक्षण गरी प्रदेश सरकारलाई परामर्श दिने, लाभ लागत लगायतका विविध विश्लेषणको आधारमा आयोजना बैङ्क व्यवस्थापन प्रणाली निर्माण गर्ने, अन्तर्राष्ट्रिय तथा राष्ट्रिय मापदण्ड अनुकूल प्रदेश तथ्याङ्क प्रणालीको विकास र सम्प्रेषण गर्ने कार्यहरू आयोगको कार्य क्षेत्रमा रहेका छन् ।

१. **सरकारी कार्यालय** - आयोगको निम्नानुसार रू.१ करोड ८१ लाख ८५ हजारको लेखापरीक्षण सम्पन्न भएको छ ।

(रकम रू. हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
१८१८५	०	०	०	१८१८५

२. **काम कर्तव्य -** कर्णाली प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७५ मा समृद्ध कर्णाली, सुखारी कर्णालीवासी भन्ने नारालाई साकार बनाउन ४ शीर्षकमा १७ काम कर्तव्य र अधिकार उल्लेख छ । प्रादेशिक स्रोतको अनुमान, प्रक्षेपण र वितरण, आयोजनाको आर्थिक, सामाजिक, वित्तीय, प्राविधिक र वातावरणीय विश्लेषणको लागि प्रादेशिक मापदण्ड तयार गर्ने, कर्णाली प्रदेशको विकास सम्बन्धी नीति, योजना, कार्यक्रम तथा आयोजनाको प्रतिफल तथा प्रभावको अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गर्ने तथा त्यसलाई प्रदेश सरकारका निकायहरूमा लागू गरी संस्थागत गराउने, लगानीका लागि आवश्यक समन्वय, परामर्श गरी वातावरण तयार गर्ने जस्ता काम कर्तव्यमा क्रियाशीलता देखिएको छैन । आयोगको क्रियाशीलता अभिवृद्धि गर्नुपर्दछ ।

३. **आवधिक योजना -** उच्च आर्थिक वृद्धि, आधारभूत भौतिक सुविधा, सम्मानजनक रोजगारीसहित सुरक्षित र स्वच्छ वातावरणमा बसोबास गर्ने सुखी नागरिकहरूको प्रदेश बनाई, वार्षिक प्रतिव्यक्ति आय ६०६ अमेरिकी डलरबाट १ हजार १ सय ४७ डलर पुऱ्याउने दीर्घकालीन सोच राखी प्रथम पञ्चवर्षीय योजना सञ्चालनमा छ । आवधिक योजनामा दिगो विकास लक्ष्यका दीर्घकालीन राष्ट्रिय लक्ष्यका सूचकलाई आवद्ध गरी ४१ विषय समावेश गरेकोमा सूचकलाई श्रोतको आँकलन र बजेटमा आन्तरिकीकरण गरेको छैन । आवधिक योजनाले निम्न परिमाणात्मक लक्ष्य राखेकोमा उपलब्धिको समीक्षा गरेको छैन ।

क्र.सं.	प्रमुख सुचक	ईकाई	आधार वर्ष २०७५।७६	२०७९।८० को लक्ष्य	मध्यमकालीन खर्च संरचना अनुसार अनुमानित प्रगति
१	वार्षिक औषत आर्थिक वृद्धिदर	प्रतिशत	५.७	१७.९	२.५
२	मानव विकास सुचाकाङ्क	-	०.४२७	०.५६४	०.५५७
३	प्रतिव्यक्ति आय	युयस डलर	६०६	१०८४	९९७
४	साक्षरता दर	प्रतिशत	६६	८८.३	८३
५	बहुआयमिक गरिबीको दर	प्रतिशत	५२.२	३२	३९.३१
६	निरपेक्ष गरिबी दर	प्रतिशत	२८.९	२०	२१.४
७	अपेक्षित आयु	वर्ष	६७	६९.४	६६.६

कर्णाली प्रदेश सरकारको मध्यकालीन खर्च संरचना (२०८०।८१-२०८२।८३) मा समावेश २०७९।८० को अनुमानित प्रगति सूचकहरूमा आवधिक योजनाले निर्धारण गरेको लक्ष्यभन्दा न्यून प्रगति भएको देखिन्छ । प्रादेशिक विकासको लागि तर्जुमा भएका नीति, योजना तथा कार्य सूचकलाई बजेटसँग आवद्ध गराई अपेक्षित नतिजा हासिल गर्न आवधिक योजनाको समीक्षामा जोड दिनुपर्दछ ।

४. **दीर्घकालीन रणनीति** - नेपाल सरकारबाट निर्धारण भएका समृद्धिका ११ र सुखका २३ गन्तव्य सूचकको आधारमा कर्णाली प्रदेशको मौलिक विशेषतासहित "समृद्ध कर्णाली, सुखारी कर्णालीवासी" बनाउन पाँचवटा पञ्चवर्षीय आवधिक योजना पश्चात समृद्ध कर्णालीको गन्तव्यमा पुग्ने गरी तीन चरणको २५ वर्षीय दीर्घकालीन रणनीति तयार गरेको छ । पच्चिस वर्षीय रणनीति अनुसार विक्रम सम्वत् २१०० सम्म कर्णाली बासीको वार्षिक औषत आर्थिक वृद्धिदर १०.५ प्रतिशत, प्रतिव्यक्ति आय १० हजार अमेरिकी डलर र मानव विकास सूचकाङ्क ०.७६० पुऱ्याउने लगायतका २० वटा दीर्घकालीन परिमाणात्मक लक्ष्य सूचक राखिएका छन् । प्रदेश सरकारको बजेट वक्तव्यमा दीर्घकालीन सोच र पञ्चवर्षीय योजनाको समीक्षा गर्ने उल्लेख भएपनि यो वर्ष समीक्षा भएको छैन । दीर्घकालीन रणनीति प्राप्तिका लागि वार्षिक, आवधिक कार्यक्रमहरूको विश्लेषण गर्ने सूचकहरूको विकास गरी नतिजा मूल्याङ्कन गर्नुपर्दछ ।

५. **दिगो विकास लक्ष्य** - दिगो विकास लक्ष्य बमोजिम नतिजा प्राप्तिका लागि संघ, प्रदेश र स्थानीय सरकारको समन्वय आवश्यक पर्दछ । मन्त्रालयको कार्य क्षेत्रमा पर्ने स्थिर, समावेशी, गतिशील र दिगो आर्थिक वृद्धि, उत्पादनशील रोजगारी र मर्यादित कामलाई प्रवर्द्धन गर्न दिगो विकास लक्ष्य ८ अन्तर्गत प्रतिव्यक्ति आय र आर्थिक वृद्धिलाई कायम राख्ने उल्लेख गरेकोमा आय मापन गरेको देखिएन। कुल गार्हस्थ्य उत्पादनको वृद्धिलाई प्रतिवर्ष ७ प्रतिशत कायम राख्ने लक्ष्य लिएकोमा गार्हस्थ्य उत्पादन वृद्धि ४.१० प्रतिशत प्रगति देखिएको छ । समग्र मूलुकको र कर्णाली प्रदेशको आर्थिक सूचकाङ्क निम्न अनुसार रहेको छ ।

सि.नं.	सूचक	राष्ट्रिय	कर्णाली प्रदेश
१.	आर्थिक वृद्धि (प्रतिशत)	२.१६	२.१८
२.	मानव विकास सूचकाङ्क	०.६०२	०.५३८
३.	राष्ट्रिय प्रतिव्यक्ति आय (अमेरिकी डलर.)	१३९९	९९७
४.	गरिबी (प्रतिशत)	१५.१	२६.६९
५.	बहुआयामिक गरिबी (प्रतिशत)	१७.४	३९.५
६.	औषत आयु (वर्ष)	७१.७४	६७.०३

अर्थतन्त्रका सूचक अनुसार समग्र देशको तुलनामा कर्णाली प्रदेशको आर्थिक सूचकको अवस्था न्यून देखिएको छ । दिगो विकास लक्ष्यले निर्धारण गरेका सूचक अनुसार अर्थतन्त्रमा सुधार ल्याउनु पर्दछ।

६. **आवधिक योजना** - कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम २०(३) मा बजेट तर्जुमा गर्दा आवधिक योजनाको लक्ष्य, नीति तथा कार्यक्रम अनुसार बनाउनुपर्ने व्यवस्था छ । कर्णाली प्रदेशको आवधिक योजनाको उदेश्य, लक्ष्य तथा रणनीति तथा कार्यनीति अनुरुप बजेट विनियोजन गरेको देखिदैन । कर्णाली प्रदेशको कार्यक्षेत्रमा पर्ने आयोजनाहरूको प्राथमिकीकरण गर्ने, लगानीको वातावरण निर्माण गर्ने, वैदेशिक लगानी प्रक्रियाहरूलाई सरलीकृत गर्ने, विशेष आर्थिक क्षेत्र (सेज) तथा निर्यात प्रवर्द्धन केन्द्रको स्थापना गर्ने, वैदेशिक लगानीको सुरक्षाको प्रत्याभूति र कर छुटको

व्यवस्था गर्ने, प्रदेशको प्राथमिकताका आधारमा भौतिक पूर्वाधार, उत्पादनमुलक र रोजगारमुलक क्षेत्रमा वैदेशिक लगानी आकर्षित गर्ने रणनीति तथा कार्यनीति अवलम्बन गरेकोमा सरकारको वार्षिक नीति तथा कार्यक्रमले सो विषयलाई अनुसरण गरेको छैन । आवधिक तथा दीर्घकालीन योजनासँग समन्वय गरी नीति तथा कार्यक्रमहरू सञ्चालन गर्नुपर्दछ ।

७. **मध्यकालीन खर्च संरचना -** कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ५ ले प्रत्येक आर्थिक वर्षको बजेट तर्जुमा गर्नु अघि आगामी तीन आर्थिक वर्षको आम्दानी र खर्च प्रक्षेपण सहितको मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने र खर्च संरचना बनाउँदा सङ्घीय तथा प्रादेशिक आवधिक विकास योजनालाई मार्गदर्शनको रुपमा लिनुपर्ने व्यवस्था छ । कर्णाली प्रदेशको प्रथम र सङ्घीय सरकारको पन्ध्रौं योजनाको आधारमा संघ, प्रदेश र स्थानीय सरकारको समग्र विकास लक्ष्य प्राप्तिमा मध्यकालीन खर्च संरचना पालना भएको छैन । प्रदेशको बजेट तथा कार्यक्रम आवधिक योजनासँग सामञ्जस्यता गराएको छैन । मध्यकालीन खर्च संरचनाको आधारमा आवधिक योजना, बजेट तथा कार्यक्रमबीच तालमेल मिलाउनु पर्दछ ।

८. **आयोजना बैंक -** आयोगको काम कर्तव्य र अधिकार अन्तर्गत दीर्घकालीन सोच, तथ्यपरक नीति तथा योजना तर्जुमा सम्बन्धी कार्य लाभ-लागत विश्लेषणका आधारमा आयोजना बैंक (प्रोजेक्ट बैंक) निर्माण गर्ने उल्लेख छ । कर्णाली प्रदेश समन्वय परिषद्को २०७९ माघ १२ को निर्णयमा आयोजना बैंकमा समावेश भएका आयोजना कार्यान्वयन गर्ने तथा २०८० जेठ २ को निर्णयले प्रदेशले प्रदेश परियोजना बैंक र स्थानीय तहले स्थानीय परियोजना बैंकमा समाबेश भएका आयोजनामात्र छनोट गर्ने निर्णय भएपनि आयोजना बैक तयार भएको देखिएन । आयोजना बैंक स्थापना गरी आयोजना छनोटको आधार तयार गर्नुपर्दछ ।

९. **प्रदेश विकास परिषद् -** प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७५ अनुसारको विकास परिषद्मा मुख्यमन्त्रीको अध्यक्षतामा, प्रदेश परिषद्मा प्रतिनिधित्व गर्ने संसदीय दलका नेता, प्रदेश सभा समितिका सभापतिहरू, आयोगका उपाध्यक्ष र सदस्यहरू, प्रमुख सचिव, स्थानीय तहका प्रमुखहरू र प्रदेश सरकारबाट मनोनित सदस्य रहने व्यवस्था छ । यो वर्ष प्रदेश विकास परिषद्को बैठक बसेको छैन । प्रदेशको विकास निर्माणका नीतिगत समस्या समाधानका लगि प्रदेश विकास परिषद्लाई क्रियाशील बनाइनु पर्दछ ।

१०. **अनुगमन तथा मूल्याङ्कन -** आयोगले कर्णाली प्रदेश अनुगमन तथा मूल्याङ्कन निर्देशिका, २०७५ मा मन्त्रालय एवं प्रदेश सरकारको विकास समस्या समधान समिति र उपसमितिहरू रहने, प्रत्येक चौमासिकमा समितिको बैठक अनिवार्य बस्नुपर्ने, विकास आयोजनाहरूको चौमासिक समीक्षा गर्नुपर्ने लगायत अनुगमन मूल्याङ्कन समितिको क्रियाशीलतासहितको सोच तालिका एवं अनुगमन मूल्याङ्कन विधि समेत तोकिएको छ । अनुगमन मूल्याङ्कनको विषयमा सरकारी, सार्वजनिक, स्वतन्त्र मूल्याङ्कन कर्ता तथा विषयतगत र पेशागत संघ संस्था, नागरिक समाज र विकास साझेदारबीच सञ्चालको विकास गरी अनुगमन तथा मूल्याङ्कन प्रणाली बनाएको छैन । विकास योजनाको अनुगमन तथा मूल्याङ्कन प्रभावकारी बनाउनुपर्दछ ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा आयोगको क्रियाशिलता, अनुगमन लगायतमा सुझाव दिइएकोमा अपेक्षित सुधार भएको छैन । विगतको व्यहोरा पुनरावृत्ति नहुने गरी कार्य सम्पादन गर्नु पर्दछ ।
- **बेरूजु –** आयोगको यो वर्ष लगती बेरूजु रहेको छैन ।

प्रदेश लोक सेवा आयोग

नेपालको संविधानको धारा, २४४ अनुसार प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश सङ्गठित संस्था, प्रदेशको अन्य सरकारी सेवा, स्थानीय सरकारी सेवाको पदमा उपयुक्त उम्मेदवार छनोट गरी प्रदेश एवं स्थानीय तहको सार्वजनिक प्रशासन सक्षम, सुदृढ, प्रतिस्पर्धात्मक, उत्तरदायी, सेवामुखी र समावेशी बनाउन प्रदेश लोकसेवा आयोग ऐन, २०७५ बमोजिम आयोगको स्थापना भएको हो।

१. **सरकारी कार्यालय** - प्रदेश लोकसेवा आयोगको निम्नानुसार रू.१४ करोड २३ लाख ५ हजारको लेखापरीक्षण सम्पन्न भएको छ:

(रकम रू. हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
८३५७७	५८२२५	५०३	०	१४२३०५

२. **सेवा प्रवाह** - प्रदेश लोकसेवा आयोग ऐन, २०७५ को दफा ६ मा प्रदेश र स्थानीय तह सेवाको विभिन्न पदमा कर्मचारी नियुक्तिका लागि उपयुक्त उम्मेदवार छनोट गर्न परीक्षा सञ्चालन, सिफारिस लगायत काम कर्तव्य आयोगलाई तोकिएको छ । आयोगले यस वर्ष प्रदेश निजामती सेवातर्फ अधिकृतस्तरका आठौं, सातौं र छैटौं तह र सहायकस्तरमा पाँचौ र चौथो तहको गरी ३४ पदका पाठ्यक्रम निर्माण, आठौं तहका सेवा, समूह, उपसमूहका ६०, सातौं तहका ४२६, पाँचौं तहका २३६ र चौथो तहको २३९ समेत ९७१ पदका लागि ६२ विज्ञापन प्रकाशन, प्रदेश र स्थानीय तहको पदको लागि ७४ हजार ३३० दरखास्त सङ्कलन, ३१६ सेट प्रश्नपत्र निर्माण, ३८ लिखित परीक्षा सञ्चालन गरेको छ । लिखित परीक्षामा छनोट भएका १ हजार ८५१ उम्मेदवारबाट ९८९ विभिन्न कर्मचारी नियुक्तिका लागि सिफारिस गरेको छ ।

३. **बैठक तथा निर्णय** - प्रदेश लोकसेवा आयोग ऐन, २०७५ को दफा ९ मा आयोगको बैठक र निर्णय सम्बन्धी व्यवस्था छ । आयोगबाट यो वर्ष कुल ५८ पटक बैठक बसी बढुवा सम्बन्धी १, नीति नियम सम्बन्धी ४, परीक्षा, अन्तर्वार्ता र नतिजा सम्बन्धी १८, पाठ्यक्रम र मूल्याङ्कन सम्बन्धी १० तथा विविध विषयमा २९ गरी ६२ निर्णय भएका छन् ।

४. **आयोगको परामर्श** - प्रदेश लोक सेवा आयोग ऐन, २०७५ को दफा ६ को उपदफा ३ मा प्रदेश सरकारी सेवाका पदमा वढुवा गर्दा अपनाउनुपर्ने सिद्धान्तको विषयमा आयोगको परामर्श लिनुपर्ने व्यवस्था छ । कर्णाली प्रदेश निजामती सेवा ऐनको मस्यौदा तयारीको सिलसिलामा प्रदेश निजामती सेवाको सेवा र शर्त सम्बन्धी कानुनका विषयमा र प्रदेश सेवामा रहने तह र पदका विषय तथा समायोजन भएका कर्मचारीको सेवा सुविधा सम्बन्धी विषयमा आयोगबाट राय तथा परामर्श प्रदान गरेपनि प्रदेश र स्थानीय तहले कर्मचारी नियुक्ति तथा वढुवा गर्दा आयोगको परामर्श लिएको देखिएन।

अनुगमन तथा बेरुजु

- **बेरूजु–** आयोगको यो वर्ष लगती बेरूजु रहेको छैन ।

मुख्य न्यायाधिवक्ताको कार्यालय

नेपालको संविधानको धारा १६० मा मुख्य न्यायाधिवक्ता सम्बन्धी व्यवस्था छ । प्रदेश सरकारको मुख्य कानुनी सल्लाहकार हुने र संवैधानिक एवं कानुनी विषयमा प्रदेश सरकार वा प्रदेश सरकारले तोकिदिएका अन्य अधिकारीहरूलाई राय सल्लाह दिनु मुख्य न्यायाधिवक्ताको कर्तव्य हुने उल्लेख छ । प्रदेश सभामा आवश्यकता अनुसार कानुनी प्रश्नमा राय व्यक्त गर्ने र प्रदेश सरकारकोतर्फबाट मुद्दामा प्रतिरक्षा गर्ने र कानुनी सल्लाहकारको जिम्मेवारीसमेत मुख्य न्यायाधिवक्ताको रहेको छ ।

१. **सरकारी कार्यालय** - मुख्य न्यायाधिवक्ता कार्यालयको निम्नानुसार रू.१ करोड ६० लाख ४३ हजारको लेखापरीक्षण सम्पन्न भएको छः

(रकम रू. हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
१५८२२	१४	२०७	०	१६०४३

२. **बहस, पैरवी र राय परामर्श** - मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धी ऐन, २०७५ को दफा ४(१) मा प्रदेश सरकार वादी वा प्रतिवादी भएको मुद्दामा प्रदेश सरकारकोतर्फबाट उपस्थित भई वहस पैरवी गर्ने व्यवस्था छ । प्रदेश सरकारका निकायलाई विपक्ष वनाई गत वर्षको ५६ र यस वर्ष दर्ता भएका ४६ समेत सर्वोच्च अदालतमा ६२, उच्च अदालतमा ३०, प्रशासकीय अदालतमा ३ र जिल्ला अदालतमा ७ समेत कुल जम्मा १०२ मुद्दा दायर भएकोमा कार्यालयले वहस पैरवी भई ८ मुद्दा फैसला, १४ मुद्दा रिट खारेज, १६ मुद्दामा रिट जारी, २ मुद्दा फिर्ता गरी ४० मुद्दा फस्यौंट भई ६२ मुद्दा अर्थात ६०.७८ प्रतिशत बाँकी रहेका छन् ।

३. **कानुन निर्माणमा राय** - मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धी ऐन, २०७५ को दफा ४(१) (घ) वमोजिम प्रदेशको कार्यक्षेत्रको विषयमा कानुन बनाउनुपर्ने वा भइरहेको कानुनमा संशोधन गर्नुपरेमा कारण खुलाई प्रदेश सरकार समक्ष सिफारिस गर्नुपर्ने व्यवस्था छ । कार्यालयले संशोधन गर्नुपर्ने कानुन पहिचान गरी प्रदेश सरकार समक्ष सिफारिस गरेको छैन । कानुनमा सुधार गर्नु पर्ने क्षेत्रको पहिचान गरी समग्र प्रदेशको नीति निर्माण, नियमन तथा नियन्त्रणलाई प्रभावकारी बनाउनु पर्दछ ।

४. **निरीक्षण र अनुगमन** - मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धी ऐन, २०७५ को दफा ४(१) मा प्रदेश स्थित हिरासत तथा थुनुवा कक्षमा आफन्त वा कानुन व्यवसायी भेट्न नदिएको वा मानवोचित व्यवहार नभएको उजुरी वा जानकारी हुन आएमा मुख्य न्यायाधिवक्ताको कार्यालयसँग समन्वय गरी सम्बन्धित अधिकारीलाई आवश्यक निर्देशन दिन सक्ने व्यवस्था छ । कार्यालय अन्तर्गत ३ हिरासत कक्षका कैदीवन्दीहरूको निरीक्षण तथा अनुगमन गर्दा बाल सुधार गृह, बाँकेमा क्षमता भन्दा बढी बालबालिका राखिएको, वन हिरासत सुर्खेतमा थुनुवा कक्ष मापदण्ड अनुसार नभएको देखिएको छ । प्रदेश स्थित हिरासत तथा थुनुवा कक्ष र कैदीवन्दीहरूको निरीक्षण र अनुगमन गरी देखिएका व्यहोराहरूमा आवश्यक सुधार गर्नुपर्ने देखिन्छ ।

अनुगमन तथा बेरुजु

- **बेरूजु** - सरकारी कार्यालयतर्फ १ निकायमा यो वर्ष रू.२ लाख २५ हजार बेरूजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन सम्बन्धमा प्रतिक्रिया प्राप्त भएको छैन । यससम्बन्धी विवरण **अनुसूची-९** मा छ।

खण्ड

२

स्थानीय तह

स्थानीय तह

नेपालको संविधानको अनुसूची-८ मा स्थानीय तहका एकल अधिकार एवं अनुसूची-९ मा साझा अधिकारको व्यवस्था भए अनुसार कार्यसम्पादन गर्न स्थानीय तहहरूबाट कानुन निर्माण, आर्थिक तथा मानवीय स्रोत व्यवस्थापन एवं परिचालन गरी सेवा प्रवाह भइरहेको छ। जनताको सबैभन्दा नजिकको सरकारको रूपमा स्थानीय तहको गठन भई संविधान बमोजिम कानुन निर्माण गर्ने, स्थानीय बासिन्दाको आवश्यकता, माग र प्राथमिकताका आधारमा योजना तर्जुमा गर्ने, आर्थिक स्रोत साधनको अनुमान, व्यवस्थापन र स्रोतको दक्षतापूर्ण उपयोग गर्ने, सहभागितात्मक तवरले विकास निर्माण सञ्चालन गर्ने र स्वामित्वबोध गराउने, शिक्षा, स्वास्थ्य, कृषि, पशुपालन तथा वन व्यवस्थापन, फोहोरमैला व्यवस्थापन, स्थानीय सेवा प्रवाह, सार्वजनिक जग्गा संरक्षण र स्थानीय विवाद समाधान गर्ने, आफूले गरेका काम कारबाहीको तथ्याङ्क तथा अभिलेख राख्ने लगायतका कार्यहरू स्थानीय तहबाट सम्पादन भइरहेका छन्।

१. **संवैधानिक र कानुनी व्यवस्था** - नेपालको संविधानको धारा २१४ बमोजिम स्थानीय तहको कार्यकारिणी अधिकार संविधान र सङ्घीय कानुनको अधीनमा रही गाउँपालिका वा नगरपालिकामा निहित हुने र धारा २२१ मा व्यवस्थापकीय अधिकार गाउँ सभा र नगर सभामा रहने व्यवस्था छ। त्यस्तै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा गाउँपालिका र नगरपालिकाको हुने उल्लेख छ।

२. **काम, कर्तव्य र अधिकार** - संविधानको अनुसूची-८ मा उल्लेख भए अनुसार स्थानीय तहको अधिकार क्षेत्र अन्तर्गत स्थानीय कर, दस्तुर, स्थानीय सेवाको व्यवस्थापन, स्थानीयस्तरका विकास आयोजना, आधारभूत र माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य र सरसफाइ, स्थानीय, ग्रामीण तथा कृषि सडक र सिंचाइ, कृषि तथा पशुपालन, ज्येष्ठ नागरिक, अशक्तहरूको व्यवस्थापन, नगर प्रहरी, सहकारी संस्था, एफ.एम. सञ्चालन लगायतका विषय रहेका छन्। सोबाहेक स्थानीय तहले संघ तथा प्रदेशसँगको सहकार्यमा प्रयोग गर्ने साझा अधिकार संविधानको अनुसूची-९ मा उल्लेख छ। संघ वा प्रदेशले संविधान तथा प्रचलित कानुनबमोजिम आफ्नो अधिकार क्षेत्रभित्रको कुनै विषय स्थानीय तहलाई कानुन बनाई निक्षेपण गर्नसक्ने समेत व्यवस्था छ।

३. **स्थानीय तहको संरचना** - कर्णाली प्रदेशमा ७९ स्थानीय तह रहेका छन्। गाउँपालिकामा ५ देखि १५ तथा नगरपालिकामा ९ देखि ३५ वडा रहने गरी स्थानीय तह गठन हुने व्यवस्था छ। स्थानीय तहको संख्या, सिमाना, जनसंख्या, भूगोल, प्रशासनिक सुगमता, पूर्वाधार विकासको अवस्था, आर्थिक सक्षमता, प्राकृतिक स्रोत साधनको उपलब्धता र भाषिक सांस्कृतिक तथा सामुदायिक बनोटको आधारमा २५ नगरपालिका र ५४ गाउँपालिका रहेका छन्।

४. **कानुन निर्माण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधीनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। स्थानीय तह सञ्चालनको लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले ५२ नमूना कानुन उपलब्ध गराएको देखिन्छ। स्रोत सङ्कलन, विकास निर्माण तथा सेवा प्रवाहको लागि आवश्यक पर्ने सबै कानुन स्थानीय तहले बनाएका छैनन्। आवश्यकता अनुसारका कानुन बनाउन नसक्दा स्थानीय तहको कार्यसम्पादन, सेवा प्रवाहमा समेत प्रभावकारिता आउनसकेको छैन। कार्यसम्पादन र नतिजा प्राप्तिका लागि आवश्यक कानुन निर्माणमा स्थानीय तह थप सक्रिय हुनुपर्ने व्यहोरा गत वर्ष औँल्याइएकोमा यो वर्ष पनि स्थिति यथावत् छ।

५. **आर्थिक कार्यप्रणाली** - स्थानीय तहको आर्थिक कार्यविधिलाई व्यवस्थित गर्न स्थानीय तहहरूले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ अनुकुल हुने गरी आर्थिक कार्यविधिसम्बन्धी कानुन बनाउन बाँकी रहेको छ। आर्थिक कारोवार सञ्चालन गर्ने कार्य स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को व्यवस्थाअनुसार गरेको देखियो। वित्तीय अनुशासन, जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुनेगरी आर्थिक कारोबार सञ्चालन गर्न तत्सम्बन्धी कानुन बनाई लागू गर्नुपर्दछ।

६. **समग्र आय व्यय** - यो वर्ष लेखापरीक्षण भएका ७७ स्थानीय तहको देहाय अनुसार गत वर्षको जिम्मेवारी रू.५ अर्ब ४ करोड ९२ लाख र यो वर्षको आय रू.४७ अर्ब २ करोड ८१ लाख मध्ये रू.४७ अर्ब १६ करोड ८७ लाख खर्च भएको छ। कुल खर्चमध्ये चालु खर्च रू.२६ अर्ब ५४ करोड ६६ लाख, पुँजीगत खर्च रू.१३ अर्ब १२ करोड ९५ लाख र वित्तीय तथा अन्य खर्च रू.७ अर्ब ४९ करोड २६ लाख गरी रू.४ अर्ब ९० करोड ८५ लाख आगामी वर्षको लागि जिम्मेवारी सरेको छ। यस सम्बन्धी विवरण **अनुसूची-१४** मा समावेश गरिएको छ ।

(रकम रू. लाखमा)

क सं	विवरण	संख्या	शुरु मौज्दात	सङ्घीयबाट अनुदान	प्रदेशबाट अनुदान	राजस्व बांडफांट	आन्तरिक आय	अन्य आय	कुल आय	चालु खर्च	पुँजीगत खर्च	वित्तीय खर्च	कुल खर्च	मौज्दात बाँकी
१	नगरपालिका	२५	२४८६२	१२३३७९	१८४७१	२२५०५	४५५३	३५७९२	२०४७००	११७६१९	५५७८४	३४०२८	२०७४३१	२२१३०
२	गाउँपालिका	५२	२५६३०	१६०८३८	२४७३५	३५६१७	२०२१	४२३७०	२६५५८१	१४७८४७	७५५११	४०८९८	२६४२५६	२६९५५
	जम्मा	**७७**	**५०४९२**	**२८४२१७**	**४३२०६**	**५८१२२**	**६५७४**	**७८१६२**	**४७०२८१**	**२६५४६६**	**१३१२९५**	**७४९२६**	**४७१६८७**	**४९०८५**

द्रष्टव्य : हुम्ला जिल्लाको अदानचुली र चंखेली गाउँपालिकाले यो वर्ष लेखापरीक्षण गराएको छैन ।

७. **वित्तीय हस्तान्तरण** - महालेखा नियन्त्रक कार्यालय तथा प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त एकीकृत वित्तीय विवरण अनुसार यो वर्ष सङ्घीय सञ्चित कोष तथा प्रदेश सञ्चितकोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको स्थिति निम्नानुसार छ ।

(रकम रू. हजारमा)

क्र सं	अनुदानको किसिम	स्वीकृत बजेट			यथार्थ हस्तान्तरण		
		संघ	प्रदेश	जम्मा	संघ	प्रदेश	जम्मा
१	समानीकरण अनुदान	८२८०७००	८०००००	९०८०७००	७६५८८८१	७९४४९६	८४५३३७७
२	सशर्त अनुदान	१९५०४९३१	३३१६६५५	२२८२१५८६	१९३३२२८८	३०४६२११	२२३७८४९९
३	विशेष अनुदान	१०७६४००	३०५०३२	१३८१४३२	७२२७७४	२३६८२८	९५९६०२
४	समपुरक अनुदान	६४५०००	५१२०४२	११५७०४२	३४७१५७	२४३६००	५९०७५७
जम्मा		**२९५०७०३१**	**४९३३७२९**	**३४४४०७६०**	**२८०६११००**	**४३२११३५**	**३२३८२२३५**

स्थानीय तहका लागि स्वीकृत वित्तीय हस्तान्तरणमध्ये नेपाल सरकारबाट ८६.६६ प्रतिशत तथा प्रदेश सरकारबाट १३.३४ प्रतिशत हस्तान्तरण भएको छ।

८. **आन्तरिक स्रोत** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५४ देखि ६३ सम्म स्थानीय तहले लगाउन सक्ने कर तथा शुल्क सम्बन्धी व्यवस्था रहेको छ। यो वर्ष लेखापरीक्षण भएका ७७ स्थानीय तहको २०७९।८० को कुल आन्तरिक आय रू.६५ करोड ७४ लाख रहेको छ। स्थानीय तहको आन्तरिक आयले चालु खर्च धान्न नसकेको अवस्था छ। स्थानीय तहको राजश्व क्षमता बढाई आन्तरिक आयमा बृद्धि गर्नु पर्दछ।

९. **खर्च व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा बजेट पेश र पारित तथा दफा ७३ मा खर्च गर्ने अख्तियारी र कार्यविधि उल्लेख छ। लेखापरीक्षण गरिएका ७७ स्थानीय तहको कुल खर्चमध्ये चालु खर्च रू.२६ अर्ब ५४ करोड ६६ लाख (५६.२८ प्रतिशत), पुँजीगत खर्च

रू.१३ अर्ब १२ करोड ९५ लाख (२७.८४ प्रतिशत) र वित्तीय तथा अन्य खर्च रू.७ अर्ब ४९ करोड २६ लाख (१५.८८ प्रतिशत) खर्च रहेको छ। यस स्थितिले अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१ (४) बमोजिम स्थानीय तहले आफूले उठाएको आन्तरिक राजश्व र राजश्व बाँडफाँटबाट प्राप्त हुने रकमबाट प्रशासनिक खर्च पुग्ने गरी राजश्व तथा व्ययको अनुमान पेस गर्नु पर्ने प्रावधानको पालना हुन सकेको छैन।

१०. **प्रदेश र स्थानीय तहबीचको सम्बन्ध** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०५ मा प्रदेश तथा स्थानीय तहले गर्ने काम कारवाहीमा नीतिगत सामञ्जस्यता, योजना व्यवस्थापनमा रणनीतिक साझेदारी, साझा अधिकार क्षेत्रको प्रयोग, प्राकृतिक स्रोत साधनको उपयोग र बाँडफाँट लगायतका अन्तर सम्बन्धित विषयहरूमा समन्वय कायम गर्न प्रदेश समन्वय परिषद् रहने व्यवस्था छ। प्रदेशले प्रदेश समन्वय परिषद्को बैठक सम्पन्न गरे पनि प्रदेश सरकारले स्थानीय तहमा हस्तान्तरण गर्नुपर्ने साना योजनाहरू आफैंले सञ्चालन गरेको, स्थानीय तहले गर्ने कार्यको लागि समेत प्रदेशस्तरका कार्यालय स्थापना गरेको, स्थानीय तहले राजस्व बाँडफाँट गरी पठाउनुपर्ने सबै रकम प्रदेश सरकारलाई नपठाएको लगायतको स्थिति देखिएको छ। साझा अधिकार सूचीमा रहेका कार्यको कार्यसम्पादनमा प्रभावकारिता ल्याउन र विकास निर्माणमा सन्तुलन कायम गर्न नियमित रूपमा प्रदेश समन्वय परिषद्को बैठकबाट निर्णय गराई आफ्नो कार्यसम्पादनमा सहजता आउने गरी प्रदेश सरकार र स्थानीय तहबीच समन्वय कायम गर्नुपर्दछ।

११. **लेखापरीक्षणमा बेरुजु अङ्क -** यो वर्ष लेखापरीक्षण सम्पन्न भएका ७७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी उपलब्ध गराइएको लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा सैद्धान्तिक ५ हजार २७ दफा र लगती ८ हजार ३५ दफाबाट रू.३ अर्ब ६९ करोड ७ लाख ३६ हजार बेरुजु औंल्याइएकोमा स्थानीय तहहरूबाट प्राप्त प्रतिकृयाबाट रू.२५ करोड ६० लाख ३४ हजार बेरुजु फर्स्यौंट हुँदा रू.२ करोड ३ लाख १० हजार बेरुजु थप भई रू.३ अर्ब ४५ करोड ५० लाख १२ हजार बेरुजु बाँकी रहेको छ। बाँकी रहेको बेरुजुको वर्गीकरण स्थिति निम्नानुसार छ।

(रक रू. हजारमा)

वर्गीकरण	बेरुजु अङ्क रु	कुल बेरुजुको प्रतिशत
१. असुल गर्नुपर्ने	**४१९४७७**	**१२.१४**
२. नियमित गर्नुपर्ने	**२६६८०७३**	**७७.२१**
२.१ अनियमित भएको	१३५१७३०	३९.१२
२.२ प्रमाण कागज पेस नभएको	१३१६२१३	३८.१०
२.३ सोधभर्ना नलिएको	१३०	००
३. पेस्की	**३६७४६२**	**१०.६४**
जम्मा बेरुजु	**३४५५०१२**	**१००.००**

द्रष्टव्यः *उल्लिखित पेस्की अङ्कमा म्याद ननाघेको पेस्की समावेश छैन।*

लेखापरीक्षण भएका स्थानीय तहमध्ये स्थानीय तहको किसिम अनुसार लेखापरीक्षण अङ्कमा बेरुजु अङ्क निम्न रहेको छ।

(रकम रू. हजारमा)

क सं	स्थानीय तह	स्थानीय तह संख्या	लेखापरीक्षण रकम	पेस्कीसमेत बेरुजु	बेरुजुमध्ये पेस्की रकम	लेखापरीक्षणको तुलनामा बेरुजु प्रतिशत	पेस्की बाहेक बेरुजु प्रतिशत
१	नगरपालिका	२५	४१२१२९७७	१४६६१२६	१४४११४	३.५६	३.२१
२	गाउँपालिका	५२	५२९८३७०१	१९८८८८६	२२३३४८	३.७५	३.३३
जम्मा		**७७**	**९४१९६६७८**	**३४५५०१२**	**३६७४६२**	**३.६७**	**३.२८**

यस सम्बन्धी विस्तृत विवरण **अनुसूची- १४** मा समावेश छ।

१२. **लेखापरीक्षणबाट देखिएका समग्र व्यहोरा** - नेपालको संविधान तथा लेखापरीक्षण ऐन, २०७५ बमोजिम यस प्रदेशका स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षणबाट देखिएका मुख्य व्यहोरा देहाय अनुसार छन् :

- **कानुन निर्माण तथा परिपालना** - सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेका नमूना कानुन अनुसार केही स्थानीय तहमा कानुन निर्माण गर्न बाँकी रहेको, मौजुदा कानुनमा एकरुपता नरहेको, कानुनको परिपालना नभएको लगायत व्यहोरा देखिएका छन् ।

- **वित्तीय विवरण तथा लेखापरीक्षण** - तोकिएको ढाँचामा सबै आर्थिक कारोबार समावेश गरी वित्तीय विवरण तयार नगरेको, एकीकृत वित्तीय विवरण तयार नगरेको, स्वीकृत लेखा फारमहरु प्रयोगमा नल्याएको, गत वर्षको वित्तीय विवरणले देखाएको मौज्दात भन्दा फरक हुने गरी यस वर्ष जिम्मेवारी सारेको, वर्षान्तको मौज्दात फरक परेकोमा बैङ्क हिसाब विवरण तयार नगरेको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीको प्रभावकारी कार्यान्वयन नभएको, सबै आर्थिक कारोबारहरु स्थानीय सञ्चित कोष प्रणाली (सुत्र) बाट नगरेको, आन्तरिक लेखापरीक्षण नगराएको, अन्तिम लेखापरीक्षणबाट देखिएका बेरुजु फर्स्यौंट गरी समयमा सम्परीक्षण नगराएको स्थिति देखिएको छ ।

- **सङ्गठन संरचना तथा मानव संशाधन** - कार्यबोझको आधारमा दरबन्दी स्वीकृति र पदपूर्ति नगरेको, दक्ष र तालिमप्राप्त जनशक्ति व्यवस्थापन नहुँदा विषयगत शाखाबाट सम्पादन हुने कार्य प्रभावकारी हुन नसकेको, दरबन्दी बेगर करार सेवामा नियुक्ति गरेको, कार्यसम्पादन सूचक बेगर अतिरिक्त तथा थप प्रोत्साहन भत्ता खर्च लेखेको, एकमुष्टरुपमा कर्मचारी कल्याणकोषमा रकम ट्रान्फर गरेको, पदाधिकारी तथा कर्मचारीलाई कानुन व्यवस्था नभएका बिभिन्न सुविधा प्रदान गरेको लगायत व्यहोरा देखिएका छन् ।

- **योजना तर्जुमा बजेट तथा कार्यक्रम**- केही स्थानीय तहमा तोकिएको समयमा बजेट पेस नभएको, बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि आवश्यक कार्यविधि स्वीकृत नगरेको, योजना तथा कार्यक्रममा न्यून प्रगति भएको, राजश्व तथा व्ययको अनुमान यथार्थपरक नभएको, बजेट अवण्डामा राखी पटके निर्णयबाट बाँडफाँट गरी खर्च गरेको, सीमाभन्दा बढी रकमान्तर गरेको र विभिन्न कोषमा रहेका रकम प्रयोजन समाप्त भएपछि सम्बन्धित सञ्चित कोषमा फिर्ता नगरेको स्थिति देखिएको छ ।

- **आन्तरिक आय** - लक्ष्य अनुसार सम्पत्ति कर, बहाल कर लगायतका राजश्व असुली नभएको, विभिन्न व्यक्ति वा संस्थाबाट उठ्न बाँकी रकम असुल नगरेको, असुल भएको राजश्व तोकिएको अवधिभित्र सञ्चित कोष दाखिला नगरेको, प्रतिस्पर्धात्मक विधिबाट समयमा नै आय ठेक्का नगरेको एवम् सम्झौता अनुसारको रकम असुल नगरेको, प्रदेश कानुन अनुसार राजश्व बाँडफाँट नगरेको लगायत व्यहोरा देखिएका छन् ।

- **खरिद व्यवस्थापन** - आवश्यकता पहिचान नगरी विस्तृत आयोजना प्रतिवेदन तयार गरेको एवम् पेश भएका प्रतिवेदनहरु स्वीकृत गरी कार्यान्वयन नगरेको, निर्माणस्थलको व्यवस्था नगरी खरिद सम्झौता गरेको, प्रतिस्पर्धात्मक खरिद विधि प्रयोग नगरी सोझै खरिद गरेको, खरिद कार्य समयमा सम्पन्न नगरेको, तोकिएको सीमाभन्दा बढी लागत अनुमान भएका कार्य उपभोक्ता समितिबाट गराएको, उपभोक्ता समितिले सम्झौता अनुसारको योगदान नगरेको, मालसामान खरिदमा ओभरहेड भुक्तानी गरेको, भेरिएसन स्वीकृत नगराई खरिद सम्झौतामा उल्लेख भएको भन्दा बढी परिमाणमा भुक्तानी गरेको, सुत्र एवम् सूचकाङ्क फरक पारी बढी मूल्य समायोजन भुक्तानी गरेको लगायतका व्यहोरा देखिएका छन् ।

- **खर्च व्यवस्थापन** – आन्तरिक आयको विश्लेषण नगरी सुविधा एवं भत्ता वितरण र बजेट खर्च गर्दा प्रचलित कानुनी व्यवस्थाको पूर्ण अनुसरण हुन नसकेको, पेश्की रकम म्याद भित्र फर्स्यौंट नगरेको, विद्यालयका शिक्षकहरुको पारिश्रमिक तथा अन्य रकमहरु बढी निकासा गरेको, निश्चित मापदण्ड बेगर आर्थिक सहायता वितरण गरेको, वितरणमुखी तथा अनुत्पादक खर्च गरेको, अनुदान वितरणको मापदण्ड नबनाएको, वितरित अनुदानबाट प्राप्त नतिजाको अनुगमन नगरेको, कार्यालय सञ्चालन तथा विविध खर्चमा मितव्ययिता हुन नसकेको, खर्च नभई बाँकी रहेको अनुदान रकम सम्बन्धित सञ्चित कोषमा फिर्ता नगरेको लगायत व्यहोरा देखिएका छन् ।

- **अभिलेख तथा अनुगमन** - स्थानीय तहले सार्वजनिक सम्पत्तिको अभिलेख नराखेको, पालिकामा प्रयोग भएका सफ्टवेयरको प्राप्ति, प्रयोग र क्षमताको अभिलेख नराखेको, फर्स्यौंट हुन बाँकी पेश्की र बेरुजुको अभिलेख नराखेको अवस्था छ । लक्षितवर्गमा दिने अनुदान सो समूहमा पुगे नपुगेको अनुगमन नगरेको, सामुदायिक विद्यालयको शैक्षिक उपलब्धि एवम् गुणस्तरको अनुगमन नगरेको, पालिकाभित्र उत्पादन भएका फोहोरको वातावरणमैत्री व्यवस्थापन गर्न नसकेको, आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी नरहेको, कार्यक्षेत्रभित्रका सहकारी संस्थाको कार्यसम्पादनको न्यून अनुगमन गरेको लगायतका अवस्था देखिएका छन्।

  स्थानीय तहले स्रोत र साधनको प्राप्ति र परिचालन, विकास निर्माण, सेवा प्रवाह तथा जिम्मेवारी एवं जवाफदेहिताको पालना सम्बन्धमा देखिएका व्यहोराहरु सम्बन्धित स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा उल्लेख गरिएको छ ।

१३. **बेरुजु फर्स्यौंट तथा सम्परीक्षण** - कर्णाली प्रदेशका ७९ स्थानीय तहको गत वर्षसम्मको कुल बेरुजु रू. १५ अर्ब ८३ करोड ९७ लाख ४५ हजार रहेकोमा यो वर्ष समायोजन तथा सम्परीक्षणबाट रू.४८ करोड ४८ लाख ५६ हजार फर्स्यौंट भई रू.१५ अर्ब ३५ करोड ४८ लाख ८९ हजार बाँकी रहेकोमा यस वर्षको लेखापरीक्षणबाट थप भएको रू.३ अर्ब ५५ करोड १२ लाख २१ हजार (सम्परीक्षणबाट

थप भएको रू.९ करोड ६२ लाख ९ हजार समेत) समेत रू.१८ अर्ब ९० करोड ६१ लाख १० हजार बेरुजु बाँकी रहेको छ।

१३.१. लेखापरीक्षण ऐन, २०७५ को दफा २० मा प्रत्येक गाउँपालिका र नगरपालिकाले महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण गराउनुपर्ने, महालेखापरीक्षकले लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र यसरी जारी भएको प्रतिवेदन स्थानीय तहको प्रचलित कानुन बमोजिम गाउँसभा वा नगरसभामा पेस गरी छलफल गर्नुपर्ने व्यवस्था छ। अधिकांश स्थानीय तहहरूले यस सम्बन्धी कानुन निर्माण गर्न बाँकी रहेकोले प्रतिवेदन छलफल र बेरुजु असुल फस्यौंट एवं नियमित गर्ने कार्यविधिको सम्बन्धमा अस्पष्टता रहेको छ।

१३.२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ मा सभाले आफ्नो कार्य प्रणालीलाई व्यवस्थित गर्न नियमावली बनाई कुनै सदस्यको संयोजकत्वमा लेखा समिति लगायतका समिति गठन गर्न सक्ने उल्लेख छ।स्थानीय तहले लेखा समितिको गठन, कार्यक्षेत्र, बेरुजु फस्यौंटको विधि र प्रक्रियासमेत खुलाई स्पष्ट कानुनी व्यवस्था गरी बेरुजु फस्यौंटमा तदारूकता ल्याउनुपर्दछ।

परिच्छेद

8



लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन स्थिति

परिच्छेद ४

लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन स्थिति

कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३५ बमोजिम महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण भई प्रारम्भिक प्रतिवेदनमा औल्याइएका बेरुजुको सूचना प्राप्त भएको ३५ दिनभित्र सम्बन्धित कार्यालयले तोकिए बमोजिम फर्स्यौंट तथा सम्परीक्षणका लागि महालेखापरीक्षकको कार्यालयलाई जानकारी गराउनुपर्ने व्यवस्था छ । यस सम्बन्धी ब्यहोरा निम्न छन्:

१. **प्रतिवेदन कार्यान्वयन** - प्रदेशको सार्वजनिक लेखा समितिमा महालेखापरीक्षकको वार्षिक प्रतिवेदनको ब्यहोरामा छलफल हुने व्यवस्था अनुसार हालसम्मको महालेखापरीक्षकको वार्षिक प्रतिवेदन प्रदेश सभामा पेस भई प्रदेश सार्वजनिक लेखा समितिमा छलफल भएको छ । प्रतिवेदन उपर लेखा समितिले दिएको निर्देशन कार्यान्वयन बाँकी रहेकोले सभाको निर्णय अनुसार बेरुजु फर्स्यौंट गरी आगामी दिनमा दोहोरिन नदिने व्यवस्था गर्नुपर्दछ ।

२. **बेरुजु फर्स्यौंट** - यो वर्ष प्रदेशको सरकारी कारोबारतर्फ विनियोजन, राजस्व, धरौटी तथा अन्य कारोबारको १४३ कार्यालयको लेखापरीक्षण हुँदा ८८ कार्यालयको बेरुजु रू.९२ करोड ९९ लाख २२ हजार देखिएकोमा २० कार्यालयको प्रमाण तथा प्रतिक्रियाको आधारमा लगती दफा ९६ बाट रू.६ करोड ९३ लाख ३२ हजार फर्स्यौंट हुँदा रू.१ लाख ९३ हजार थप बेरुजु कायम भएको छ । बाँकी कार्यालयको प्रतिक्रिया प्राप्त भएतापनि फर्स्यौंट हुन नसकी सुरु बेरुजु नै कायम भएको छ । प्रदेश कानुनी व्यवस्था बमोजिमको प्रक्रिया पूरा गर्दासमेत २०७९।८० को बेरुजु फर्स्यौंट नभएकाले सो अवधिमा कार्यरत लेखाउत्तरदायी अधिकृतहरूको नामावली र बेरुजु रकम **अनुसूची-१५** मा समावेश गरिएको छ। समिति तथा अन्य संस्थातर्फ लेखापरीक्षण भएका १२ समितिको रू.१० करोड ६९ लाख ६९ हजार बेरुजु देखिएको छ । कानुन बमोजिम बाँकी बेरुजु फर्स्यौंट गर्नुपर्दछ ।

३. **सम्परीक्षण** - गत वर्ष प्रदेशको सरकारी कारोबार र समिति तथा अन्य संस्थातर्फको रू.४ अर्ब ३४ करोड १५ लाख ८५ हजार बेरुजु रहेकोमा रू.१ अर्ब ३७ करोड ९० लाख ४९ हजार सम्परीक्षण हुँदा थप भएको रू.१ करोड ७९ लाख ६६ हजारसमेत रू.२ अर्ब ९८ करोड ५ लाख २ हजार बाँकी रहेको छ ।

४. **प्रतिवेदन कार्यान्वयनका प्रयास** - बेरुजु फर्स्यौंट गरी प्रतिवेदन कार्यान्वयन गर्न स्थलगत खटिएको टोलीबाट सम्परीक्षण गरी स्थलगत जानकारी दिने व्यवस्था गरिएको छ । सम्परीक्षण गरिएको अङ्क र सम्परीक्षणको लागि पेस नभएको अवस्थामा सोही व्यहोरा प्रारम्भिक प्रतिवेदनमा खुलाइएको छ । प्रदेश प्रमुख समक्ष यस अघि पेस भएका ५ वर्षको लेखापरीक्षण प्रतिवेदन उपर सार्वजनिक लेखा समितिमा २०८० चैत्र ९ मा छलफल सम्पन्न भई प्रदेश सभाबाट २०८० चैत्र १२ मा प्रतिवेदन स्वीकृत भएको आधारमा लेखा उत्तरदायी अधिकृतहरूबाट पेस भएबमोजिम रू.१ अर्ब ११ करोड ४ लाख ९४ हजार बेरुजु लगतकट्टा भएको छ । सार्वजनिक लेखा समितिले दिएका अन्य निर्देशन तथा सुझाव कार्यान्वयन गर्नुपर्दछ ।

५. **बेरुजु न्यूनीकरण -** प्रदेश सरकारको आर्थिक कारोबारमा महालेखापरीक्षकबाट औँल्याइएको त्रुटिलाई सुधार गरी आर्थिक अनुशासनको स्थिति मजबुत बनाउनु पर्दछ । प्रदेश कार्यालयहरूको आन्तरिक नियन्त्रण प्रणाली स्थापना, प्रभावकारी आन्तरिक लेखापरीक्षण, खरिदलगायतका कानुनको पालना, अनुगमन तथा नियमन र कर्मचारीतन्त्रमा जिम्मेवारी वहनको स्थितिमा बढोत्तरी गरी बेरुजु न्यूनीकरणमा ध्यान दिनुपर्दछ ।

परिच्छेद

५



भविष्यमा गर्नुपर्ने सुधार

परिच्छेद-५

भविष्यमा गर्नुपर्ने सुधार

स्रोत साधनको प्राप्ति र प्रभावकारी परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै दिगो आर्थिक विकास गर्न प्रदेशले आवश्यक नीति तथा कानुन तर्जुमा गरी सोअनुसार संगठनात्मक संरचना व्यवस्थापन, पूर्वाधार विकास, सामाजिक विकास, आर्थिक क्रियाकलाप सञ्चालन, तथा परिचालनलगायतका कार्यहरू गर्नुपर्दछ । प्रदेश सरकारको कार्य सञ्चालनमा आर्थिक अनुशासन र वित्तीय सुशासन कायम गर्न देहायका पक्षहरूमा सुधार गर्नुपर्ने देखिएको छः

नीतिगत तथा कानुनी व्यवस्था

१. **नीति निर्माण** - प्रदेश सरकारको कार्य जिम्मेवारी पूरा गर्न विभिन्न मन्त्रालय तथा निकायसँग सम्बन्धित दीर्घकालीन तथा अल्पकालीन नीति निर्माण र सो को कार्यान्वयनको लागि वित्तीय एवम् अन्य स्रोत साधन व्यवस्थापन गरी अनुगमनसमेत गर्नुपर्दछ ।

२. **कानुन तर्जुमा** - प्रदेशले नेपालको संविधानको अनुसूचीमा उल्लेख भएका प्रदेशको एकल तथा साझा अधिकार सूचीअनुसारका आवश्यक सबै कानुन तर्जुमा गरी कार्यसम्पादन प्रभावकारी बनाउनुपर्दछ।

३. **कानुन कार्यान्वयन** - प्रचलित कानुनको पालना मार्फत आर्थिक अनुशासन, वित्तीय जवाफदेहिता एवम् कार्यान्वयन पारदर्शिता कायम गर्नुपर्दछ । कर्मचारी एवम् पदाधिकारीलाई कानुन पालना गर्न सजग र जिम्मेवार बनाउनुपर्दछ ।

संगठन तथा मानव संशाधन व्यवस्थापन

४. **मानव संशाधन व्यवस्थापन** - प्रदेश तहमा यथासमयमा दरबन्दीबमोजिम जनशक्तिको पदपूर्ति हुन नसकेकोले विषयगत र विकास निर्माणलगायतका कार्यसम्पादन गर्न दक्ष प्राविधिक जनशक्ति कमी रहेको छ । तसर्थ दरबन्दीअनुसार पदपूर्ति गरी सेवा प्रवाह तथा कार्यसम्पादन प्रभावकारी बनाउनुपर्दछ।

५. **संगठन संरचना** - सङ्घीय तथा स्थानीय तहबाट सम्पादन हुने कार्यका लागिसमेत प्रदेश छुट्टै कार्यालय स्थापना गरेका कारण संगठन संरचनामा दोहोरोपना देखिएको छ । संघ, प्रदेश र स्थानीयतहबीच काममा दोहोरोपना नहुने गरी संगठन संरचना निर्माण गर्नुपर्दछ । संगठन संरचना चुस्त र छरितो बनाई सेवा प्रवाह प्रभावकारी बनाउन ध्यान दिनुपर्दछ ।

६. **सेवा प्रवाह सार्वजनिक** - सेवा प्रवाह मितव्ययी, प्रभावकारी र दक्षतापूर्वक सञ्चालन गर्न टोकन प्रणाली, विद्युतीय व्यवस्थापन प्रणाली, एकद्वार सेवा तथा हेल्पडेस्क व्यवस्थापनलगायतका व्यवस्था कार्यान्वयनमा ल्याउनुपर्दछ । सार्वजनिक तथा सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ, सेवाग्राही सन्तुष्टि सर्वेक्षण जस्ता माध्यमबाट सार्वजनिक सेवाका सम्बन्धमा पृष्ठपोषण लिई सेवा प्रवाहलाई पारदर्शी र जवाफदेही बनाउनुपर्दछ।

सङ्घीयता कार्यान्वयन

७. **अन्तरतह समन्वय**-नेपालको संविधानको धारा २३५ मा संघ, प्रदेश र स्थानीय तहबीच समन्वय कायम गर्न सङ्घीय संसद्ले आवश्यक कानुन बनाउने व्यवस्था छ । विकास कार्यक्रम र आयोजनाको वर्गीकरण तथा बाँडफाँटसम्बन्धी मापदण्ड, २०७६ अनुसार संघ, प्रदेश तथा स्थानीय तहबीच आयोजना तथा कार्यक्रम विभाजन गरी कार्यान्वयन गर्नुपर्दछ । कार्यक्रम सञ्चालन गर्दा संघ, प्रदेश र स्थानीय तहबीच दोहोरो पर्ने समस्या देखिएकोले आवश्यक समन्वय गरी यस्ता समस्या निराकरण गर्नुपर्दछ ।

८. **प्रदेश समन्वय परिषद्**-प्रदेश तथा स्थानीय तहले गर्ने काम, कारबाहीमा नीतिगत सामञ्जस्यता, साझा अधिकार क्षेत्रको प्रयोग, प्राकृतिक स्रोतसाधनको बाँडफाँट सम्बन्धमा समन्वय गर्न प्रदेश समन्वय परिषद्ले प्रभावकारी भूमिका निभाउनुपर्दछ ।

बजेट व्यवस्थापन

९. **बजेट तर्जुमा** -क्षेत्रगत प्राथमिकता, स्रोत साधनको उपलब्धता, पूर्वाधार विकासको अवस्था, सरोकारवालाको अपेक्षा तथा जनसहभागितालगायतका पक्षमा ध्यान दिई कार्यान्वयनयोग्य बजेट तर्जुमा गर्नुपर्दछ ।

१०. **बजेट अनुशासन** - पूर्व अनुमान गर्न सकिने प्रयोजनका लागिसमेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गर्ने परिपाटीबाट वित्तीय अनुशासन कमजोर हुने र वर्षान्तमा भएका विकास निर्माण कार्यको गुणस्तरमासमेत समस्या आउन सक्ने हुँदा यस्तो प्रवृत्तिमा सुधार हुनुपर्दछ।

११. **विनियोजन दक्षता** -बजेटअनुसार खर्च हुन नसकेका कारण मन्त्रालयहरूको विनियोजन दक्षता सन्तोषजनक देखिदैन । क्षमता विश्लेषण गरी बजेट विनियोजन तथा कार्ययोजनाअनुसार बजेट तथा कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

१२. **अनुदान उपयोग** -उद्यमशीलता तथा क्षमता विकास, व्यवसायीकरण, आधुनिकीकरण, रोजगारी प्रवर्द्धनलगायतका आधारमा अनुदान प्रदान गर्नुपर्दछ । उत्पादन र उत्पादकत्व वृद्धि हुनेगरी नतिजामूलक क्षेत्रमा अनुदान दिने व्यवस्था गरिनुपर्दछ । अनुदान वितरणको मापदण्ड बनाई वितरित अनुदानको परीपालन बारे अनुगमन गर्नुपर्दछ । अनुदानबाट आम नागरिकले प्राप्त गर्ने सुविधा सुनिश्चित गरिनुपर्दछ ।

१३. **चालु खर्च नियन्त्रण**-प्रदेश सरकारको चालु खर्च वर्षेनी बढ्दै गएको देखिन्छ । छरितो सङ्गठन संरचना र कार्य प्रणाली तर्जुमा गरी चालु खर्चलाई वाञ्छित सीमाभित्र राखिनुपर्दछ ।

१४. **आन्तरिक नियन्त्रण** - प्रदेश मन्त्रालय र अन्तर्गत निकायबाट सम्पादन गरिने कार्य मितव्ययी, दक्षतापूर्वक र प्रभावकारी ढंगबाट सम्पादन गर्न कामको प्रकृतिअनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्दछ ।

आयोजना तथा कार्यक्रम व्यवस्थापन

१५. **आयोजना व्यवस्थापन**-प्रदेशले निश्चित सूचक र मापदण्डको आधारमा आयोजनाको प्राथमिकीकरण तथा छनोट गर्नुपर्दछ । दिगो विकास लक्ष्य, आवधिक योजना, मध्यमकालीन खर्च संरचना तथा बजेट

बीच सम्बन्ध हुनेगरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ । आयोजना बैङ्क तयार गरी सो भन्दा बाहिरका आयोजना बजेटमा समावेश नगर्ने व्यवस्था गरिनुपर्दछ ।

१६. **परामर्श सेवा तथा प्रतिवेदन कार्यान्वयन**-संगठनको जनशक्तिबाट गर्न सकिने कार्य बाह्य परामर्शदाताबाट गराउने प्रवृत्तिमा सुधार हुनुपर्दछ । सम्भाव्यता अध्ययन तथा विस्तृत आयोजना प्रतिवेदनको अभिलेख राखी वार्षिक कार्यक्रम र बजेटसँग आबद्ध गर्नुपर्दछ ।

खरिद व्यवस्थापन

१७. **नर्म्स** - निर्माण कार्य एवम् परामर्श सेवाको लागत अनुमान तयार गर्न प्रयोग हुने नर्म्सलाई प्रविधिमा भएको परिवर्तनअनुसार अद्यावधिक गर्नुपर्दछ । साथै स्वीकृत नर्म्सको पालना गरी खर्च गर्नुपर्दछ।

१८. **खरिद सम्झौता कार्यान्वयन** - खरिद कार्यको प्रारम्भिक चरणमा गरिसक्नुपर्ने जग्गा प्राप्ति, वातावरणीय प्रभाव अध्ययन, अन्तरनिकाय समन्वयलगायतका कार्यहरू सम्पन्न भएपछि मात्र खरिद गर्नुपर्दछ। सम्झौताअनुसारको काम समयमै सम्पन्न गर्न कार्यतालिका बनाई कार्यान्वयन गर्ने, समयमा कार्य सम्पन्न नगरेकोमा क्षतिपूर्ति लिने व्यवस्था कडाइका साथ कार्यान्वयन गर्ने, सार्वजनिक खरिद कानुनको पालना गर्ने, खरिद कार्यमा संलग्न पदाधिकारीले जिम्मेवारी र जवाफदेहिता पालना गर्न अनुगमनलाई प्रभावकारी बनाउनेलगायतका कार्य गरी खरिद कार्य व्यवस्थित गर्नुपर्दछ ।

१९. **प्रतिस्पर्धा** - सार्वजनिक खरिदमा प्रतिस्पर्धा सीमित हुने गरी कामलाई टुक्रा पारी सोझै खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ । खरिदलाई प्रतिस्पर्धायुक्त बनाउन विद्युतीय बोलपत्र सूचना प्रणाली अवलम्बन गर्नुपर्दछ।

२०. **उपभोक्ता समिति परिचालन** - सार्वजनिक खरिद नियमावलीमा उल्लिखित सीमाभन्दा बढीको काम टुक्रापारी उपभोक्ता समितिलाई दिने, उपभोक्ता समितिले निर्माण व्यवसायीबाट काम गराउने र बोलपत्र प्रतिस्पर्धा गर्नुपर्ने कार्यसमेत उपभोक्ता समितिबाट गरे, गराएको देखिँदा यस्तो परिपाटी नियन्त्रण गरिनुपर्दछ ।

२१. **गुणस्तर परीक्षण** - सार्वजनिक निर्माण कार्य दिगो र प्रतिफलमुखी बनाउन डिजाइन, स्पेसिफिकेशन र गुणस्तर आश्वस्तता योजनाअनुसार निर्माणमा प्रयोग हुने सामग्री र सम्पन्न निर्माण कार्यको गुणस्तर परीक्षण गर्ने व्यवस्था अनिवार्य गर्नुपर्दछ । सम्पन्न आयोजनाको प्रभावसमेत मूल्याङ्कन गर्नुपर्दछ ।

भौतिक पूर्वाधार विकास

२२. **पूर्वाधार विकास**-प्रदेश मातहतका सबै जिल्लामा सडक, सिँचाइ, खानेपानी, पर्यटन, दूरसञ्चार, विद्युत, विद्यालय, स्वास्थ्यलगायतका पूर्वाधारको विकास हुनेगरी स्रोत व्यवस्थापन गर्नुपर्दछ । त्यसैगरी प्रदेश राजधानी रहने स्थानमा भवनसहितका पूर्वाधार संरचनाको विकास गर्नुपर्दछ ।

२३. **जोखिम न्यूनीकरण** - विपद् व्यवस्थापन अन्तर्गत जोखिमको आँकलन, पूर्व तयारीको व्यवस्था, राहत तथा पुनर्स्थापना एवम् पुनर्निर्माण र समन्यायीकरणको अवस्था निर्माण गर्न आवश्यक योजना र तयारीको कार्य गर्नुपर्दछ । सोका लागि आवश्यक पर्ने स्रोतसाधनको व्यवस्थापनमा ध्यान दिनुपर्दछ।

सार्वजनिक स्रोत र सम्पत्ति संरक्षण

